सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ साउन २०८२, आइतबार (27 July 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १०५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निर्मला पन्तको बलात्कारपछि हत्याको सात वर्ष

५ गृहमन्त्री, ६ आइजिपी र ६ छानबिन समिति

सबैले दिए वचन, कसैले दिएन न्याय

- भीमदत्त नगरपालिका- २, उल्टाखामकी निर्मला पन्तको ११ साउन ०७५ मा उखुबारीमा शव फेला परेको थियो
- गृहमन्त्री, आइजिपी, प्रदेश र जिल्ला प्रहरी प्रमुख फेरिएको-फेरियै गर्दा पनि जघन्य अपराधको रहस्य खोल्न राज्य असफल
- ६ वटा समिति पनि बने, तर निर्मलाको हत्या किन, कसले, कसरी गऱ्यो भन्ने प्रश्न ज्युँका त्युँ



■ भीमदत्तकै बासिन्दा अहिलेका गृहमन्त्री लेखकले सात वर्षअघि नै भनेका थिए- **निर्मलाको हत्याराले संरक्षण पाइरहेको छ**

तर, आफू गृहमन्त्री भएको वर्ष दिनसम्म देखाएनन् हत्यारा



निर्मला पन्तको हत्याको घटना आलै रहेका वेला २१ असोज ०७५ मै पूर्वमन्त्री एवं कांग्रेस नेताको हैसियतमा रमेश लेखकले भनेका थिए, 'निर्मला पन्तको हत्याराले संरक्षण पाइरहेको छ।' रिपोर्टर्स क्लबमा सुदूरपश्चिम प्रशंसा संरक्षण समूहले आयोजना गरेको एक कार्यक्रममा उनले यस्तो दाबी गरेका थिए। निर्मलाको हत्यापछि भएको सडक आन्दोलनमा समेत उनी सहभागी थिए। तर, उनै लेखक गृहमन्त्री बनेको एक वर्ष भइसक्दा उक्त हत्याराबारे मौन छन्। सात वर्ष पुरानो घटनाको अनुसन्धानमा कुनै प्रगति भएको छैन।

■ **निर्मलाकी आमा दुर्गादेवी पन्तको विवशता**

अब त न्यायको आसै मरिसक्यो



छोरी निर्मलाको बलात्कारपछि हत्या भएको आज सात वर्ष पूरा भइसक्यो। सरकारले हत्यारा पत्ता लगाउन सकेको छैन। उतिवेला घरमा अधिकारकर्मी, नेता, प्रहरी र पत्रकार लस्करका-लस्कर आउँथे। आजभोलि कोही आउँदैनन्, सोध्दा पनि सोध्दैनन्। मैले त न्याय पाउने आसै मारिसकेको छु। अहिले यो ठाँउबाट रमेश लेखक गृहमन्त्री पनि भएका छन्। विगतमा न्यायका लागि संघर्षमा साथ र वचन दिएका थिए। तर, सिंहदरबार गएको एक वर्षसम्म पनि केही गरेनन्। सत्ताबाहिर हुँदा न्यायका कुरा गर्थे। उनले चाहे निर्मलाका हत्यारा पत्ता लाग्छ। हामीलाई त पीडा थपिएको-थपियै छ। साउन लागेपछि निर्मलाको यादले झन् पीडा थपिन्छ। साउन महिना कहिले जालाजस्तो हुन्छ।

कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको सात वर्ष पुगेको छ। तर, दोषी अझै कानुनी कठघराबाहिरै छन्। पछिल्लो सात वर्षमा पाँच गृहमन्त्री फेरिए भने ६ जना प्रहरी महानिरीक्षक बदलिए। तर, न्यायको पर्खाइमा उभिएको निर्मलाको परिवार आस मार्दै छ।

भीमदत्त नगरपालिका- २, उल्टाखामकी निर्मलाको ११ साउन ०७५ मा उखुबारीमा शव फेला परेको थियो। त्यसको अघिल्लो दिन उनी साथी रोशनी बमको घरमा होमवर्क गर्न भन्दै हिँडेकी थिइन्। हत्याको ८४ महिनासम्म रहस्य खुलेको छैन। यसबिचमा कञ्चनपुरमा १० एसपी परिवर्तन भए।

उतिवेला केन्द्रीय अनुसन्धान ब्युरोबाट आएका तत्कालीन डिएसपी अंगुर जिसी र कञ्चनपुरका तत्कालीन प्रहरी प्रमुख एसपी दिल्लीराज विष्ट नेतृत्वको अनुसन्धानमा निर्मलाको हत्याकाण्डमा

» पृष्ठ ७ मा क्रमशः

समितिमाथि समिति, तर शून्य प्रगति

१. सहसचिव हरिप्रसाद मैनालीको नेतृत्वमा उच्चस्तरीय छानबिन समिति। २. डिआइजी दुर्गा सिंहको संयोजकत्वमा छानबिन समिति। ३. एसएसपी उत्तमराज सुवेदीको संयोजकत्वम छानबिन समिति। ४. एआइजी धीरु बस्न्यातको संयोजकत्वमा छानबिन समिति। ५. डिएनएविज्ञ जीवन रिजालको संयोजकत्वमा समिति। ६. डिआइजी सुरज केसीको संयोजकत्वमा छानबिन समिति गठन।

■ **प्रहरीको पुरानै भाका**

अनुसन्धान जारी छ

कञ्चनपुरका प्रहरी प्रमुख खडकबहादुर खत्रीले निर्मला हत्याकाण्डको अनुसन्धान निरन्तर भइरहेको बताए। एसपी खत्रीले हालसम्म ६५६ जनाभन्दा धेरैमाथि अनुसन्धान भएको बताए। '५९ जनासँग कागज गराएर अनुसन्धान गरेका छौं,' उनले भने, 'केहीमाथि अहिले अनुसन्धान जारी छ।' १६४ जनाको डिएनए परीक्षण गरेरै अनुसन्धान गरिएको थियो। 'अहिले पनि सिआइबी र जिल्ला प्रहरीको टोलीले निरन्तर अनुसन्धान अघि बढाएकै छ,' उनले भने, 'तार्किक निष्कर्षमा नपुगुन्जेलसम्म अनुसन्धान जारी रहन्छ।'



एसपी खत्री

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ राज्यकोषमा मन्त्रीका स्वकीयको 'रजगज'

प्रधानमन्त्री र मन्त्रीका 'स्वकीय'को तलबमै मासिक ६३ लाख खर्च

प्रधानमन्त्री र मन्त्रीका दुई सय स्वकीय, नियमविनै नियुक्ति, सवारी सुविधाका लागि विभिन्न निकायका गाडी दुरुपयोग

पवन तिमिल्सिना/नयाँ पत्रिका

आर्थिक मितव्ययिता कायम गर्ने सरकारको नीति छ। तर, थिति ठिक उल्टो छ। राज्यकोषमा प्रधानमन्त्री र मन्त्रीले मात्रै दुरुपयोग गरेका छैनन्, तिनका सचिवालयको रजगज पनि उस्तै छ। निश्चित मापदण्ड र औपचारिक प्रक्रियाविना आफन्त, पार्टीका कार्यकर्ता र विश्वासपात्रलाई सचिवालय (स्वकीय र निजी)मा राखेर राज्यकोषको दोहन चलिरहेको छ।

कानुनतः मन्त्रीहरूलाई स्वकीय सचिवालयमा निजामती सेवाअन्तर्गत नियुक्त भएका कर्मचारीको सुविधा दिने व्यवस्था छ। मन्त्रीको निजी तथा राजनीतिक भेटघाटलाई सहजीकरण गर्ने उद्देश्यले मन्त्रीनिवासमै सीमित रहने गरी मन्त्रिपरिषद्बाट दरबन्दी स्वीकृत गराई स्वकीय सचिवालयको पनि व्यवस्था गरिएको छ। तर, कैयौं मन्त्रीले तोकिएभन्दा बढी कर्मचारी राखेका छन्। उनीहरूले मन्त्रालयमै बसेर अनधिकृत पहुँच राख्नेदेखि नियमले दिँदै नदिएको सुविधा लिएर आर्थिक दुरुपयोग गरिरहेका छन्।

हाल प्रधानमन्त्री केपी ओलीसहित मन्त्रीका स्वकीय सचिवालयमा कम्तीमा २०० कर्मचारी कार्यरत छन्। आठ मन्त्रीले तोकिएभन्दा बढी कर्मचारी राखेका छन्। २९ भदौ ०६८ मा मन्त्रिपरिषद् बैठकले स्वकीय सचिवालयमा प्रधानमन्त्रीलाई ३४, उपप्रधानमन्त्रीलाई आठ र मन्त्री तथा राज्यमन्त्रीलाई सात-सात कर्मचारी राख्ने सुविधा स्वीकृत गरेको थियो। तर, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले यस्तो कर्मचारीको दरबन्दी संख्या बढाएर ४१ पुऱ्याएको छ। उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले दरबन्दीभन्दा दुई कर्मचारी बढाएर १० जना राखेका छन् भने अर्का उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलको सचिवालयमा नौ कर्मचारी छन्।

ऊर्जामन्त्री दीपक खड्काले त दरबन्दीभन्दा चारजना

» पृष्ठ ७ मा क्रमशः

■ आठ मन्त्रीले राखे नियमले तोकेभन्दा बढी स्वकीय कर्मचारी

२९ भदौ ०६८ मा मन्त्रिपरिषद् बैठकले स्वकीय सचिवालयमा प्रधानमन्त्रीलाई ३४, उपप्रधानमन्त्रीलाई ८ र मन्त्री तथा राज्यमन्त्रीलाई ७-७ कर्मचारी राख्ने सुविधा स्वीकृत गरेको थियो।



दीपक खड्का
(ऊर्जामन्त्री)
स्वकीय : ११ जना



प्रकाशमान सिंह
(उपप्रधानमन्त्री तथा सहरी विकास)
स्वकीय : १० जना



विष्णु पौडेल
(उपप्रधानमन्त्री तथा अर्थमन्त्री)
स्वकीय : ९ जना



रमेश लेखक
(गृहमन्त्री)
स्वकीय : ९ जना



प्रदीप यादव
(खानेपानीमन्त्री)
स्वकीय : ९ जना



बद्री पाण्डे
(पर्यटनमन्त्री)
स्वकीय : ९ जना



दामोदर भण्डारी
(उद्योगमन्त्री)
स्वकीय : ८ जना



आरजु राणा
(परराष्ट्रमन्त्री)
स्वकीय : ८ जना

■ मन्त्रीका सहयोगीहरूको गाडी मोह

ऊर्जामन्त्रीका स्वकीयहरूलाई विद्युत् प्राधिकरणका १० गाडी

ऊर्जामन्त्री दीपक खड्का र उनका सचिवालयका कर्मचारीहरूले हाल नेपाल विद्युत् प्राधिकरणका १० वटा गाडी प्रयोग गरिरहेका छन्। प्राधिकरणको सामान्य सेवा विभागको तथ्यांकअनुसार मन्त्रीको सचिवालयले तीन बिवाइडी इभी, टोयोटा कार, महिन्द्रा जिप, दुई टाटा इभी, तीन टोयोटा जिप लिएका छन्। प्रायः मन्त्रीका स्वकीयहरूले गाडी, मोटरसाइकल र इन्धनको सुविधा लिँदै आएका छन्।

स्वकीयहरूले मन्त्रालयमा कार्यकक्ष लिएर बस्नै मिल्दैन



● **उमेश मैनाली**
पूर्वअध्यक्ष, लोकसेवा आयोग

वास्तवमा कानुनले निजी सचिवालयलाई मात्रै चिन्छ। स्वकीय सचिवालय भनेको मन्त्रीको निवासमा भेटघाट मिलाउन समन्वय गर्न राखिने कर्मचारी हुन्। कानुनी व्यवस्था नभए पनि मन्त्रिपरिषद्बाट दरबन्दी सिर्जना गरी स्वकीय सचिवालयमा कर्मचारी राख्ने गरिएको छ। स्वकीय कर्मचारीहरू त मन्त्रालयमा कार्यकक्ष बनाएर बस्नु नै सैद्धान्तिक रूपमा गलत अभ्यास हो। मन्त्रीको भेटघाट मिलाउनेबाहेक सरकारी कामकाजमा चासो राख्ने अधिकार पनि उनीहरूलाई हुँदैन। तोकिएको भन्दा बढी तलब, सेवा-सुविधा दिनु पनि हुँदैन। यहाँ त स्वकीय कर्मचारीहरूले मन्त्रालयका निर्णय प्रक्रिया, अनुगमनदेखि कर्मचारी सरुवा-बढुवामा समेत हस्तक्षेप गर्दै आइरहेका छन्। यो गलत हो।

■ ज्यान ठुलो कि एक मिनेट ?



शब्द/तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

पैदल यात्रुलाई बाटो वारपार गर्न अकासे पुल छ। सचेतनाका लागि पुलको दुवैतर्फ ठुल्ठुला अक्षरमा लेखिएको पनि छ- अकासे पुलको प्रयोग गरौं। तर, यात्रु अकासे पुल छाडेर गाडीलाई छल्दै ज्यानकै बाजी थापेर सडकबाटै बाटो काट्दै छन्। जबकि अकासे पुलबाट बाटो काट्न बढीमा एक मिनेट लाग्ला। यो तस्बिर चक्रपथको बालकुमारी खण्डमा रहेको अकासे पुलमुनिको हो।

पश्चिम चितवनका अधिकांश क्षेत्रमा आज ६ घण्टा विद्युत् कटौती

पूर्वाधार अभावले निम्त्यायो लोडसेडिङ, वर्षा नभएसम्म लम्बिने अवस्था

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पश्चिम चितवनका अधिकांश क्षेत्रमा आइतबार ६ घण्टा विद्युत् कटौती हुने भएको छ। विद्युत् प्राधिकरण चनौली वितरण केन्द्रले शनिबार तालिकासहितकै सूचना आफ्नो फेसबुक पेजमार्फत जारी गरेको हो।

सूचनाअनुसार नारायणीदेखि माडीसम्मको फिडरमा बिहान ६ देखि ९ बजेसम्म र दिउँसो ३ देखि साँझ ६ बजेसम्म, मेघौली-विजयनगर-शुक्रनगर फिडरमा बिहान ९ देखि दिउँसो १२ बजेसम्म र बेलुका ६ देखि राति ९ बजेसम्म तथा जगतपुर-रामपुर फिडरअन्तर्गतका

» पृष्ठ ७ मा क्रमशः

■ चनौली वितरण केन्द्रका इन्जिनियर दिनेश कुसवाह भन्छन्-

तत्काल पानी पऱ्यो भने कटौती गर्नुपर्दैन

विद्युत्को माग बढेअनुसार आपूर्ति गर्न वितरण लाइनको क्षमताले नपुगेपछि स्थानीयले अघोषित रूपमा कटौती गर्नुभन्दा तालिका नै दिन आग्रह गर्नुभएको थियो। त्यसैअनुसार नै तालिका सार्वजनिक गरेका हौं। पूर्वाधारको क्षमताले पुगेको अवस्थामा सकेसम्म विद्युत् आपूर्ति हुन्छ, तत्काल पानी पऱ्यो भने कटौती गर्नुपर्दैन।

थाइल्यान्ड-कम्बोडिया सीमा लडाइँ

नेपालीबारे सोधखोज गर्न परराष्ट्रको निर्देशन

नयाँ पत्रिका

दक्षिण-पूर्वी एसियाली मुलुक थाइल्यान्ड र कम्बोडियाका सुरक्षाकर्मीबिच बुधबारदेखि सीमाक्षेत्रमा भएको झडप साम्य भएको छैन। दुवैतर्फ कम्तीमा ३३ जनाको मृत्यु भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

थाइल्यान्डका सीमावर्ती आठ जिल्लामा सैनिक कानुन लागू भएको छ। उक्त क्षेत्रमा रहेका नेपालीबारे सोधपुछ गर्न परराष्ट्र मन्त्रालयले बैंककस्थित नेपाली दूतावासलाई निर्देशन दिएको छ। 'अहिलेसम्म झडप भएको सीमावर्ती क्षेत्रमा नेपाली भएको जानकारी आएको छैन। परराष्ट्र मन्त्रालयले नेपाली राजदूतावासलाई वस्तुस्थिति नजिकबाट नियाल्न र नेपालीको सोधखोज गर्न भनेको छ,' परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नयाँ पत्रिकासँग भने, 'अहिलेसम्म नेपालीहरू रहेको, उहाँहरूलाई कुनै अप्ठ्यारो भएको जानकारी छैन।'

» पृष्ठ ७ मा क्रमशः

एकपछि अर्को भ्रष्टाचार काण्डमा नागरिक उन्मुक्तिका नेताहरू

भ्रष्टाचार काण्डमा सुदूरपश्चिम सरकारबाट दुई मन्त्री बर्खास्त भएको घटना सेलाउन नपाउँदै पार्टी अध्यक्ष श्रेष्ठ जोडिइन् घुस प्रकरणमा

धनगढीमा **तेजराज भट्ट**

स्थापनाको एक वर्ष नपुग्दै ०७९ को तीनै तहका निर्वाचनमा पश्चिम तराईमा सफलता हात पारेको नागरिक उन्मुक्ति पार्टी नेताहरूको एकपछि अर्को भ्रष्टाचार काण्डले घेरिएको छ। कास्की लिचीघारीको जग्गा हिनामिनाका लागि भएको घुस डिलमा अध्यक्ष रञ्जिता श्रेष्ठ नै मुछिएकी छिन्। भ्रष्टाचार काण्डमै जोडिएपछि सुदूरपश्चिम सरकारबाट नाउपाका दुई मन्त्री लक्ष्मणकिशोर चौधरी र रामेश्वर चौधरीले पद नै गुमाइसकेका छन्।

गत १९ असारमा रामेश्वर चौधरी उद्योगमन्त्रीबाट बर्खास्तीमा पर्नुअघिसम्म नागरिक उन्मुक्ति पार्टी सुदूरपश्चिम प्रदेश

» पृष्ठ ७ मा क्रमशः

■ **रेशम-रञ्जिता अन्तर्संघर्षले पार्टी छिन्नभिन्न**

कसको के काण्ड ?



रञ्जिता श्रेष्ठ, अध्यक्ष



लक्ष्मणकिशोर चौधरी



रामेश्वर चौधरी

लिचीघारी घुस प्रकरणमा अध्यक्ष रञ्जिता अख्तियारको अनुसन्धानमा

पोखरा लिचीघारीको जग्गा हिनामिनाका लागि घुस डिल भएको प्रकरणमा नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठ अख्तियारको अनुसन्धानमा छिन्। घुस डिलको अडियोमा उनको संलग्नता जोडिएपछि अख्तियारले छानबिनमा तानेको हो। बुधबार मात्रै अख्तियारले उनको भ्वाइस टेस्ट र बयान लिएको छ। श्रेष्ठ भूमि व्यवस्थामन्त्री भएकै वेला बिचौलियालाई जग्गा हडप्न सघाएको र मन्त्रीबाट हटनुपरेपछि पनि जग्गा हडप्न बिचौलियाको रूपमा काम गरेको आरोप छ। यही काण्डमा घुस लिएको अडियो सार्वजनिक भएपछि तत्कालीन संघीय मामिलामन्त्री राजकुमार गुप्ताले पदबाट राजीनामा दिइसकेका छन्।

घुस बार्गेनिङ अडियो सार्वजनिक भएपछि लक्ष्मणकिशोरको राजीनामा

घुस अडियो सार्वजनिक भएपछि नाउपाबाट सुदूरपश्चिम सरकारमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रहेका लक्ष्मणकिशोर चौधरीले गत १७ चैतमा राजीनामा दिनुपऱ्यो। उनले दिगो वन व्यवस्थापनसम्बन्धी कार्यविधि पास गर्न काठ व्यवसायीसँग आर्थिक मोलमोलाइ गरेका थिए। नागरिक उन्मुक्तिका 'सिनियर' नेता उनी पार्टी गठन हुँदाको २१ सदस्यीय कार्यसमितिका सदस्य हुन्।

अख्तियारको अनुसन्धानमा तानिएपछि रामेश्वरको बर्खास्ती

गत १९ असारमा नाउपा सुदूरपश्चिमका अर्का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रामेश्वर चौधरी भ्रष्टाचार काण्डमै बर्खास्तीमा परे। उनको भ्रष्टाचार मुद्दा भने यसअघि कृषिमन्त्री छँदाको हो। कृषिमन्त्री रहेका वेला किसानलाई ५० प्रतिशत अनुदानमा पावर टिलर ट्र्याक्टर दिने भन्दै सचिवालयमार्फत पैसा उठाएर आर्थिक अपचलन गरेको आरोप थियो। उक्त काण्डमा अख्तियारले छानबिन गर्दै गर्दा प्रदेश सकारको गठबन्धन फेरिएपछि नाउपा पनि सरकारबाट बाहिरिएको थियो। पछि नयाँ गठबन्धनमा नाउपा फेरि सरकारमा प्रवेश गरेपछि उनी उद्योगमन्त्री बनेका थिए। तर, अख्तियारले छानबिनमा रहेको व्यक्तिलाई किन मन्त्री नियुक्त गरेको भनेर पत्र पठाएपछि उनलाई मुख्यमन्त्रीले बर्खास्त गरेका हुन्।

मिडिया काउन्सिल सरकारकै मातहत राख्ने कसरत

हस्तक्षेप हुने गरी व्यवस्था गरिएको भन्दै प्रेस काउन्सिल र पत्रकार महासंघको आपत्ति

(विस्तृत पृष्ठ ३)

भनै रहस्यमय बनेका राष्ट्रपति सी



तेस्रो पाँचवर्षे कार्यकाल समाप्त भएपछि पनि चीनका राष्ट्रपति सी जिनपिङले पद छोड्ने कुनै छनक देखिँदैन

(विस्तृत पृष्ठ ५)

तेस्रो देशबाट ल्याएर भारत निकासी हुने खानेतेलले उचाल्यो निर्यात

मूल्य अभिवृद्धि बढी हुने १५ वस्तुको निर्यात ६२% सम्मले घट्यो

(विस्तृत पृष्ठ ६)

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: आर.वि. ह्याण्डिक्राफ्ट एण्ड आर्टस,** प्रोप्राइटर तथा जमानीकर्ता: रवि शाक्य दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, ललितपुरमा प्रा.फ.द.प्र.प.नं. १६१९२/१३२/०७३/०७४, दर्ता मिति: २०७३/०५/०५, ठेगाना: जिल्ला ललितपुर, ल.पु.उ.म.न.पा. वडा नं. ९
	२) ऋणी: रवि शाक्य ठेगाना: ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १६, बाबु: पंच राज शाक्य, बाजे: सप्त राज शाक्य
	धितोको विवरण
	१) सप्त राज शाक्यको नाति, पंच राज शाक्यको छोरा ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १६ बस्ने रवि शाक्यको नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं.९ख (हाल ललितपुर म.न.पा. वडा नं. १०) स्थित किता नं. ९८७, ९४१ र २९४ को क्षेत्रफल क्रमश: ०-१-२-०, ०-४-०-० र ०-२-०-३ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) आर.वि. ह्याण्डिक्राफ्ट एण्ड आर्टसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२)	**ऋणी कम्पनी: जल विनायक विजनेस लिंक प्रा.लि.,** संचालक तथा जमानीकर्ता: वेद बहादुर मगर दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं: ११७३०३/०७०/०७१, दर्ता मिति २०७०/०८/०७, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३५
	धितोको विवरण
	१) नर बहादुर सिंदालीको नाती, डम्बर बहादुर सिंदालीको छोरा, रामेछाप जिल्ला, गोठगाउँ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने वेद बहादुर मगरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं. ५ क (हाल गोदावरी न.पा. वडा नं. ११) स्थित किता नं. ६२० को क्षेत्रफल ३१७.९० (ब.मि) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जल विनायक विजनेस लिंक प्रा. लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**१) ऋणी फर्म: पियूष माछा पालन तथा पशु चौपाय औरही केन्द्र,** प्रोप्राईटर तथा जमानीकर्ता: प्रमोद कापर दर्ता नं.: घरेलु तथा साना कार्यालय जलेश्वर महोत्तरीमा प्रा.फ.नं ६२६२/०६७/०७५/०७६, दर्ता मिति: २०७५/१२/२७, ठेगाना: जिल्ला महोत्तरी, औरही न.पा. वडा नं. २
	२) ऋणी: प्रमोद कापर स्थायी ठेगाना: महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. २, हालको ठेगाना: महोत्तरी जिल्ला औरही न.पा. वडा नं. २ बाबु: मुनी कापर, बाजे: सोनेलाल कापर
	धितोको विवरण
	१) जमुना बाबु कापरकी छोरी, मुनी कापरकी बुहारी, प्रमोद कापरकी पत्नी, महोत्तरी जिल्ला सोनामाई गा.वि.स. वडा नं. २,बस्ने रिता देवी कापरको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ६क (हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा.वडा नं. ६) स्थित किता नं. २११, ५५९, ५५२, १९७ र १८६ को क्षेत्रफल क्रमश: १५९१.६१, ११६८.२६, १४५६.१०, ३५४७.१४ र २०३१.८४(व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) पियूष माछा पालन तथा पशु चौपाय औरही केन्द्रको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	३) कर्जाको किसिम: व्यक्तिगत कर्जा **ऋणी: विनोद कापर** स्थायी ठेगाना: महोत्तरी जिल्ला सोनामाई गा.वि.स. वडा नं. २, हालको ठेगाना: महोत्तरी जिल्ला औरही न.पा. वडा नं. २, बाबु: मुनी कापर, बाजे: सोनेलाल कापर
	जमानीकर्ता: सावित्री कुमारी देवी, स्थायी ठेगाना: महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ७, हालको ठेगाना: महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ७, बाबु: रामचन्द्र कापर, ससुरा: मुनी कापर, पति: विनोद कापर
४)	**१) ऋणी कम्पनी: तारा मोटर्स प्रा.लि.,** संचालक तथा जमानीकर्ता: विजय श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौं, त्रिपुरेश्वरमा दर्ता नं. १९७८०३/०७५/०७६, दर्ता मिति: २०७५/०५/१९, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. ४
	२) ऋणी: विजय श्रेष्ठ स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर गा.वि.स./न.पा. वडा नं. १, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १०, बाबु: विष्णु बहादुर श्रेष्ठ, बाजे: लाल बहादुर श्रेष्ठ
	धितोको विवरण
	१) खड्ग बहादुर श्रेष्ठकी छोरी, लाल बहादुर श्रेष्ठकी बुहारी, विष्णु बहादुर श्रेष्ठकी पत्नि, चितवन जिल्ला, हाजिपुर गा.पं. वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १० बस्ने तारा देवी श्रेष्ठको नाममा मालपोत कार्यालय हेटौंडा मकवानपुरको लागतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १० (हाल हेटौंडा उ.म.न.पा.वडा नं. १०) स्थित किता नं. ५४३ को क्षेत्रफल ०-१-१३$^{1/2}$ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) तारा मोटर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	३) ऋणी फर्म: कसमस् इन्टरनेशनल, प्रोप्राईटर तथा जमानीकर्ता: तारा देवी श्रेष्ठ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, हेटौंडामा प्रा.फ.र.नं. ५००६/५३९/०६९/०७०, दर्ता मिति: २०७०/०१/३१, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. १०
	धितोको विवरण
	कसमस् इन्टरनेशनलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **४) ऋणी: भुवन श्रेष्ठ** स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर गा.पं. वडा नं. १, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १०, बाबु: विष्णु बहादुर श्रेष्ठ, बाजे: लाल बहादुर श्रेष्ठ
	जमानीकर्ताहरुको विवरण
	जमानीकर्ताहरु: १) **बुद्ध लक्ष्मी श्रेष्ठ,** स्थायी ठेगाना: मकवानपुर जिल्ला, मार्खु गा.वि.स. वडा नं. ४, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १०, बाबु: केशर लाल श्रेष्ठ, ससुरा: विष्णु बहादुर श्रेष्ठ, पति: भुवन श्रेष्ठ, २) **तारा देवी श्रेष्ठ,** स्थायी ठेगाना: नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स. वडा नं. २, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १०, बाबु: दुर्गा प्रसाद श्रेष्ठ, ससुरा: विष्णु बहादुर श्रेष्ठ, पति: विजय श्रेष्ठ, ३) **विष्णु बहादुर श्रेष्ठ,** स्थायी ठेगाना: चितवन जिल्ला, हाजिपुर गा.वि.स. वडा नं. ५, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १०, बाबु: लाल बहादुर श्रेष्ठ, बाजे: मान बहादुर श्रेष्ठ, ४) **विजय श्रेष्ठ,** स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १०, बाबु: विष्णु बहादुर श्रेष्ठ, बाजे: लाल बहादुर श्रेष्ठ
५)	**१) ऋणी फर्म: श्री स्टोर्स एण्ड मार्ट,** प्रोप्राईटर तथा जमानतकर्ता: विभा चौधरी दर्ता नं.: उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, उद्योग तथा वाणिज्य कार्यालय, हेटौंडा, मकवानपुर, नेपालमा प्रा.फ.र.नं.: ४०१०/३१६०/०८०/०८१, दर्ता मिति: २०८१/०२/१७, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. ८
	२) ऋणी: जितेन्द्र कुमार चौधरी स्थायी ठेगाना: रौतहट जिल्ला, पोठियाही गा.पं. वडा नं. ५, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ८, बाबु: नथुनी प्रसाद चौधरी, बाजे: लङ्गड शाहा
	धितोको विवरण
	१) श्याम नारायण चौधरीकी छोरी, नथुनी प्रसाद चौधरीकी बुहारी, जितेन्द्र कुमार चौधरीकी पत्नि, रौतहट जिल्ला, पोठियाही गा.वि.स. वडा नं. ५ बस्ने विभा चौधरीको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेका मकवानपुर जिल्ला, मकवानपुर न.पा. वडा नं. ८ (हाल मकवानपुर उ.म.न.पा. वडा नं. ८) स्थित किता नं. ७२०५, ७२०६, ७२०७ र ७२०८ को क्षेत्रफल क्रमश: ०-०-१.५-०, ०-०-८.५-०, ०-०-३-० र ०-०-१७-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) श्री स्टोर्स एण्ड मार्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**१) ऋणी फर्म: अषिम इलोक्ट्रोनिक्स सर्भिस सेन्टर,** प्रोप्राईटर तथा जमानीकर्ता: अमृत लाल कुमाल दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय तनहुँमा, प्रा.फ.नं.घ.तथा सा.उ.वि.स. ३९९०/०७०/०७१, दर्ता मिति: २०७१/०२/२१, ठेगाना: जिल्ला तनहुँ, जामुने गा.वि.स वडा नं. ४
	२) ऋणी: अमृत लाल कुमाल स्थायी ठेगाना: तनहुँ जिल्ला, व्यास गा.वि.स. वडा नं. ८, हालको ठेगाना: तनहुँ जिल्ला, म्यागदे गा.पा. वडा नं. २, बाबु: पञ्च लाल कुमाल, बाजे: लक्ष्मण कुमाल
	धितोको विवरण
	१) लक्ष्मणको नाति, पञ्च लालको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ८, बस्ने अमृत लाल कुमालको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, जामुने गा.वि.स वडा नं. ३ ग, स्थित किता नं. १०१ क्षेत्रफल ०-१०-०-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) अषिम इलोक्ट्रोनिक्स सर्भिस सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
७)	**१) ऋणी फर्म: इशा मार्केट,** प्रोप्राईटर तथा जमानीकर्ता: उषा खरेल लामिछाने दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपुरमा प्रा.फ.द.नं. ५५२/०७६/०७७, दर्ता मिति: २०७६/११/०७, ठेगाना: जिल्ला नवलपरासी, देवचुली न.पा. वडा नं. १७
	२) ऋणी: ईश्वर लामिछाने स्थायी ठेगाना: नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ३, हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बाबु: नारायण दत्त लामिछाने, बाजे: लिलाधर लामिछाने
	धितोको विवरण
	१) जगन्नाथको नाती, लिलाधरको छोरा, नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने नारायण दत्त लामीछानेको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १/ख स्थित किता नं. ४४, १८३ र २०४ को क्षेत्रफल क्रमश: ०-५-०-०, ०-४-१०-० र ०-३-१४$^{3/8}$-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) इशा मार्केटको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
८)	**१) ऋणी फर्म: लिला रेष्टुरेन्ट,** प्रोप्राईटर तथा जमानतकर्ता: लिला बहादुर सोमै दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.नं. ८५/७१६९/०७३, दर्ता मिति: २०७३/०५/१५, ठेगाना: जिल्ला नवलपरासी, हुप्सेकोट गा.पा. वडा नं. ९
	२) ऋणी: लिला बहादुर सोमै स्थायी ठेगाना: नवलपरासी जिल्ला, देउराली गा.वि.स. वडा नं. १, हालको ठेगाना: नवलपरासी जिल्ला, हुप्सेकोट गा.पा. वडा नं. ९, बाबु: हिरालाल सोमै, बाजे: नन्दविर सोमै
	धितोको विवरण
	१) धन सिं मसराङ्गीकी छोरी, नन्दविरकी बुहारी, हिरालाल सोमैकी पत्नी, नवलपरासी जिल्ला, देउराली गा.वि.स. वडा नं. १ बस्ने नन कुमारी सोमैको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लागतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हुप्सेकोट गा.पा. वडा नं. २ स्थित किता. न. १३७६ को क्षेत्रफल ३-३-१-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) दल बहादुर थापाकी छोरी, हिरालालकी बुहारी, लिला बहादुर सोमैकी पत्नी, नवलपरासी जिल्ला, देउराली गा.वि.स. वडा नं. ४ बस्ने विष्णु माया सोमैको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लागतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हुप्सेकोट गा.पा. वडा नं. ९ स्थित किता. न. २७९६ को क्षेत्रफल ०-२-०-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । ३) लिला रेष्टुरेन्ट को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
९)	**१) ऋणी फर्म: न्यू तमू फ्रेस हाउस,** प्रोप्राईटर तथा जमानीकर्ता: लोक बहादुर गुरुङ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय,गण्डकी प्रदेश, स्याङ्जामा प्रा.फ.नं. ३८/०७४/०७५, दर्ता मिति: २०७४/०९/१७, ठेगाना: जिल्ला स्याङ्जा, वालिङ न.पा. वडा नं. १०
	२) ऋणी: लोक बहादुर गुरुङ स्थायी ठेगाना: स्याङ्जा जिल्ला, माझकोट शिवालय गा.वि.स. वडा नं. ६, हालको ठेगाना: स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ९, बाबु: भीम बहादुर गुरुङ्ग, बाजे: कृष्ण बहादुर गुरुङ
	धितोको विवरण
	१) श्रीमान गुरुङकी छोरी, भीम बहादुर गुरुङ्गकी बुहारी, लोक बहादुरकी पत्नि, स्याङ्जा जिल्ला, माझकोट शिवालय गा.वि.स. वडा नं. ६ बस्ने टवीमाया गुरुङको नाममा मालपोत कार्यालय वालिङ्ग, स्याङ्जाको लगतमा दर्ता कायम रहेको स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. २ स्थित कित्ता नं. ४५७७ र ३६४५ को क्षेत्रफल क्रमश: ०-३-०-० र ०-३-०-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । २) न्यू तमू फ्रेस हाउसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम: महिला उद्यमशिल कर्जा **३) ऋणी: टवी माया गुरुङ** स्थायी ठेगाना: स्याङ्जा जिल्ला, माझकोट शिवालय गा.वि.स. वडा नं. ६, हालको ठेगाना: स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ९, बाबु: श्रीमान गुरुङ, ससुरा: भीम बहादुर गुरुङ्ग, पति: लोक बहादुर गुरुङ
	जमानीकर्ताहरु: १) लोक बहादुर गुरुङ, स्थायी ठेगाना: स्याङ्जा जिल्ला, माझकोट शिवालय गा.वि.स. वडा नं. ६, हालको ठेगाना: स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ९, बाबु: भिम बहादुर गुरुङ्ग, बाजे: कृष्ण बहादुर गुरुङ, **२) भीम बहादुर गुरुङ्ग,** स्थायी ठेगाना: स्याङ्जा जिल्ला, माझकोट गा.प. वडा नं. ६, हालको ठेगाना: स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ९, बाबु: कीस्न बहादुर, बाजे: मोतीलाल गुरुङ
१०)	**१) ऋणी फर्म: कञ्चन वेद कर्नर एण्ड हाम्रो सस्तो पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: सोम वहादुर दमाई दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.र.नं. ४८२५/०७४/०७५, दर्ता मिति: २०७५/०१/१०, ठेगाना: जिल्ला तनहुँ, शुक्लागण्डकी न.पा. वडा नं. ५
	२) ऋणी: सोम बहादुर दमाई स्थायी ठेगाना: तनहुँ जिल्ला, दुलेगौंडा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: आइते दमाई, बाजे: मछिन्द्रे दमाई
	धितोको विवरण
	१) चिन बहादुर सुचिकारकी छोरी, आइत बहादुरकी बुहारी, सोम वहादुरकी पत्नि, तनहुँ जिल्ला, दुलेगौंडा गा.वि.स. वडा नं. ८ बस्ने कमला परियारको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, उदेनढुङ्गा गा.वि.स. वडा नं. ४ झ स्थित किता नं. ७१ को क्षेत्रफल ०-३-२-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) कञ्चन वेद कर्नर एण्ड हाम्रो सस्तो पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) ऋणी: कमला परियार** स्थायी ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ४, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: चिन बहादुर सुचिकार, ससुरा: आइते दमाई, पति: सोम वहादुर दमाई
	जमानीकर्ताहरु: १) सोम बहादुर दमाई, स्थायी ठेगाना: तनहुँ जिल्ला, दुलेगौंडा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्ला गण्डकी न.पा. वडा नं. ५, बाबु: आइते दमाई, बाजे: मछिन्द्रे दमाई, **२) कञ्चन परियार,** ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: सोम वहादुर दमाई, बाजे: आइते दमाई
११)	**१) ऋणी फर्म: तनहुँ म्यागदे ढुवानी सेवा,** प्रोप्राईटर तथा जमानीकर्ता: मिन बहादुर चदरो दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.नं.घ.उ.बि. ७८१३/०७५/०७६, दर्ता मिति: २०७६/०३/१५, ठेगाना: जिल्ला तनहुँ, म्यागदे गा.पा. वडा नं. ३
	२) ऋणी फर्म: दुर्गा फर्निचर उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता: मिन बहादुर चदरो दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.नं.घ.उ.बि. १६८४/०७५/०७६, दर्ता मिति: २०६३/०२/३१, ठेगाना: जिल्ला तनहुँ, व्यास न.पा. वडा नं. १
	धितोको विवरण
	१) राम कृष्ण विश्वकर्माकी छोरी, फत्त चदारोकी बुहारी, मिन वहादुर चदारोकी पत्नी, तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ४ बस्ने दुर्गा चदारोको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, कर्लुङ गा.वि.स. वडा नं. ६/६ङ स्थित किता नं. २०१० को क्षेत्रफल ०-२-०-० (रोपनी), को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) विस्नेकी बुहारी, फत्त चदारोकी पत्नी, तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ७ बस्ने मनमाया चदारोको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, जामुने गा.वि.स. वार्ड नं. ४/४ख स्थित किता नं. ८३८ को क्षेत्रफल ०-१४-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) तनहुँ म्यागदे ढुवानी सेवा र दुर्गा फर्निचर उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१२)	**१) ऋणी फर्म: महेन्द्र कपडा पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: भिम बहादुर शाही दर्ता नं.: उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बिरेन्द्रनगर, सुर्खेतमा प्रा.फ.र.नं.२८६/०६४/०६५, दर्ता मिति: २०६४/०५/०५, ठेगाना: जिल्ला सुर्खेत, बिरेन्द्रनगर न.पा. वडा नं. ६
	२) ऋणी: भिमकोशा शाही स्थायी ठेगाना: कालिकोट जिल्ला, चिल्खाया गा.वि.स. वडा नं. ०९, हालको ठेगाना: सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा वडा नं. ०४ बाबु: मान बहादुर सिंह, ससुरा: रनदलशाही, पति: भिम बहादुर शाही
	धितोको विवरण
	१) मान बहादुर सिंहकी छोरी, रनदल शाहीकी बुहारी, भिम बहादुर शाहीकी पत्नी, कालिकोट जिल्ला, चिल्खाया गा.वि.स. वडा नं. ९ बस्ने भिम कोशा शाहीको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको, सुर्खेत जिल्ला,गोठीकाँडा गा.वि.स वडा नं. २क स्थित किता नं. ३१५६ को क्षेत्रफल १९८.०२ (ब.मि)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत २) महेन्द्र कपडा पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
१३)	**१) ऋणी फर्म: प्रिन्स किराना पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: पुष्पा आले मगर दर्ता नं.: धरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. २५०/४०१२/०६८, दर्ता मिति: २०६९/०५/२१, ठेगाना: जिल्ला नवलपरासी, दुम्कीबास न.पा. वडा नं. ५
	२) ऋणी: पुष्पा आले मगर स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. ५, हालको ठेगाना: नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. २, बाबु: पुर्ण वहादुर काइचा, ससुरा: झलक वहादुर आले मगर, पति: मोहन आले मगर
	धितोको विवरण
	१) पुर्ण वहादुर काइचाकी छोरी, झलक वहादुर आले मगरकी बुहारी, मोहनकी पत्नी, रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. २ बस्ने पुष्पा आले मगरको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स. वडा नं. ५ स्थित किता नं. ८९५ को क्षेत्रफल २६२.४२ (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) प्रिन्स किराना पसल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	३) कर्जाको किसिम व्यक्तिगत कर्जा **ऋणी: मोहन आले मगर** स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. ५, हालको ठेगाना: नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. २, बाबु: झलक वहादुर आले मगर, बाजे: खडक बहादुर आले
	जमानीकर्ता: पुष्पा आले मगर, स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. ५, हालको ठेगाना: नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. २, बाबु: पुर्ण वहादुर काइचा, ससुरा: झलक वहादुर आले मगर, पति: मोहन आले मगर
१४)	**१) ऋणी फर्म: जटाशंकर राइस मिल,** प्रोप्राईटर तथा जमानीकर्ता: जगदीश सहनी मलाह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.नं.घ.उ.वि. ४६४६/५५/०७०/७१, मिति २०७०/०५/२५, ठेगाना: जिल्ला बारा, भोडाहा गा.वि.स. वडा. नं. ५ (हाल कलैया उ.म.न.पा. वडा. नं. २१)
	२) ऋणी: जगदीश सहनी मलाह स्थायी ठेगाना : बारा जिल्ला, भोडाहा गा.वि.स. वडा.नं. ५, हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा.नं. २१ बाबु : बालदेव सहनी मलाह, बाजे : महाविर सहनि
	धितोको विवरण
	१) महाविर सहनिको नाती, बालदेव सहनीको छोरा, बारा जिल्ला, भोडाहा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २१ बस्ने जगदीश सहनी मलाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, हरैया गा.वि.स. वडा नं ५ (हाल करैया गा.पा. वडा नं. १) स्थित किता नं. २२६ को क्षेत्रफल ०-१७-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) बालदेव सहनी मलाहको नाती, लक्ष्मी सहनीको छोरा, बारा जिल्ला, भोडाहा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २१ बस्ने रामपुकार सहनीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, सिहोर्वा गा.वि.स. वडा नं ५ (हाल कोल्हवी न.पा. वडा नं. ८) स्थित किता नं. २९७ को क्षेत्रफल ०-२-५-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) जटाशंकर राइस मिलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम: बिना धितो कर्जा **३) ऋणी: रामपुकार सहनी** स्थायी ठेगाना : बारा जिल्ला, भोडाहा गा.वि.स. वडा. नं. ५, हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा. नं. २१ बाबु: लक्ष्मी सहनी, बाजे: बालदेव सहनी मलाह
	जमानीकर्ताहरु: १) जगदीश सहनी मलाह, स्थायी ठेगाना : बारा जिल्ला, भोडाहा गा.वि.स. वडा.नं. ५, हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा.नं. २१, बाबु : बालदेव सहनी मलाह, बाजे : महाविर सहनि, **२) लक्ष्मी सहनी,** स्थायी ठेगाना : बारा जिल्ला, भोडाहा गा.वि.स. वडा. नं. ५, हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा. नं. २१, बाबु : बालदेव सहनी, बाजे : महाविर सहनि, **३) खुशबु कुमारी सहनी,** ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा. नं. २१, बाबु : देवदत सहनी, पति : रामपुकार सहनी, ससुरा : लक्ष्मी सहनी **४) सीता देवी मलाहीन,** स्थायी ठेगाना : बारा जिल्ला, भोडाहा गा.वि.स. वडा. नं. ५, हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा. नं. २१, बाबु : बीरा सहनी मलाह, पति : लक्ष्मी सहनी मलाह, ससुरा : बालदेव सहनी मलाह **५) कलाबती देबी सहनी,** स्थायी ठेगाना : बारा जिल्ला, भोडाहा गा.वि.स. वडा. नं. ५, हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा. नं. २१, बाबु : भिखारी सहनी, पति : जगदीश सहनी मलाह, ससुरा : बालदेव सहनी मलाह

मिडिया काउन्सिल सरकारकै मातहत राख्ने कसरत

संसद्मातहत रहने गरी गरिएको सुझाव काटेर सञ्चार मन्त्रालयले सचिवको सिफारिसमा सरकारले अध्यक्ष नियुक्त गर्ने प्रावधान राख्यो, हस्तक्षेप हुने गरी व्यवस्था गरिएको भन्दै प्रेस काउन्सिल र पत्रकार महासंघको आपत्ति

नयाँ पत्रिका

सञ्चारमाध्यमको नियमन गर्ने स्वतन्त्र निकाय मिडिया काउन्सिल आफूमातहत रहने गरी सरकारले विधेयक अघि बढाएको छ। काउन्सिल अध्यक्षको नियुक्ति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको सिफारिसमा सरकारले गर्ने प्रावधान विधेयकमा समेटिएको छ। जबकि काउन्सिल अध्यक्षको योग्यता सर्वोच्च अदालतका न्यायाधीशसरहको हुने भनिएको छ। सञ्चार मन्त्रालयले राखेको सोही प्रावधान राष्ट्रिय सभाबाट पारित भएको छ।

विधेयक अहिले प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन छ। समितिका सभापति अम्मरबहादुर थापाले काउन्सिल अध्यक्षको नियुक्ति मन्त्रालयका सचिवले गरेको सिफारिसका आधारमा हुने गरी राष्ट्रिय सभाबाट पास भएको विधेयक समितिमा आएको बताए। 'काउन्सिलका अध्यक्षको नियुक्ति गर्न सञ्चार सचिवको संयोजकत्वमा सिफारिस समिति बन्ने, सोही समितिले गरेको सिफारिसका आधारमा सरकारले नियुक्त गर्ने खालको विधेयक राष्ट्रिय सभाबाट पास भएको रहेछ। विधेयक समितिमा आइपुगेको छ,' उनले भने।

सञ्चार मन्त्रालयले गत १२ वैशाखमा 'मिडिया काउन्सिल विधेयक, ०८०' राष्ट्रिय सभामा दर्ता गरेको थियो। विधेयकमा काउन्सिलको अध्यक्ष नेपाल सरकारले नियुक्त गर्ने भनिएको छ। नियुक्ति हुनुअघि मन्त्रालयको सचिवको नेतृत्वमा सिफारिस समिति गठन हुने र सोही सिफारिसका आधारमा मन्त्रिपरिषद् बैठकले अध्यक्ष नियुक्त गर्ने विधेयकको दफा ६ को उपदफा २ मा उल्लेख छ। 'उपदफा (१) बमोजिम काउन्सिलको अध्यक्ष र खण्ड (घ) र (ङ) बमोजिमका सदस्य नियुक्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल सरकारले तोकेको विज्ञ सदस्य एकजना र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव रहने गरी तीन सदस्यीय सिफारिस समिति रहनेछ,' दफामा भनिएको छ।

अध्यक्षका लागि आवश्यक योग्यता भने सर्वोच्च अदालतको न्यायाधीश वा पत्रकारिता क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव हासिल गरेको व्यक्ति भनिएको छ। विधेयकको दफा ७ को घ मा भनिएको छ, 'अध्यक्षको हकमा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको वा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र पत्रकारिताको क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएको हुनुपर्नेछ।'

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ तथा सूचना प्रविधि समितिमा छलफलका लागि दर्ता भएको सोही विधेयक हो। समिति सभापति थापाले काउन्सिल अध्यक्ष प्रतिनिधिसभाका सभामुख वा लोकसेवा आयोगका प्रमुख आयुक्तको सिफारिसमा सरकारले नियुक्त गर्ने गरी सुझाव आएको बताए। 'विधेयकमा दफाबार छलफल हुँदै छ। भोलि पनि यही विषयमा छलफल राखिएको छ। काउन्सिलको अध्यक्ष सभामुखको सिफारिसमा सरकारले नियुक्त गर्ने खालका सुझाव आएका छन्,' उनले भने।

मिडिया काउन्सिल विधेयक तयार गर्नुअघि मन्त्रालयले नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तथा सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेश आचार्यको संयोजकत्वमा मस्यौदा समिति गठन गरेको थियो। समितिले काउन्सिल संसद्मातहत रहने सुझाव थिएको थियो। त्यसो हुँदा काउन्सिल अध्यक्षको नियुक्ति राष्ट्रिय सभाका अध्यक्षले गर्ने मस्यौदामा प्रस्ताव गरिएको थियो। तर, सञ्चार मन्त्रालयले त्यसलाई हटाएर मन्त्रालयका सचिवको संयोजकत्वमा गठन भएको सिफारिस समितिले गरेको सिफारिसका आधारमा सरकारले काउन्सिल अध्यक्ष नियुक्त गर्ने प्रावधानमा विधेयकमा राखेको थियो।

'मिडिया काउन्सिल मुलुकभरका सबै सञ्चारमाध्यमलाई नियमन गर्ने निकाय हो। यो स्वतन्त्र रहनुपर्छ। सोही सिद्धान्तमा टेकेर हामीले काउन्सिल संसद्मातहत रहनुपर्ने सुझाव दिएका थियौँ। र, काउन्सिल अध्यक्षको नियुक्ति राष्ट्रिय सभाका अध्यक्षले गर्ने भनिएको थियो। तर, त्यो प्रावधान मन्त्रालयले हटायो। अहिले मन्त्रालयका सचिवको सिफारिसमा सरकारले काउन्सिल अध्यक्ष नियुक्त गर्ने प्रावधान राखिएको छ। यो बिल्कुल गलत छ,' सूचना आयोगका प्रमुख आयुक्त आचार्यले भने। उनले काउन्सिल अध्यक्षको योग्यता सर्वोच्चको न्यायाधीशसरहको हुने भएकाले उसको नियुक्ति मन्त्रालयका सचिवको सिफारिसमा हुने प्रावधान युक्तिसंगत नहुने बताए।

नेपाल पत्रकार महासंघले पनि काउन्सिल संसद्मातहत नै रहनुपर्ने सुझाव दिएको थियो। तर, मन्त्रालयले काउन्सिललाई सरकारको सचिवमातहत राख्ने गरी विधेयक अघि बढाएपछि महासंघले पटक-पटक ध्यानाकर्षण गराएको थियो। 'मिडिया काउन्सिल स्वतन्त्र रहनुपर्छ। त्यसो हुँदा यो सरकार नभई संसद्मातहत रहने गरी हामीले सुझाव दिएका थियौँ। तर, सरकारले त्यसलाई मानेन। हामीले आन्दोलन गर्‍यौँ। अहिले काउन्सिललाई सरकारकै मातहत राख्ने राख्ने गरी विधेयक अघि बढेको छ। यसमा महासंघको आपत्ति छ,' महासंघका महासचिव रामप्रसाद दाहालले भने।



अम्मरबहादुर थापा, सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

काउन्सिलका अध्यक्षको नियुक्ति गर्न सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति बन्ने, सोही समितिले गरेको सिफारिसका आधारमा सरकारले नियुक्त गर्ने खालको विधेयक राष्ट्रिय सभाबाट पास भएको रहेछ। विधेयक समितिमा आइपुगेको छ। यस विषयमा पहिलो चरणको छलफल भइसकेका छन्। विभिन्न सुझाव आएका छन्।



डा. सुरेश आचार्य, प्रमुख आयुक्त, राष्ट्रिय सूचना आयोग

मिडिया काउन्सिल मुलुकभरका सबै सञ्चारमाध्यमलाई नियमन गर्ने निकाय हो। यो स्वतन्त्र रहनुपर्छ। सोही सिद्धान्तमा टेकेर हामीले काउन्सिल संसद्मातहत रहनुपर्ने सुझाव दिएका थियौँ। र, काउन्सिल अध्यक्षको नियुक्ति राष्ट्रिय सभाका अध्यक्षले गर्ने भनिएको थियो। तर, त्यो प्रावधान मन्त्रालयले हटायो। अहिले मन्त्रालयका सचिवको सिफारिसमा सरकारले काउन्सिल अध्यक्ष नियुक्त गर्ने प्रावधान राखिएको छ। यो बिलकुल गलत छ।



रामप्रसाद दाहाल, महासचिव, नेपाल पत्रकार महासंघ

मिडिया काउन्सिल स्वतन्त्र रहनुपर्छ। त्यसो हुँदा यो सरकार नभई संसद्मातहत रहने गरी हामीले सुझाव दिएका थियौँ। तर, सरकारले त्यसलाई मानेन। हामीले आन्दोलन गर्‍यौँ। केही अवधि विधेयक स्थगित भयो। अहिले काउन्सिललाई सरकारकै मातहत राख्ने राख्ने गरी विधेयक अघि बढेको छ। यसमा महासंघको आपत्ति छ। यो हामी मान्दैनौँ।

सञ्चार क्षेत्रको विरोध

मिडिया काउन्सिल विधेयक हालको व्यवस्थाभन्दा पनि झनै सरकार नियन्त्रित हुने गरी ल्याउन खोजिएको भन्दै सञ्चार क्षेत्रसँग आबद्ध सरोकारवालाले विरोध जनाएका छन्। प्रेस काउन्सिल नेपालले शनिबार गरेको छलफलमा पत्रकारहरूले मिडिया काउन्सिल सरकार नियन्त्रित हुने गरी ल्याउन खोजिएकोमा आपत्ति जनाएका हुन्।

'छलफलमा रहेको मिडिया काउन्सिल विधेयक हालको व्यवस्थाभन्दा पनि झनै सरकारनियन्त्रित हुने गरी ल्याउन खोजिएको छ। यस विषयमा काउन्सिलले तत्काल संसदीय समितिसँग छलफल चलाउनुपर्छ,' काउन्सिलले जारी गरेको विज्ञप्तिमा भनिएको छ। छलफलमा नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्मा, पूर्वसभापति किशोर नेपाल, डा. सुरेश आचार्य, विष्णु निष्ठुरी, शिव गाउँले, विपुल पोखेल, न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्का, विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, प्रेस सेन्टर नेपालका अध्यक्ष कमल गिरी, प्रेस चौतारी नेपालका महासचिव हीरामान लामालगायत सहभागी थिए।

एक वर्षमा डडेल्धुरामा ३५ जनाले गरे आत्महत्या

डडेल्धुरा/ एक वर्षमा डडेल्धुरामा ३५ जनाले आत्महत्या गरेका छन्। जिल्ला प्रहरी कार्यालय डडेल्धुराका अनुसार आत्महत्या गर्नेहरूमा १८ पुरुष र १७ महिला छन्। जिल्ला प्रहरी कार्यालय डडेल्धुराका प्रमुख सुगन्ध श्रेष्ठले आत्महत्याका घटना रोकथाम गर्न प्रहरीले निरन्तर सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत गाउँगाउँसम्म अभियान सञ्चालन गरिरहेको बताए।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत शुक्रबार महेन्द्र माध्यमिक विद्यालयमा अध्ययनरत बालबालिका र अभिभावकसँगको अन्तर्क्रिया कार्यक्रममा उनले आत्महत्याका घटनामध्ये चारजनामा आत्महत्या दुरुत्साहनको मुद्दा चलिरहेको बताए। सो अवसरमा उनले पछिल्लो समय नेपालमा बढ्दै गएको लागुऔषध, आत्महत्या तथा साइबर अपराधसम्बन्धी भिडियो सामग्री प्रस्तुत गरेका थिए। डडेल्धुरा अस्पताल डडेलधुराका निमित्त नर्सिङ प्रमुख टीका राउतले बालबालिकाका अगाडि अभिभावकले गर्ने व्यवहार र त्यसको प्रभावका विषयमा जानकारी दिए।




सुगन्ध श्रेष्ठ, प्रमुख, जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा

आत्महत्याका घटना रोकथाम गर्न प्रहरीले निरन्तर सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत गाउँगाउँसम्म अभियान सञ्चालन गरिरहेको छ।

महेन्द्र माध्यमिक विद्यालय डडेल्धुराका प्रधानाध्यापक सुरेन्द्र ऐरले असल संस्कारसहितको गुणस्तरीय शिक्षा प्रमुख लक्ष्य रहेको बताए। 'बालबालिकाहरूका लागि पढ्ने उपयुक्त वातावरण सिर्जना गर्ने अभिभावकको दायित्व हो। बालबालिकाहरूलाई अनुशासित बनाउन अभिभावक पनि अनुशासित मर्यादित र आदर्श व्यक्ति बन्न जरुरी छ। सामाजिक परिवेशमा मेरो बच्चा कस्तो अवस्थामा छ, कुनै लागुऔषधको कुलतमा फसेको छैन भन्ने विषयमा पनि चनाखो बन्नुपर्छ,' उनले भने। डडेल्धुराका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले एसइई परीक्षाको नतिजा चिन्ताको विषय भएको बताए।

सल्यान र जाजरकोटलाई जोड्ने झोलुंगे पुल पुनर्निर्माण तीन वर्षदेखि अलपत्र



सल्यानमा **दीपक शर्मा**

सल्यान र जाजरकोटलाई जोड्ने झोलुंगे पुल पुनर्निर्माण तीन वर्षदेखि अलपत्र छ। भेरी नदीमा अवस्थित झोलुंगे पुल भासिएको यतिका समय बितिसक्दा पनि मर्मत तथा पुनर्निर्माणको काम नहुँदा जनताले आवागमनमा समस्या खेप्दै आएका छन्।

बनगाड कुपिन्डे नगरपालिका- २ बाँमे, बाउनडाँडा, पारिल्ला, चैते, कुरिल्लेलगायत गाउँका झन्डै तीन सय परिवार प्रभावित भएका छन्। तीन वर्षअघि वर्षामा भेरी नदीको बहाव बढ्दा झोलुंगे पुलको पिलरसहित पुल भासिएको थियो। जसकारण पुलको बिच भाग भेरी नदीको सतहमै झुन्डिएको छ। विकल्पको अभावमा जोखिम मोलेर स्थानीय अहिले पनि भासिएको पुल प्रयोग गर्न बाध्य छन्।

स्थानीयवासीका अनुसार पुल भएर प्रमुख बजार सल्लीबजार तथा छेउको जारजकोटको छेडाबजार जानुपर्ने बाध्यता छ। भासिएको पुल जोखिमपूर्ण भएकाले मानिसलाई मात्र होइन, चौपाया हिँडाउनसमेत कठिन भएको स्थानीय गोपिलाल शर्माले बताए। उनका अनुसार दैनिक उपभोग्य वस्तु तथा स्थानीयस्तरमा उत्पादन भएका कृषिजन्य सामग्री बजारसम्म पुर्‍याउन किसानहरूले सास्ती खेपिरहेका छन्। 'भासिएको पुल अहिले झनै जीर्ण भएको छ। अलिकति पानीको बहाव बढ्नासाथ नदी पार गर्नै सकिँदैन,' उनले भने, 'पुल भासिएको धेरै भयो, कसैले चासो दिएको छैन।' ०७२ पुलमा बिबिएलएल नामक संस्थाको सहयोगमा निर्माण गरिएको थियो। करिब १५७ मिटर लामो पुलले वर्षौंदेखि स्थानीय बासिन्दाको दैनिक यात्रा सहज बनाएको थियो। तर, भासिएपछि न पालिकाले न त सम्बन्धित निकायले पुनर्निर्माण वा मर्मततर्फ चासो देखाएको शर्माले बताए।

पुल भासिएको विषयमा सम्बन्धित निकायलाई बारम्बार मर्मतका लागि जानकारी गराए पनि कसैले वास्ता नगरेको वनगाड कुपिन्डे नगरपालिका- २ का वडाध्यक्ष मानबहादुर खत्रीले जानकारी दिए। उनका अनुसार पुल मर्मतका लागि वडाको बजेटले नपुग्ने, प्रदेश र संघमा कुरा राख्दा कसैले नसुनेको उनले बताए। जोखिम मोलेरै भए पनि भासिएको पुलबाट स्थानीयले वारपार गरिरहेको उनको भनाइ छ। 'पुलको अवस्था देख्दा कहिले ठुलो दुर्घटना हुन सक्छ भन्ने डर छ। मैले धेरैपटक प्रदेश सांसदहरूलाई कुरा राखेँ, तर कसैले वास्ता गर्नुभएन,' उनले भने।

श्रीमती हत्या आरोपमा स्याङ्तान पक्राउ

काठमाडौं/ ललितपुरको गोदावरी नगरपालिका- १३ झरुवारासीकी २० वर्षीया डोल्मा वाइबाको हत्यामा उनकै श्रीमान् मदनबहादुर स्याङ्तान संलग्न रहेको खुलेको छ। जिल्ला प्रहरीपरिसर ललितपुरबाट खटिएको प्रहरी टोलीले स्याङ्तानलाई शनिबार बिहान पक्राउ गरेको छ। सोधपुछपछि उनले घटना स्वीकार गरेको प्रहरीको भनाइ छ। प्रहरीका अनुसार स्याङ्तान र वाइबाबिच शनिबार बिहान विवाद भएको थियो। सोही क्रममा चक्कुले घाँटी रेटेपछि उनको मृत्यु भएको थियो। प्रहरी वृत्त चापागाउँबाट प्रहरी नायब उपरीक्षक यमकुमार श्रेष्ठका अनुसार सामान्य विषयमा विवाद हुँदा स्याङ्तानले श्रीमतीको हत्या गरेका हुन्।

सुरक्षाका लागि सडक संकेत राख्दै कामपा

काठमाडौं/ काठमाडौं महानगरपालिकाले यही साउनदेखि सडक सुरक्षाका लागि आफ्नो मातहतका सडकमा सडक संकेत राख्ने तयारी गरेको छ। यसअघि राखिएका उक्त चिह्न अहिले धेरै स्थानमा सडक संकेतहरू मेटिएका छन्, यसरी सडकमा राखिने चिह्न नहुँदा दुर्घटना र ट्राफिक व्यवस्थापनमा समेत समस्या भएकाले कामपाले सडक विभागसँगको सहकार्यमा त्यस्ता चिह्न राख्न लागेको कामपाको ट्राफिक व्यवस्थापन सल्लाहकार जगतमान श्रेष्ठले जानकारी दिए। उनका अनुसार चिह्न राख्न आवश्यक पर्ने सम्पूर्ण सामग्री ल्याइसकेको र साउन महिनादेखि काम सुरू गरिने छ। उनका अनुसार विभागसँगको सहकार्यमा मुख्य राजमार्गबाहेक सबै सडकमा कामपाले नै सडक संकेत राख्ने तयारी पूरा भएको छ।

कुलिङ पिरियडमा एमालेले 'म्याउ' गर्‍यो : प्रचण्ड

नयाँ पत्रिका

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संघीय निजामती सेवा ऐनमा गरिएको संशोधनमा एमाले 'म्याउ' गरेको बताएका छन्। काठमाडौंमा शनिबार आयोजित एक कार्यक्रममा उनले एमाले सांसदले राष्ट्रिय सभामा ल्याएको संशोधन प्रस्तावले माओवादीको शंकालाई पुष्टि गरेको बताए।

'कुलिङ पिरियडमा एमालेले अन्ततः म्याउ गर्‍यो,' प्रचण्डले भने, 'एमालेका सांसदहरूले राष्ट्रिय सभामा ल्याएको संशोधन प्रस्तावबाट माओवादीले उठाएको शंका पुष्टि भएको छ।'

प्रचण्डले सरकारका कारण शिक्षक अपमानित भएको पनि दाबी गरे। 'शिक्षकले सडकमा आउनुनपर्ने अवस्था संविधानले नै सुनिश्चित गर्‍यो। तर, त्यसअनुसार कार्यान्वयन नगर्दा आन्दोलन गर्न बाध्य भए। माओवादी सरकारमा भएको भए शिक्षक अपमानित हुन पर्दैनथ्यो,' उनले भने।

प्रचण्डले पछिल्लोपटक आफू नेतृत्वको सरकारले शिक्षकहरूसँग गरेको सहमति कार्यान्वयन गर्न वर्तमान सरकारले तत्परता नदेखाएको भन्दै आपत्ति जनाए। 'सरकार तयार नभएपछि तपाईंहरू (शिक्षक) सडकमा रहनुपर्‍यो, आन्दोलनमा हुनुभयो। सरकारको नेतृत्वबाट अपमानजनक व्यवहार भयो,' उनले भने, 'हामी सरकारमा हुँदा शिक्षकका माग समेटिएको विधेयक अगाडि बढाएका थियौँ, तर अहिले त्यसमा षड्यन्त्र गरिएको छ।'



कांग्रेस–एमालेमा वैचारिक नेतृत्वको खडेरी

प्रचण्डले कांग्रेस, एमालेमा वैचारिक नेतृत्वको खडेरी परेको दाबी गरे। 'एमालेमा वैचारिक संकट छ, जबजको उत्तराधिकारीको अन्योल छ,' प्रचण्डले भने। मदन भण्डारीसम्बन्धी एमाले अध्यक्ष केपी ओलीका अभिव्यक्तिले त्यहाँभित्रको संकट उजागर गरेको उनले बताए। कांग्रेसमा पनि बिपी र गिरिजाप्रसाद कोइरालाजस्ता नेताहरूले खेलेको हाराहारीमा पुग्ने वैचारिक, राजनीतिक र सांगठनिक नेतृत्वको खडेरी परेको देखिएको उनले दाबी गरे। माओवादी जनतासँग जोडिने अभियानमा रहेको पनि उनले बताए।

नेकपा जोगाउन सकिएन

पुष्पलाल स्मृति दिवसको अवसरमा शनिबार नै आयोजित 'निर्वासन' लोकार्पण कार्यक्रममा प्रचण्डले विचार र राजनीतिक कार्यदिशाका आधारमा कम्युनिस्ट पार्टीको एकता हुनुपर्नेमा जोड दिएका छन्। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) टिक्न नसकेको स्मरण गर्दै उनले कम्युनिस्टको साइनबोर्ड टाँगेर गैरकम्युनिस्ट गतिविधि गर्नेसँग एकता सम्भव नहुने बताए।

आफ्नै प्रस्तावमा पार्टी एकता भएर नेकपा बनेको स्मरण गर्दै प्रचण्डले आफूले एकता जोगाउन केपी ओलीलाई पाँचै वर्ष प्रधानमन्त्री खानुस् भन्दा पनि नसकिएको स्मरण गरे। 'हामीलाई जनताले विश्वास गरेर दुईतिहाइनजिक पुर्‍याइदिएका हुन्, तर टिकेन। प्रधानमन्त्री आलोपालो गर्ने कुराले पार्टी बिग्रिन्छ भन्ने देखेपछि मैले बैठकमा पाँचै वर्ष खानुस् भने ओलीजीलाई, मैले पार्टीचाहिँ अलि राम्रो बनाउने मन छ, पार्टीको जिम्मा दिनुस् भनेको थिएँ। एउटा बैठक मात्रै मैले अध्यक्ष भएर चलाएको थिएँ, ९० प्रतिशत नेताहरू खुसी हुनुहुन्थ्यो। मलाई लाग्यो अब एकता लामो जान्छ। तर, अर्को हप्ता त प्रचण्डले पार्टी सिध्याउने भयो भनेर पशुपतिको होटेलमा बसेर मविरुद्ध हमला गर्न साँठगाँठ भयो,' उनले भने। एकीकृत समाजवादीका अध्यक्ष झलनाथ खनालले भावनाले मात्रै कम्युनिस्टहरू एक हुन नसक्ने बताए। सही विचार नभई एकताबद्ध गर्न नसकिने उनले औँल्याए। खनालले राष्ट्रिय हितविपरीत सरकारले भारतसँग तीनवटा सन्धि सम्झौता गर्न लागेको भन्दै ध्यानाकर्षणसमेत गराए। सुपुर्दगी सन्धि, कोशी उच्च बाँध र नागरिकता विधेयकबारे उनले ध्यानाकर्षण गराएका हुन्। भारत र चीनसँग सन्तुलन मिलाएर सुपुर्दगी सन्धि गर्न नसके त्यसले नेपालको राष्ट्रियतामाथि अर्को हमला हुने भन्दै खनालले सबै देशभक्त नागरिक सचेत हुन जरुरी रहेको औँल्याए।

१५)	**१) ऋणी फर्म: डण्डिबियो रेष्टो एण्ड बार**, प्रोप्राईटर तथा जमानीकर्ता: रुपेश पौडेल दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग कार्यालय कास्कीमा प्रा.फ.नं.घ.उ.वि. १४५१९/०७५/०७६, दर्ता मिति: २०७५/०६/१४, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. ५
	२) ऋणी फर्म: ग्लोवल डेण्टल केयर, प्रोप्राईटर तथा जमानीकर्ता: दिपक राज पौडेल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय कास्की, पोखरामा प्रा.फ.नं.घ.उ.वि.: ९३०३/०७०/०७१, दर्ता मिति: २०७०/०५/२१, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. १
	३) ऋणी: रुपक पौडेल स्थायी ठेगाना: कास्की जिल्ला, अन्नपूर्ण गा.पा. वडा नं. ४, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १, बाबु: केदार नाथ पौडेल, बाजे: किर्तिनाथ पाध्या भन्ने काशीराम क्षेत्री
	धितोको विवरण
	१) किर्तिनाथको नाति, केदारनाथको छोरा, कास्की जिल्ला, सल्यान गा.वि.स. वडा नं. ३, स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १ बस्ने रुपक पौडेलको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ९०९ र ४०८ को क्षेत्रफल क्रमशः १५-१२-२-० र १-१४-१-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) डण्डिबियो रेष्टो एण्ड बार तथा ग्लोवल डेण्टल केयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१६)	**ऋणी फर्म: अमन किराना पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: उषा देवी दर्ता नं.:घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १२३५५/१०२५, दर्ता मिति: २०७८/०७/११, ठेगाना: जिल्ला रौतहट, गरुडा न.पा. वडा नं. १
	धितोको विवरण
	१) सिता राम राउत कुर्मिको नाति, ठगु राउतको छोरा, रौतहट जिल्ला, पिपरिया दो. गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ७ बस्ने गजेन्द्र प्रसाद पटेलको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, हथियाही गा.वि.स. वडा नं. ६ ख (हाल कटहरिया न.पा. वडा नं. २) स्थित कित्ता नं. ४५३, २१४ र ४५१ को क्षेत्रफल क्रमशः ०-२-१२, ०-०-८ र ०-३-३ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) अमन किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१७)	**१) ऋणी: रुप नारायण गुरौ** स्थायी ठेगाना: नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ३, बाबु: प्रेम लाल गुरौ, बाजे: लक्ष्मण
	धितोको विवरण
	लक्ष्मणको नाति, प्रेम लाल गुरौको छोरा, नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ३ बस्ने रुप नारायण गुरौको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ७५९ र १०३१ को क्षेत्रफल क्रमशः ०-१-१४-० र ०-०-१२-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) पार्वती गुरौ** स्थायी ठेगाना: नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ३, बाबु: आसाराम चौधरी, ससुरा: प्रेमलाल गुरौ, पति: रुप नारायण गुरौ
	जमानीकर्ता: १) रुप नारायण गुरौ, स्थायी ठेगाना: नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ३, बाबु: प्रेम लाल गुरौ, बाजे: लक्ष्मण, २) भीमला गुरौ, स्थायी ठेगाना: नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ३, बाबु: वावुराम महतो, ससुरा: लक्ष्मण, पति: प्रेमलाल गुरौ
१८)	**१) ऋणी फर्म: सिटी ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: सुमिन्त्रा कुमारी चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ५१७२/२०७२/७३, दर्ता मिति २०७३/०१/२८, ठेगाना: जिल्ला सिरहा, लहान गा.वि.स. वडा नं. ८क (हाल लहान न.पा. वडा नं. ३)
	धितोको विवरण
	१) महेन्द्र प्रसाद चौधरीकी छोरी, शिव नारायण चौधरीकी बुहारी, जिवछ कुमार चौधरीकी पत्नी, सप्तरी जिल्ला, पंसेरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३ बस्ने सुमिन्त्रा कुमारी चौधरीको नाममा मालपोत कार्यालय, लहान, सिरहाको लगतमा दर्ता कायम रहेको, सिरहा जिल्ला, लहान बजार गा.वि.स. वडा नं. ८क (हाल लहान न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१७१ र २१७४ को क्षेत्रफल क्रमशः ०–०–६³/⁴ र ०–०–३¹/⁴(विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । २) सिटी ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: जिवछ कुमार चौधरी** स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: शिव नारायण चौधरी, बाजे: सिन्ती चौधरी कलवार
	जमानीकर्ताहरु: १) शिव नारायण चौ. कल्वार, स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.पं. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: सिन्ती चौधरी कलवार, बाजे: मोति लाल चौधरी, **२) तारा देवी चौधरी**, स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.पं. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: दरवारी चौधरी, ससुरा: सिन्ती चौधरी कलवार, पति: शिव नारायण चौधरी, **३) सुमिन्त्रा कुमारी चौधरी,** स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: महेन्द्र प्रसाद चौधरी, ससुरा: शिव नारायण चौधरी, पति: जिवछ कुमार चौधरी

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

आफैँ विवादित बन्ने सर्वोच्चको फैसला

दलप्रतिको निराशाले कुनै दिन अर्को आन्दोलन भएमा जनतालाई न्यायपालिका पनि कम छैन भन्ने मौका नदिन न्यायपालिका स्वयं गम्भीर हुनुपर्छ



● बलराम केसी

अग्रलेख

सर्वोच्च अदालत ५२ जना संवैधानिक पदाधिकारीको नियुक्तिको फैसलामा विवादित बन्यो। सर्वोच्च अदालतले संविधानको व्याख्या गर्छ। २७५ र ५९ संसद्ले बनाएको ऐनलाई समेत अमान्य घोषित गर्न सक्छ। संवैधानिक र कानुनी प्रश्न निरोपणका लागि 'उपयुक्त आदेश' र 'उचित उपचार' प्रदान गर्ने 'असाधारण अधिकार' सम्पन्न छ। यस्तो अधिकारलाई 'न्यायिक पुनरावलोकन' भनिन्छ। सरकार स्वेच्छाचारी भयो, संविधान मिच्यो, भएको अधिकारभन्दा बढी प्रयोग गर्‍यो र बदनियत राखेर कुनै कार्य गर्‍यो भने यही अधिकारले 'कडा' अर्थात् 'हार्ड हिटिङ जजमेन्ट' र 'स्ट्रिक्चर' जारी गरेर निर्णय बदर गर्ने असाधारण अधिकार सम्पन्न छ। यो अधिकार धारा १३३ (१) र (२) बाट प्राप्त हुन्छ। यो अधिकारको सीमा 'आकाश' मात्र हुन्छ।

तत्कालीन ओली सरकारले जसरी संविधानवाद, संविधान, कनुनी शासन, प्रजातन्त्र र स्वतन्त्र न्यायपालिकालाई 'च्यालेन्ज' गरेर दुईपटक संसद् विघटन गर्‍यो। ५२ जनाको नियुक्ति पनि त्यस्तै 'च्यालेन्ज' थियो। तर, ५२ जनाको हकमा रिट खारेज भयो। सन् १८०३ को अमेरिकी सर्वोच्च अदालतको 'मार्वरीविरुद्ध मेडिसन'को मुद्दामा अमेरिकी सर्वोच्च अदालतले 'संविधान भनेको न्यायाधीशले जे भन्छ, त्यही हो' भन्ने व्याख्या गर्‍यो। ५२ जनाको नियुक्तिमा पनि बहुमतको राय नै संविधान हो। फैसला मान्नुपर्छ 'स्क्यान्डलाइज' गर्न हुँदैन। फैसलामा विचार र धारणा व्यक्त गर्न, लेख्न, सेमिनार गर्न भने सकिन्छ। फैसलाले अध्यादेश जारी गर्न नरोक्ने भयो। संसदीय सुनुवाइ छल्न नरोक्ने भयो। संवैधानिक परिषद् र अन्य बहुसदस्यीय परिषद्मा सदस्य घटाएर निर्णय गर्न नरोक्ने भयो।

बोलाइएको परिषद्को बैठकमा विपक्षी दलका नेता र सभामुख उपस्थित भएनन्। पुनः सूचना र एजेन्डा पठाउनुपर्थ्यो। डाक्दा नआउने ? भन्ने घमण्ड चढ्यो। तुरुन्तै अध्यादेश जारी गरियो। तीन सदस्य मात्र भए पनि पुग्ने व्यवस्था गरेर भागबन्डामा नाम सिफारिस गरियो। संसद् विघटन गरियो। नभएको संसद्ले सुनुवाइ गरिदिएन भनेर असंवैधानिक कानुन देखाएर नियुक्ति दिइयो। ०७७ माघ २१ र ०७८ असार १० का दुवैको प्रक्रिया एउटै थियो। प्रधानमन्त्रीको व्यवहार घरायसी मामलामा पनि देखाउन नहुने स्वेच्छाचारी, अप्रजातान्त्रिक, अपरिपक्व, गम्भीर, आपत्तिजनक, असंवैधानिक र गलत थियो। राणाशासनमा जस्तो घमन्ड गणतन्त्र नेपालमै देखियो।

व्याख्या गर्नुपर्ने विषय अध्यादेश जारी गर्नुपर्ने पूर्वावस्था धारा ११४(१) मा परेको 'तत्काल केही गर्न आवश्यक परेको' पाँच शब्दको थियो। 'अधिवेशन चलिरहेको अवस्थामा बाहेक' को चार शब्दको व्याख्या आवश्यक थिएन। अध्यादेश जारीको मुख्य 'सर्त र आधार तत्काल केही गर्न आवश्यक परेको' अवस्थाको विद्यमानता हो। अधिवेशन चल्दा विधेयक पेस नगरी अधिवेशन अन्त्य गरेर अध्यादेश जारी गरियो। अध्यादेश जारी गरेर भोलिपल्टै संसद् बोलाइयो। तर, 'तत्काल केही गर्न आवश्यक' व्याख्या गर्नुपर्ने मूल कुरो भए पनि त्यसको व्याख्या भएन।

संविधान मान्ने 'राजनेता'ले अधिवेशन अन्त्य गरेर अध्यादेश जारी गर्दैन। अध्यादेश जारी गर्नु 'संविधानवाद, कानुनी शासन, संविधान, प्रजातन्त्र र स्वतन्त्र न्यायपालिका'माथिको चुनौती थियो। इजलासले भविष्यका लागि मार्गदर्शन गर्छ भन्ने अपेक्षा समाजको थियो र गर्नु पनि पर्थ्यो।

संसदीय सुनुवाइ 'शक्ति पृथकीकरण' र 'शक्ति सन्तुलन र नियन्त्रण'को मेरुदण्ड हो। अमेरिकी संविधानको 'शक्ति सन्तुलन र नियन्त्रण' देखेर धारा २९२ मा समावेश गरियो। सुनुवाइविना संवैधानिक पदमा कोही पनि नियुक्त हुनै सक्दैन। धारा २९२ को उपधारा (१) मा 'सुनुवाइ हुनेछ' भनिएको छ, 'सक्नेछ' भनिएको छैन। 'हुनेछ' भनेको 'बाध्यात्मक' हो। 'स्वेच्छिक वा स्वविवेकीय' होइन, तर ऐन बनाएर ४५ दिने म्याद राखेर ४५ दिनभित्र सुनवाइ नभए स्वतः नियुक्ति हुने चोरबाटो बनाएर सुनुवाइ छल्ने काम गरियो। संविधानको 'फाउन्डिङ फादर्स'ले धारा २९२ मा प्रतिबन्धात्मक वाक्यांश राखेर ४५ दिनभित्र सुनुवाइ नगरेमा स्वतः नियुक्ति हुनेछ भन्ने लेखेनन्। संविधानमा नराखेको '४५ दिने' व्यवस्था ऐनमा राख्नु संविधानको गम्भीर उल्लंघन हो। धारा १३३(१) र (२) को अधिकारले सुनुवाइ छल्ने ४५ दिने व्यवस्था अमान्य गर्न सक्थ्यो। त्यसो नगरिनुले अब भविष्यमा सुनुवाइ छल्न थप प्रोत्साहन हुने भयो।

धारा २८४(१) अनुसार ६ सदस्य भएर मात्र परिषद् गठन हुन सक्छ। उपधारा (१) संशोधन नगरी 'विधायिकी' पावरले ६ सदस्य घटाएर संवैधानिक परिषद् गठन गर्न सक्दैन। तर, अध्यादेशका आधारमा घटाएर तीन सदस्यले पनि परिषद् गठन हुने गरियो। संविधान उल्लंघन भइरह्यो। नेताहरू संविधान उल्लंघनलाई बहादुरी ठान्छन्। सरकारले उपधारा ४ मा परेको 'कार्यविधि संघीय कानुनबमोजिम हुनेछ' भन्ने गलत बुझ्यो। ६ सदस्यलाई घटाएर ३ मा झार्दा संशोधन हुन्छ भन्ने बुझेन। उपधारा ४ को कार्यविधि भनेको बैठक सञ्चालन र निर्णय प्रक्रियासम्बन्धी प्रशासकीय कामका लागि हो। उपधारा ४ ले निर्णय प्रक्रियामा अल्पमत र बहुमतको निर्णय गर्न सक्छ, तर सदस्य घटाउन सक्दैन। भखरैं राष्ट्रपतिले समेत चित्त नबुझेर हस्ताक्षर गर्न पठाएको विधेयक पुनर्विचार गर्न फिर्ता पठाउनुभयो। यसमा पनि व्याख्या खोजिएको थियो।



> संवैधानिक इजलासको पछिल्लो फैसलाले अध्यादेश जारी गर्न, संसदीय सुनुवाइ छल्न र संवैधानिक परिषद् तथा अन्य बहुसदस्यीय परिषद्मा सदस्य संख्या घटाएर निर्णय गर्नबाट सरकारलाई रोक्न सक्ने देखिएन

श्रीमानूहरूले अन्यथा नलिनुहोला। लेखक संविधानवाद, कानुनी शासन, सुशासन, स्वतन्त्र न्यायपालिका र प्रजातन्त्रप्रति समर्पित नागरिक हो। इजलासमुनि र इजलासमा बस्दाको पेसामा अदालतको फैसलामा 'बोल्न हुने र लेख्न हुने' हद र सीमाबारे लेखक जानकार छ। सरकार जब छाडा हुन्छ, संविधान उल्लंघन गर्छ, उल्लंघनलाई सामान्य ठान्न थाल्छ, कानुनी शासनमाथि खेलबाड गर्छ, त्यतिवेला सर्वोच्च अदालतलाई संविधानको व्याख्या गर्ने अवसर र मौका प्राप्त हुने मात्र होइन, सरकारलाई सीमाभित्र राख्ने अवसर पनि हुन्छ। विशेष अदालतले भखरैं अदुअआलाई अदुअआ प्रमुखलाई मुद्दा नचलाएकामा कडा चेतावनी दिएर साहसिलो व्याख्या गर्‍यो। सो व्याख्याले अब अदुअआ सुध्रन्छ। यस्तो अवस्था चुनौती होइन, अवसर हो। भारत र अमेरिकाको सर्वोच्च अदालतले नाम कमाएकै संविधानको व्याख्याले हो। सरकार छाडा नहुने हो भने संविधान उल्लंघन हुँदैन र व्याख्या गर्ने मौका पनि मिल्दैन। १५ रिटमा सर्वोच्च अदालतबाट विशेष अदालतले अदुअआलाई जारी गरेजस्तो 'स्ट्रिक्चर'सहितको 'ल्यान्डमार्क' व्याख्याको अपेक्षा थियो।

५२ जना नियुक्तिको मुद्दामा रिट जारी नै हुनुपर्थ्यो भन्ने होइन। जारी वा खारेज न्यायमूर्तिको स्वविवेक हो। फैसला नजिर बन्यो। खारेज भए पनि अध्यादेश, संसदीय सुनुवाइ, कार्यकारी अधिकार र संवैधानिक परिषद्बारे व्याख्या गरेर 'जुरिसप्रुडेन्स' विकास गर्न सकिन्थ्यो। व्याख्या होला भन्ने नै समाजको अपेक्षा थियो। प्रधानमन्त्री र संविधानबिचको झगडामा संविधानलाई हराएर प्रधानमन्त्रीले जित्नुभयो, बधाई छ' यसले संविधान उल्लंघन गर्दा पनि के नै हुँदो रहेछ र भनेर अध्यादेश जारी गर्न सुनुवाइ छल्न, छाडा हुन सरकारलाई बल दिने काम भयो। भारतको सर्वोच्च अदालतले 'अल इन्डिया जजेज एसोसिएसनविरुद्ध युनियन अफ इन्डिया'को मुद्दामा तल्लो तहको अदालतका न्यायाधीशको सेवा-सर्तसम्बन्धी कानुन बनाउन सातबुँदे निर्देशन दिँदै अमेरिकी सर्वोच्च अदालतका प्रधानन्यायाधीश बर्गर तथा अर्का विद्वान् एडमन्ड बर्केको भनाइ पनि उल्लेख गरिएको छ। अमेरिकी राष्ट्रपति लिंकनलाई उल्लेख गर्दै 'यदि कसैले एकपटक विश्वास गुमायो भने पुनः आदर र विश्वास प्राप्त गर्न सकिँदैन र न्यायाधीश विद्वान् हुनुपर्छ र न्यायाधीशले आफूबाट गल्ती हुन्न भन्ने कदापि ठान्नु हुँदैन। न्यायाधीश जहिले पनि आफ्नो कमजोरी स्वीकार गरेर सिक्न तयार हुनुपर्छ' भनिएको छ। हाम्रोमा यी भनाइ लागू हुँदैनन्।

हरेक देशको सर्वोच्च अदालतलाई 'यू आर सुप्रिम बट नट इन्फालिबल' मतलब 'तिमी सर्वोच्च हौ तर तिमीबाट गल्ती नहुने होइन' भन्ने गरिन्छ। छिमेकी देशको सर्वोच्च अदालतले आदेश गल्ती भएकामा खुला इजलासबाटै सच्याएको छ। केही वर्षअगाडिको कुरा हो, भारतका पत्रकार श्री राजीव सार देसाईंविरुद्ध अवहेलना कारबाही गर्न अघिल्लो दिन 'वेबसाइट'मा चढाइयो, तर भोलिपल्टै त्यसलाई फिर्ता लिइयो। न्यायिक जगत्मा यस्ता विषय सामान्य हुन्।

५२ जनाको रिट टुंगिन झन्डै पाँच वर्ष लाग्यो। प्रायः सबैको आधाभन्दा बढी कार्यकाल बितिसकेको थियो। कतिले उमेरको हदका आधारमा अवकाश पाइसकेका थिए। सर्वोच्च अदालतलाई रिटमा 'इनफ्रक्सस' अर्थात् 'निरर्थक'का आधारमा रिट खारेज गर्ने पनि अधिकार हुन्छ। अवकाश हुन दुई वर्ष पनि बाँकी नभएकाले 'इनफ्रक्सस'का आधारमा रिट खारेज गर्न पनि सक्थ्यो। 'निरर्थक' भनेर खारेज गरिएको भए अध्यादेश सुनुवाइ छल्न पाउने-नपाउने र परिषद् सदस्य घटाउन पाउने-नपाउनेमा नजिर बन्ने थिएन। भविष्यमा संविधान उल्लंघन गर्न सरकारलाई डर रहिरहन्थ्यो कि ? अमेरिकी सर्वोच्च अदालतमा कहिलेकाहीँ न्यायाधीश पूर्ति नहुँदा आठजना मात्र हुन्छन्। मत बराबर भएमा आठजनाले नजिर बसाल्न नसकिएला भनेर तल्लो अदालतको फैसला सदर गर्छन्।

संवैधानिक इजलासको फैसलाउपर पुनरावलोकन गर्न संविधानले रोक्दैन। पुनरावलोकन भनेकै जसले फैसला गरेको हो, उसैले आफ्नो गल्ती महसुस गरेर फैसला सच्याउने व्यवस्था हो। ०६२-६३ अगाडिसम्म हामीकहाँ पनि त्यही व्यवस्था थियो। संवैधानिक इजलासको फैसलाउपर पुनरावलोकनको व्यवस्था राख्नुपर्‍यो। दोस्रो सुझाब, संविधानमा संवैधानिक इजलास पाँच सदस्यको हुने भने पनि संविधान संशोधन नगरीकनै सर्वोच्च अदालतको दरबन्दीअनुसार अमेरिकी सर्वोच्च अदालतको जस्तो एकमुस्ट २१ जना नै बसेर सुनुवाइ गर्ने व्यवस्था गर्नुपर्‍यो। तेस्रो, ३२ असारको एक अंग्रेजी दैनिकमा १० वर्षअगाडिको 'कोलम'मा सर्वोच्च अदालतले विरोध गरेर 'संवैधानिक अदालत' गठन हुन सकेन भन्ने १० वर्षअघिको समाचार प्रकाशन भयो। हामीलाई 'संवैधानिक इजलास' होइन, संवैधानिक अदालत चाहिएको हो। तसर्थ, छुट्टै अस्तित्वको संवैधानिक अदालत गठन गर्ने प्रस्ताव गरौँ। आज कार्यपालिका र व्यवस्थापिकाप्रति जनता अति निराश छन्। आस एक मात्र न्यायपालिकाको थियो र छ। तर, संवैधानिक महत्त्वका विवादमा जुन फैसला आयो, यसले अदालतप्रति पनि निराशा बढाएको छ।

अन्त्यमा, आज सरकार, संसद् र राजनीतिक दलप्रति समाज र नागरिक समाज निराश छन्। सुधार नहुने हो भने कुनै दिन अर्को आन्दोलन ननिम्त्याउला भन्न सकिँदैन। यदि आन्दोलन भएछ भने त्यतिवेला जनतालाई न्यायपालिका पनि कम छैन भन्ने मौका दिनुहुँदैन। यसमा न्यायपालिकाले गम्भीरतासाथ सोच्नुपर्छ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

पूर्वराष्ट्रपति विद्या भण्डारीको पार्टी सदस्यता विवादबारे राजनीतिक विश्लेषक **डा. लोकराज बराल**लाई



पूर्वराष्ट्रपति विद्या भण्डारीको पार्टी प्रवेशलाई लिएर एमालेभित्र देखिएको विवादलाई कसरी हेर्नुभएको छ ?

यो कुनै विवाद भइरहनुपर्ने विषय हो जस्तो मलाई चाहिँ लाग्दैन। पार्टी राजनीतिको यति ठुलो महत्त्वाकांक्षा थियो भने विद्या भण्डारीजीले हिजो पार्टीको सदस्यता त्यागेर राष्ट्रपति बन्न जानै हुन्नथ्यो। फेरि पार्टी सदस्यता परित्याग गरी राष्ट्रपति पद सम्हालेर आफ्नो कार्यकाल पूरा गरिसकेको कुनै पनि सम्मानित व्यक्ति यसरी पार्टी राजनीतिमा फर्किनु ठिक होइन। अहिले एमालेले उहाँको पार्टी सदस्यताबारे जेजस्तो निर्णय गरेको छ, मेरो विचारमा त्यो बिल्कुलै ठिक छ।

आफ्नो पार्टी सदस्यता खारेजीविरुद्ध राजनीतिक लडाइँ लड्ने भण्डारीको उद्घोषले के संकेत गर्छ ?

भण्डारीजीको पछाडि कसैको 'ब्याक सपोर्ट' नभई उहाँ यसरी अगाडि आउनुभएको पक्कै होइन। कसको, कति 'ब्याकिङ' छ, त्यसबारे समयक्रममा खुल्दै जाने नै छ। तर, अहिले एमालेले उहाँको पार्टी सदस्यता खारेज गरिसकेको अवस्थामा भने अब उहाँले बाहिरै बसेर पार्टीभित्र समूह, उपसमूह बनाउनुहोला। 'एन्टीओली' भावनाका नेता, कार्यकर्ताले उहाँलाई पछ्याउलान् पनि। तर, एमालेभित्र उहाँको त्यस्तो प्रयास प्रभावशाली होला र त्यसको कुनै राजनीतिक अर्थ होला जस्तो चाहिँ लाग्दैन।

यसले राष्ट्रिय राजनीतिमा कस्तो प्रभाव पार्न सक्छ ?

यसले राष्ट्रिय राजनीति या एमालेको आन्तरिक राजनीति कुनैमा पनि खासै प्रभाव पार्दैन। एमालेभित्र नेतृत्वसित मनमुटाव भएर पार्टी छाडेर जाने र पछि फेरि जोडिने नेताहरू धेरै देखिएका छन्। माधवजीदेखि झलनाथजी, वामदेवजी, सिपीजी, राजधाकृष्णजीलगायत धेरै नेता बाहिरिनुभयो। तर, बाहिरिनेले पनि राष्ट्रिय राजनीतिमा आफ्नो खासै प्रभावकारी उपस्थिति देखाउन सक्नुभएन र एमालेमा पनि त्यसको सारै ठुलो प्रभाव परेजस्तो देखिएन। अहिले विद्याजी जोडिएको विवादको पनि अवस्था त्यही हो।

प्रेरक प्रसंग

इमानदार बालक

एकपटक एक बालक आफ्नी बहिनीसित बजारतिर घुम्दै थिए। त्यहाँ शिरमा अम्बाको टोकरी राखेर बिक्रीका लागि हिँडिरहेकी एक किशोरीसित उनीहरूको जम्काभेट भयो। बालककी बहिनी भूलवश ती किशोरीसित ठोक्किइन्। जसका कारण ती किशोरीको टोकरी भुइँमा खस्यो र सबै अम्बा भुइँमा पोखिए। भुइँमा पोखिँदा कतिपय अम्बामा चोट लाग्यो भने कतिपय हिलोमा पनि परे। यो देखेपछि ती किशोरी रुन थालिन्। उनले रुँदै भनिन्- हे भगवान् ! अब म मेरा गरिब बाआमालाई के खुवाउँला ? अब उहाँहरूले कैयौँ दिन थप भोकै बस्नुपर्ने भयो।

ती किशोरी रोइरहेको देखेर बहिनीले ती बालकलाई भनिन्- दाजु, अब हामी यहाँबाट भागौँ। आखिर म ठोक्किएको कसैले देखेको छैन। फेरि पछि भिड जम्मा भएपछि हाम्रो पोल खुल्न पनि सक्छ। त्यस्तो भयो भने हामीले क्षतिपूर्ति पनि तिर्नुपर्ने हुन सक्छ।

बालकले भने- होइन बहिनी, हामीले यस्तो गर्नु हुँदैन। कसैले नदेखे पनि भगवान्ले देखिरहेकै छन् नि ! त्यसैले हामीले यहाँबाट भाग्नु हुँदैन। अब यिनलाई घर लगेर आमासित भनेर क्षतिपूर्ति तिर्नैपर्छ। त्यसपछि उनले आफूसित भएको तीन आना ती किशोरीलाई दिए र भने- दिदी, हामीले जानीजानी तपाईंको अम्बा खसाइदिएका होइनौँ। भूलवश यस्तो दुर्घटना हुन पुग्यो। अब तपाईं हामीसित हाम्रो घरसम्म हिँड्नुहोस्, हामी तपाईंलाई क्षतिपूर्ति तिर्छौं।

तीनैजना घर पुगे। बालकले आमालाई सबै कुरा सुनाए। आमाले दुवैलाई एक-एक थप्पड लगाएर भनिन्- तिमीहरूलाई घुम्न जान किन परेको थियो ? घर चलाउन खर्च छैन, झन् यो क्षतिपूर्ति कसरी तिर्नु ? बालकले भने- आमा, हजुरले हामीलाई स्कुल जाँदा जुन पकेट खर्च दिनुहुन्छ नि, त्यही कटौती गरेर क्षतिपूर्ति दिनुहोस्। यो रकम नपुगेसम्म हामी दुवैजना स्कुलमा खाजा खाँदैनौँ।

त्यसपछि बालककी आमाले किशोरीलाई क्षतिपूर्ति तिरिन्। ती बालक र उनकी बहिनीले डेढ महिनासम्म स्कुलमा खाजा खान पाएनन्। ती बालक पछि गएर विश्वविजयी सम्राट् नेपोलियनका रूपमा विख्यात भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेसभित्रको रडाको

बागमती प्रदेश सरकारको नेतृत्व गरिरहेको दल कांग्रेसमा यतिखेर रडाको मच्चिरहेको देखिन्छ। हामी बाहिरबाट हेर्नेलाई भने यसले निकै ठुलो रमिताको काम गरिरहेको छ। कांग्रेसी नेताहरू आफूबाहेक सबै अक्षम र आफूचाहिँ धुरन्धर सक्षम ठान्छन्। यतिखेर बागमती प्रदेशमा भएको पनि त्यही भ्रमको परिणाम हो। यथार्थमा कांग्रेसमा मौजुदा नेतृत्व रहुन्जेल जोसुकै प्रधानमन्त्री, मुख्यमन्त्री या मन्त्री बने पनि देशमा हुने केही होइन क्यारे !

● **गरिमा श्रेष्ठ**, हेटौँडा- ९, मकवानपुर

देशैलाई भागबन्डा लगाऊ


■ ६४ लाख पासपोर्ट छाप्ने ठेक्कामा 'सेटिङ'
प्राविधिक मापदण्डमै 'अयोग्य' कम्पनीलाई दिइयो आठ अर्बको ठेक्का
■ सत्तामा साझेदारी, ठेक्कामा भागबन्डा
पासपोर्टको आठ अर्बको टेन्डर टुक्र्याएर प्याकेज १ एमाले र प्याकेज २ कांग्रेसलाई

● पहिलो र दोस्रो दलको वर्तमान गठबन्धन सरकार बनेदेखि अहिलेसम्म कुनै आशालाग्दो काम हुन सकेको छैन। यो सरकारले लाजै नमानी सत्तादेखि घाटसम्म सबैतिर मिलेसम्म भागबन्डा लगाउने गरेको छ। हुँदाहुँदा उसले अब यो ठेक्का तँलाई, यो ठेक्का मलाई भनेर ठेक्कापट्टामा पनि भागबन्डा सुरु गरेको छ। यसरी भागबन्डामा चल्न थालेपछि यहाँ कुनचाहिँ काम गतिलो होला ? जनताले कसरी सुशासनको अनुभूति गर्लान् खोइ ?

- वीरेन्द्र बजिमय, मंगलबजार, ललितपुर

● बिपी र मदन भण्डारीको सपना मिलेर पूरा गरेछन्। बिपी र मदन वेलैमा गैहाले। अब बाँच्नेले हो मिलाई-मिलाई सपना पूरा गर्ने।

- हरिप्रसाद सुवेदी (नयाँ पत्रिका फेसबुकबाट)

● पत्रपत्रिकाको पानामा जोसुकैले जेसुकै भनून्, भ्रष्टाचारको परिभाषा शासनमा आसीन रहेका प्रधानमन्त्री, मन्त्री र सत्ता गठबन्धनका सहयात्री दलका नेताले भनेअनुसार नै कायम हुन्छ, कतै केही सुनुवाइको हैसियत रहनेछैन। जबसम्म अख्तियार प्रमुखमा सार्वजनिक जीवनमा पनि सच्चरित्रता, नैतिकता तथा सत्य निष्ठाका आचरणमा दृढ व्यक्ति मनोनयन हुन्नन्, यो सेतो हात्तीजस्तो संस्थाले कुनै पनि माननीयलाई निषेध गराउने पदीय नैतिकता राख्दैनन्। किनभने, संसदीय सुनुवाइका लागि मनो नीत पात्रमध्ये जसले दलीय अवधारणालाई आत्मसात् गर्छन्, तिनैमध्ये बढी सहयोगीलाई अख्तियार प्रमुख तथा आयुक्तको पदमा नियुक्ति दिने गरिएको छ। जसले गर्दा देशले सदाचारी नेतृत्व पाएको छैन, बरु भ्रष्टाचारी पात्रहरूले नै शासन सत्तामा विराजमान हुने अवसर पाइरहेका छन्।

- प्रदीप भट्टराई (नयाँ पत्रिका फेसबुकबाट)

● हैट् ! मर्ने सर्वसाधारण जनता नै हुन्। नेताले संघीय लोकतान्त्रिक गणतन्त्रलाई असफल र ठगिखाने भाँडो बनाए। सचेत बन्न जरुरी छ।

- दामोदर खनाल (नयाँ पत्रिका फेसबुकबाट)

● सत्ता चल्ने र चलाउने नै यसरी हो। यसकै लागि सत्ता, सत्ताकै लागि यो। हाम्रो सन्दर्भमा सत्ता र भ्रष्टाचार एक-अर्काका परिपूरक हुन्। एक नभए अर्को चल्दैन।

- गोपालप्रसाद बराल (नयाँ पत्रिका फेसबुकबाट)

● कति हो कति काण्ड पनि ! जता हेर, लुटतन्त्र, भ्रष्टाचार, बिचौलिया मात्र देखिन्छन्। यो सब उच्च नेतृत्वको सेटिङ र मिलिजुलीको परिणाम हो। सबै आफ्ना आसेपासेदेखि कर्मचारीसम्मको घुसबाट चलेका छन्। जनता सचेत कहिले हुने ? अब पनि जागरुक नहुने हो भने चौरासीपछि पनि यही हालत नहोला भन्न सकिन्न।

- देवकुमार (नयाँ पत्रिका फेसबुकबाट)

● बिहान उठ्नेबित्तिकै हिमाल देख्न पाइयोस् भन्थे, आजभोलि भ्रष्टाचारी र खुसखोरहरू मात्रै देखिन थाले। अचम्म छ बा !

- श्री मन (नयाँ पत्रिका फेसबुकबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

षड्यन्त्रका सिद्धान्त पत्याउने युवा पुस्ता

३५ वर्षभन्दा कम उमेरका युवाले निरन्तर रूपमा षड्यन्त्रका सिद्धान्तलाई बढी विश्वास र ग्रहण गर्ने



देश/विदेश

● जिन-निकोलस बर्देलिउ

आजको अत्यधिक अन्तरघुलन र ध्रुवीकरण भएको विश्वमा षड्यन्त्रका सिद्धान्त व्यापक रूपमा फैलिरहेका छन्। सन् २०१६ को ब्रेक्जिट, सन् २०२० यताका अमेरिकी राष्ट्रपति चुनाव र कोभिड महामारीले यस्ता सिद्धान्त कसरी सजिलै सार्वजनिक विमर्शमा प्रवेश गर्न सक्छन् भन्ने देखाएका छन्। यस्ता सिद्धान्तमाथिको विश्वासले लोकतान्त्रिक मान्यतालाई कमजोर पार्न र नागरिक संस्थामा विश्वास घटाउन सक्छन्। ६ जनवरी २०२१ मा अमेरिकी क्यापिटोलमा भएको आक्रमणले षड्यन्त्र सिद्धान्तले राजनीतिक हिंसालाई समेत प्रेरित गर्न सक्ने देखायो।

ओटावा विश्वविद्यालयका ड्यानियल स्टकमेरसँग मैले गरेको एक अध्ययनले स्पष्ट र सम्भवतः अचम्मलाग्दो उत्तर दिएको छ। पोलिटिकल साइकोलोजी जर्नलमा प्रकाशित अनुसन्धानअनुसार उमेर षड्यन्त्र सिद्धान्तमा विश्वास गर्ने एक प्रमुख कारण हो, तर अपेक्षा गरिएजस्तो भने होइन। ३५ वर्षभन्दा कम उमेरका युवाले षड्यन्त्रका सिद्धान्तलाई बढी विश्वास र ग्रहण गर्छन्। हामीले सबैभन्दा पहिले एक मेटा विश्लेषण (अध्ययनहरूको अध्ययन) गर्‍यौँ, जसमा सन् २०१४-२०२४ बिच प्रकाशित एक सय ९१ पियर रिभ्युड (गोप्य समीक्षकको समीक्षापछि) प्रकाशित अनुसन्धान लेख समेटिएका थिए। तीन लाख ७४ हजारभन्दा बढी सहभागी समावेश यो विशाल तथ्यांकले कम उमेर र षड्यन्त्रका सिद्धान्तको विश्वासबिचको सम्बन्धलाई बलियो देखाएको छ।

यसलाई पुष्टि गर्न हामीले आफैँले ६ विभिन्न देश, अस्ट्रेलिया, ब्राजिल, क्यानडा, जर्मनी, अमेरिका र दक्षिण अफ्रिकाका ६ हजारभन्दा बढी व्यक्तिलाई समेटेर एउटा मौलिक बहुराष्ट्रिय सर्वेक्षण सञ्चालन गर्‍यौँ। नतिजा यी सबै मुलुकमा समान देखियो। वास्तवमा उमेर षड्यन्त्रका सिद्धान्तप्रतिको विश्वासको सबैभन्दा शक्तिशाली पूर्वानुमान कारक सावित भयो, अर्थात् हामीले परीक्षण गरेका लैंगिकता, आम्दानी, शिक्षास्तरलगायत जनसांख्यिकीय कारकभन्दा पनि बढी प्रभावशाली देखिए।

युवा पुस्तामा षड्यन्त्र सिद्धान्त बढी प्रचलित रहेको प्रमाणित गरेपछि यसको कारण पत्ता लगाउन हामीले विभिन्न सम्भावित कारणको परीक्षण गर्‍यौँ। हाम्रो अनुसन्धानले तीन प्रमुख कारण पत्ता लगाएको छ, जसका कारण युवा षड्यन्त्रका सिद्धान्तप्रति बढी संवेदनशील हुने गरेका देखिन्छन् :

१. **राजनीतिक विरक्ति** : हामीले पहिचान गरेका सबैभन्दा प्रभावशाली कारणमध्ये युवामा देखिने गहिरो राजनीतिक असन्तुष्टि एक कारण हो। धेरैजसो युवाले आफूभन्दा दुई वा तीन पुस्ता जेठो नेताले चलाउने राजनीतिक प्रणालीबाट विरक्ति महसुस गर्छन्। राजनीतिक प्रतिनिधित्वको अभावले असन्तुष्टि जन्माउँछ र यसले उनीहरूलाई लोकतन्त्रले आफ्ना लागि काम गरिरहेको छैन भन्ने अनुभूति गराउँछ। यस्तो सन्दर्भमा षड्यन्त्र सिद्धान्तले यो दूरी र असन्तुष्टिलाई व्याख्या गर्न सजिलो बनाउँछ र प्रणाली केवल असफल मात्र नभई त्यसमाथि गोप्य दुष्ट शक्तिले नियन्त्रण गरिरहेको छ भन्ने सजिलो उत्तर पनि दिन्छ।

२. **युवा सक्रियता र षड्यन्त्रका सिद्धान्तको उर्वर भूमि** : युवाले राजनीतिमा सहभागी हुने तौरतरिका अर्को महत्त्वपूर्ण कारक बन्न पुग्छ। मतदानजस्ता परम्परागत अभ्यासमा उनीहरू सायद कम सक्रिय देखिए पनि, विरोध प्रदर्शन, बहिष्कार र अनलाइन अभियानजस्ता परम्पराबाहिरका गतिविधिमा उनीहरू सक्रिय हुन्छन्। यस्ता क्रियाशील वातावरण विशेषतः अनलाइन षड्यन्त्रका सिद्धान्त अंकुरण हुने उर्वर भूमि बन्न सक्छन्। यी अभियान प्रायः 'हामीविरुद्ध उनीहरू' भन्ने भावनामा आधारित हुन्छन्, जहाँ एक 'सुधारवादी' समूह भ्रष्ट सत्ता संरचनासँग संघर्षरत हुन्छ।



तस्बिर : द कन्भर्सेसन

३. **गिर्दो आत्मसम्मान** : अन्त्यमा हाम्रो अनुसन्धानले आत्मसम्मानसँगको महत्त्वपूर्ण मनोवैज्ञानिक सम्बन्ध पुष्टि गरेको छ। जसको आत्ममूल्यको भावना कम हुन्छ, उनीहरूका लागि षड्यन्त्रका सिद्धान्तमा विश्वास गर्नु आफ्ना समस्याको दोष बाह्य र अदृश्य शक्तिमाथि थोपरेर हीनताबोधसँग जुझ्ने एक उपाय बन्न सक्छ। यी तीन कारण विशेषतः युवाका लागि सान्दर्भिक छ।

यसको मूल कारण बुझ्नु आवश्यक छ, किनभने यसले केवल झुटा दाबी खण्डन गर्नु मात्र पर्याप्त समाधान होइन भन्ने देखाउँछ। षड्यन्त्रका सिद्धान्तको वृद्धि र त्यसका दुष्परिणाम रोक्न हामीले ती आधारभूत कारणमाथि काम गर्नुपर्छ, जसले यस्ता सिद्धान्तलाई सुरुमै आकर्षक बनाउँछन्। राजनीतिक विरक्तता एक प्रमुख कारण भएकाले लोकतन्त्रलाई थप समावेशी र प्रतिनिधिमूलक बनाउनु नै महत्त्वपूर्ण कदम हो। यसकी उत्कृष्ट उदाहरण हुन्, हाले निर्वाचित लेबर पार्टीकी सिनेटर सार्लट वाकर, जो केवल २१ वर्षकी छिन्। यदि युवालाई राजनीतिक संस्थामा सक्रिय रूपमा सहभागी गराउन सकियो भने प्रणालीले आफ्ना लागि काम गर्छ भन्ने विश्वास बढ्छ, जसले प्रणाली पूर्ण रूपमा भ्रष्ट छ भन्ने षड्यन्त्रको सिद्धान्तको आकर्षण कम गर्छ।

र, थप समावेशी लोकतन्त्रको अर्थ युवाको राजनीतिक अभियानकर्मलाई निरुत्साहित गर्नु होइन। बरु, आजको जटिल सूचना वातावरणमा युवालाई सजग रूपमा अघि बढ्न आवश्यक संयन्त्र दिनु हो। बलियो मिडिया र डिजिटल साक्षरताको शिक्षाले विशेषतः अनलाइन क्षेत्रमा प्राप्त सूचनालाई समालोचनात्मक ढंगले मूल्यांकन गर्न सहयोग पुर्‍याउँछ।

आत्मसम्मानसँगको सम्बन्धले पनि सामाजिक जिम्मेवारीकै संकेत गर्छ। यदि युवाको मानसिक स्वास्थ्य र समग्र हितमा लगानी गर्न सकियो भने तिनको आत्मबल र मनोवैज्ञानिक सहनशीलता बढ्न सक्छ, जसले उनीहरूलाई षड्यन्त्र सिद्धान्तका सरल दोषारोपणमा विश्वास गर्नबाट जोगाउँछ। अन्ततः मिथ्या सूचनाविरुद्ध प्रतिरोधी समाज बनाउनु कुनै पुस्ता विशेषलाई दोष दिनुभन्दा पनि यस्ता बलियो र समावेशी लोकतन्त्र बनाउनु हो, जहाँ सबै नागरिक विशेषतः युवाले प्रतिनिधित्व, सशक्तीकरण र सुरक्षाको अनुभूति गरून्।

(बोर्देलिउ फ्लिन्डर्स विश्वविद्यालयका रिसर्च फेलो हुन्)
द कन्भर्सेसनबाट

झनै रहस्यमय बनेका राष्ट्रपति सी


तेस्रो पाँचवर्षे कार्यकाल समाप्त भएपछि पनि चीनका राष्ट्रपति सी जिनपिङले पद छोड्ने कुनै छनक देखिँदैन

हरेक वर्षको अगस्टमा संसारकै सबैभन्दा शक्तिशाली व्यक्ति सार्वजनिक दृश्यबाट गायब हुन्छन् । राष्ट्रपति सी जिनपिङ सम्भवतः अर्को हप्ता बेइजिङबाट बाहिर निस्कनेछन् र राजधानीबाट तीन घण्टा पूर्वमा रहेको बेइदाइहेको समुद्री तट रिसोर्टमा वरिष्ठ अधिकारीहरूसँग गर्मीयामको आरामका लागि जानेछन् । माओत्सेतुङको समयदेखि नै कम्युनिस्ट पार्टीका वरिष्ठ नेताहरू भिल्लाहरूमा भेला हुँदै आएका छन् । तैपनि, लामो समयसम्मको अनुपस्थितिले चीनबाहिर नेताको सत्तामा पकडको स्थितिबारे अनुमान लगाउन सकिन्छ ।

यस वर्षको ग्रीष्मकालीन सम्मेलनले पार्टीको शीर्ष पदहरूलाई पुनर्संरचना गर्ने राष्ट्रपति सीको आश्चर्यजनक सफलतालाई प्रतिबिम्बित गर्नेछ, पुराना नेताहरू निष्क्रिय भएका छन् वा किनारामा परेका छन्, बफादारहरूले शासन गरेका छन् । चीनको सर्वोच्च नेताको कुनै मुख्य प्रतिद्वन्द्वी नभएको देखिन्छ, उनले विश्वको दोस्रो ठूलो अर्थतन्त्र र यसको सबैभन्दा ठुलो सशस्त्र सेनालाई चुनौतीरहित देखिने गरी हाँकेका छन् । विश्व नेताहरूका लागि उनीसँग पहुँच अनिवार्य छ । हालैका दिनमा उनले भारत र रुसका विदेशमन्त्रीलाई स्वागत गरे । त्यस्तै राष्ट्रपति सीले हालसालै अस्ट्रेलियाका प्रधानमन्त्रीसँग पनि वार्ता गरे । यस वर्षको अन्त्यमा सी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिचको भेटघाटको 'सम्भावना उच्च छ' ।

चीनको अभिजात वर्गको राजनीति अझै पनि एउटा 'ब्ल्याक बक्स'जस्तै छ । यदि कुनै नेता कहिल्यै समस्यामा परेमा बिरलै बाहिरी दुनियाँले उनका बारेमा थाहा पाउँछन् । तर, विश्लेषकहरू अब साउती मारिरहेका छन् कि सीको शासनशैली सूक्ष्म तरिकाले परिवर्तन भइरहेको हुन सक्छ । सुरुमा कर्मचारीमा प्रभुत्व जमाउन आयोगहरूको प्रणालीलाई बलियो बनाएका उनी अहिले भने थकित देखिन्छन् । सीद्वारा सञ्चालित केही आयोग (एक प्रकारको समिति) को बैठक बिरलै बसेको छ । उनले विश्वासिला लेफ्टिनेन्टहरूलाई आफ्नो एजेन्डा कार्यान्वयन गर्न अनुमति दिइरहेका छन् । वास्तवमा सी सार्वजनिक रूपमा थोरै देखिन थालेका छन् ।

यदि शैलीमा परिवर्तन भइरहेको छ भने यो सन् २०१२ मा पदभार ग्रहण गरेदेखि नै निर्दयी रूपमा शक्ति केन्द्रीकृत गर्ने व्यक्तिका लागि उल्लेखनीय परिवर्तन हुनेछ । सीको आफ्नै अधिकारसँगै अनुसन्धान निकायअन्तर्गतका अधिकारीको संख्यामा पनि वृद्धि भएको छ, सन् २०२४ को अप्रिलमा सुरु गरिएको कारबाहीको कारण चार लाख ३३ हजारजनामाथि अनुसन्धान भएको छ । सशस्त्र सेनामा हालै भएका शुद्धीकरण र उथलपुथल उल्लेखनीय छन् । एकपटक पाँच सदस्यीय केन्द्रीय सैन्य आयोग (सशस्त्र सेनालाई नियन्त्रण गर्ने पार्टीको निकाय, जसको अध्यक्षता सीले



> **चीनको अभिजात वर्गको राजनीति अझै पनि एउटा 'ब्ल्याक बक्स'जस्तै छ । यदि कुनै नेता समस्यामा परेमा बिरलै बाहिरी दुनियाँले उनका बारेमा थाहा पाउँछन् । तर, विश्लेषकहरू साउती मारिरहेका छन् कि सीको शासनशैली सूक्ष्म तरिकाले परिवर्तन भइरहेको हुन सक्छ ।**

गर्छन्)मा रहेका धेरै जनरलमाथि अनुसन्धान भइरहेका छन् वा दृश्यबाट गायब छन् । सबैभन्दा पछिल्लो उदाहरणमा हि वेइडोङ सन् १९६७ पछि पतन हुने उच्च तहका सैन्य अधिकारी बन्दै छन् ।

सहयोगीहरूको नेतृत्व गर्दा केही समस्या समाधान हुन्छन्, तर यसले नयाँ समस्या पनि सिर्जना गर्न सक्छन् भन्ने कुरामा सी सचेत देखिन्छन् । आफ्ना बफादारहरूमा अनुभवको कमी हुन सक्छ । सीले जुन ३० मा २४ सदस्यीय पोलिटब्युरोलाई सम्बोधनका क्रममा भनेका थिए, 'आत्म-क्रान्तिको डोरीलाई अझ बलियो बनाउनुपर्छ ।'

मातहतका नेताहरूसँग बलियो सम्बन्ध

पदभार ग्रहण गरेपछि सीले पार्टी आयोगको एक समूहमार्फत शक्तिको उपयोग गरे, जसले उनलाई अन्य निहित स्वार्थलाई पन्छाउन अनुमति दियो । ती आयोगले उनलाई आफ्नो रोजाइमा नभएका अधिकारीलाई (जस्तै- अघिल्ला प्रधानमन्त्री ली केकियाङलाई) पन्छाउन पनि अनुमति दिए । सीले शासनका विभिन्न क्षेत्रहरूको निरीक्षण र घरेलु एजेन्डा कार्यान्वयन गर्नेदेखि आफ्नो मातहतमा एक दर्जन आयोग स्थापना गरेका छन् । तर, सम्बन्धित बैठकमा आफू उपस्थित हुनुको सट्टा सीले लिखित निर्देशन पठाइरहेका छन्, अमेरिकी थिंक ट्यांक एसिया सोसाइटीका निल थोमस भन्छन् ।

यस्ता बैठकको संख्या पनि घट्दै गएको देखिन्छ । आर्थिक सुधारसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण आयोगको बैठक उनी इन्चार्ज भएको पहिलो पाँच वर्षमा ३८ पटक बसेको थियो । सन् २०२२ देखि यस अयोगको केवल ६ पटक मात्र बैठक बसेको छ र अगस्ट २०२४ देखि निर्णयलाई सार्वजनिक रूपमा घोषणा गरिएको छैन । यसका विज्ञप्तिहरू पनि छोटा छन्, जसले यसले थोरै निर्णय गरिरहेको संकेत गर्छ । अनुसन्धान फर्म गेभेकल ड्र्यागोनोमिक्सका क्रिस्टोफर बेडोरले सीको नेतृत्वमा रहेका अन्य आयोग पनि अरूजस्तै महत्त्वहीन भएको टिप्पणी गर्छन् ।

जुनमा भएको पार्टी बैठकमा पोलिटब्युरोले नियमावली बनाएको थियो (यद्यपि नियमावलीलाई प्रकाशित गरिएको थिएन) । नियमावलीले पहिलोपटक पार्टी आयोगहरूको जिम्मेवारी स्पष्ट पारेको थियो । अधिकांश आयोग अझै पनि सीको अध्यक्षतामा छन् । नयाँ नियमावली सीको 'नियममार्फत शासन गर्ने' प्रयासको अंश हुन्, ताकि उनी बैठककोठामा नहुँदा पनि उनको एजेन्डा प्रबल होस्, ग्लासगो विश्वविद्यालयका होली स्नेप भन्छन् । यो सबै कुरा सीको नेतृत्वमा रहेको अवस्थामा र शक्तिको पृथकीकरण नभएको कुरा सुनिश्चित गर्ने अभियानको अंश देखिन्छ ।

सीको दृष्टिकोणमा अर्को परिवर्तनशील प्रतिनिधिसँग सम्बन्धित छ । उनले केही महत्त्वपूर्ण आयोगहरूको व्यवस्थापनको जिम्मा कर्मचारीलाई दिन थालेका छन् । खासमा उनले आफ्ना प्रमुख कर्मचारी काई क्युई, प्रधानमन्त्री ली छियाङ र उपप्रधानमन्त्री डिंग जुएक्सियाङमाथि भरोसा राखेका छन् । प्रत्येकलाई २०२३ को सुरुमा नेतृत्व गर्न पार्टी आयोग दिइएको थियो । र, सीले सन् २०२२ मा तिनीहरूलाई पदोन्नति गर्न परम्परा तोडेका थिए । पोलिटब्युरोको सात सदस्यीय स्थायी समिति उच्च शक्तिको हुन्छन् । शीर्ष नेतासँग उनीहरूको बलियो सम्बन्ध छ, तर एक-अर्कासँग भने कमजोर सम्बन्ध छ ।

पर्यवेक्षकहरूले काईलाई सीको सबैभन्दा विश्वसनीय सल्लाहकारको रूपमा व्यापक रूपमा मान्छन् । उनले पार्टी नेतृत्वको तालिका, सञ्चार र सुरक्षा नियन्त्रण गर्छन् । असामान्य रूपमा एकै समयमा उनी पार्टी केन्द्रको विशाल ब्युरोक्रेसीको दैनिक सञ्चालनको जिम्मेवारीमा छन् । तैपनि, प्रायः बेवास्ता गरिएका लीले शीर्ष नेताको जिम्मेवारी सुस्त रूपमा घटाउने कामबाट सबैभन्दा बढी फाइदा उठाएको देखिन्छ ।

लीले २००४ देखि २००७ सम्म सीको प्रमुख कर्मचारीको रूपमा काम गरेका थिए, जतिबेला उनको प्रान्तीय गभर्नरको रूपमा उदय भएको थियो । लीले त्यसपछि आफ्ना पूर्ववर्तीबाट खोसिएका केही जिम्मेवारी पुनः प्राप्त गरेका छन्, जसमा कतिपयले आर्थिक नीतिमाथि पनि जोड दिन्छन् । ली राष्ट्रपतिका विश्वासपात्र पनि हुन् । उनी जुलाईमा ब्राजिलमा भएको ब्रिक्स शिखर सम्मेलनमा सीको प्रतिनिधित्व गरेर गएका थिए । १२ वर्षमा यो भेलामा चीनका शीर्ष नेताको पहिलो अनुपस्थिति थियो । लीको राज्यको कर्मचारीतन्त्रभित्र पनि उल्लेखनीय प्रभाव छ । नयाँ नियमले उनलाई इच्छाअनुसार कर्मचारीतन्त्रलाई काबुमा राख्न र आफ्नो रोजाइका विषयमा अध्ययन सत्र आयोजना गर्न अनुमति दिन्छ । लीबाहेक डिंग एक मात्र अर्का नेता हुन्, जसमा यस्तो स्वतन्त्रता छ ।

अप्रिलमा भएको एउटा अनौठो घटनाबाट पनि लीलाई फाइदा भएको हुन सक्छ । त्यतिबेला जब पोलिटब्युरोका दुई सदस्यले कुनै स्पष्टीकरणविना नै आफ्नो भूमिका त्यागेको घोषणा गरे । परिणामस्वरूप, लीका एक पुराना सहकर्मीले अब पाँचवर्षे पार्टी महाधिवेशन अगाडि पार्टीका व्यक्तिको निर्णयहरूको निरीक्षण गर्छन् । सन् २०२७ मा हुने महाधिवेशनले सरकारको अर्को कार्यकालको लागि प्रमुख नियुक्तिबारे निर्णय गर्नेछ ।

एकातिर बफादारहरूलाई कार्यभार सुम्पनु अर्कोतर्फ उत्तराधिकारी र सम्भावित प्रतिद्वन्द्वीलाई पहिचान गर्न असफल हुनु बुढेसकालमा शासन गर्न तयार नेताको संकेत हुन सक्छ । सी ७२ वर्ष पुगे । २०२७ मा आफ्नो तेस्रो पाँचवर्षे कार्यकाल समाप्त हुँदा उनको पद छाड्ने कुनै संकेत छैन ।

-इकोनोमिस्टबाट

१३ लाख सुडानी स्वदेश फर्किए



खार्तुम/ सुडानमा जारी द्वन्द्वका कारण विस्थापित भएकामध्ये १३ लाखभन्दा बढी मानिस पुनः घर फर्किएको राष्ट्र संघले जनाएको छ । राष्ट्र संघले विस्थापितको पुनर्स्थापनाका लागि अन्तर्राष्ट्रिय समुदायलाई आवश्यक सहयोगको अपिल गरेको छ ।

संयुक्त राष्ट्र संघअन्तर्गत आप्रवासन, शरणार्थी तथा विकाससम्बन्धी निकायले संयुक्त रूपमा वक्तव्य जारी गर्दै हालसम्म आन्तरिक रूपमा विस्थापित १० लाखभन्दा बढी मानिस सुडानभित्रै आफ्नो घर फर्किएको जनाएको छ । त्यस्तै, झन्डै साढे तीन लाख सुडानी छिमेकी मुलुक इजिप्ट र दक्षिण सुडानबाट स्वदेश फर्किएका छन् । हाल केही स्थानमा द्वन्द्वको प्रभाव कम भए पनि समग्र अवस्था अझै पनि संवेदनशील रहेको राष्ट्र संघले उल्लेख गरेको छ ।

सन् २०२३ को अप्रिलदेखि सुडानमा सेना प्रमुख अब्देल फत्ताह अल बुर्हान र प्रतिद्वन्द्वी अर्धसैनिक समूहका कमान्डर मोहम्मद हम्दान डाग्लोबिचको सत्ता संघर्षले देश गम्भीर मानवीय संकटमा परेको छ । हिंसात्मक द्वन्द्वका कारण हजारौँ नागरिकले ज्यान गुमाएका छन् भने लाखौँ विस्थापित भएका छन् । राष्ट्र संघका अनुसार घर फर्किने व्यक्तिमध्ये सबैभन्दा धेरै गेजिरा राज्यमा गएका छन् । यो खार्तुमको दक्षिणपूर्वमा अवस्थित राज्य हो । केही व्यक्ति राजधानी खार्तुम र सन्नार राज्यतर्फ पनि फर्किएका छन् ।

इतिहासमा आज

जुलाई २७



सन् १९५३ : राष्ट्रसंघ, कोरिया र चीनका प्रतिनिधिद्वारा कोरियाको पानमुजोममा सम्झौता ।

सन् १९८० : इरानका अन्तिम साह मोहम्मद रेजा साह पहल्भीको इजिप्टको राजधानी कायरोमा निधन ।

सन् १९८५ : युगान्डाको सेनाले राष्ट्रपतिलाई 'कु' गरेको दिन । युगान्डाका सैन्य अधिकारी लुत्वा ओकेलाले तत्कालीन राष्ट्रपति मिल्टन ओबोटेविरुद्ध 'कु' गरेका थिए । ६ महिनापछि उनलाई वर्तमान राष्ट्रपति योविरी मुसेभेनिलीले सत्ताच्युत गरेका थिए ।

सन् १९९६ : एट्लान्टा ओलम्पिकमा अतिवादी हमला । सन् १९९६ मा आजकै दिन एट्लान्टाको ओलम्पिक सेन्टेनियल पार्कमा पाइप बम विस्फोट हुँदा एकजनाको मृत्यु हुनुका साथै १११ जना घाइते । पश्चिम जर्मनीको म्युनिखमा सन् १९७२ मा ओलम्पिक सुरु भएपछिको पहिलो अतिवादी हमला भएको थियो ।

सन् २०१२ : बेलायतकी महारानी एलिजाबेथ द्वितीयद्वारा सन् २०१२ मा लन्डनमा आयोजित ग्रीष्मकालीन ओलम्पिकको उद्घाटन । लन्डनले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गरेको यो तेस्रोपटक थियो । समारोहलाई आइल्स अफ वन्डर भनिएको थियो ।

रोजगारको सुचना

सुरक्षाकर्मीको लागि आकर्षक रोजगारी

प्रकाशित मिति : २०८२/४/११

कामको आवश्यकताका कारण, यस कम्पनीमा केही सुरक्षा सुरक्षाकर्मीको आवश्यक भएको हुँदा, रोजगारीको लागि तला दिइएको विवरण हेर्नुहोस् :

१. रोजगारीको पद तथा जिम्मेवारीहरू :

क) पद :

- सुरक्षाकर्मी प्रमुख -१जना (आवश्यक परेमा अंशकालिक सुरक्षाकर्मी टोली सदस्यको रूपमा पनि काम गर्नुपर्ने हुनेछ)
- सुरक्षाकर्मी उप-प्रमुख - २ जना (अंशकालिक समयका सुरक्षाकर्मी)
- सुरक्षाकर्मी - ८ जना

ख) कामको विवरण

(अ) सुरक्षाकर्मी प्रमुखको कार्य जिम्मेवारीहरू :

- सुरक्षाकर्मीको समग्र व्यवस्थापन र निर्देशन गर्ने;
- सुरक्षासम्बन्धी सतर्कता तथा नियमित गस्ती गर्ने;
- सुरक्षाकर्मीको गठन, विकास तथा तालिम सञ्चालन गर्ने;
- सुरक्षासम्बन्धी नियमहरू कार्यान्वयन गर्ने; अभिलेख राख्नु र आन्तरिक मूल्यांकन गर्ने;
- प्रोजेक्ट सञ्चालक तथा बाह्य पक्षसँग समन्वय र संवाद गर्ने ।

(आ) सुरक्षाकर्मी उप-प्रमुखका कार्य जिम्मेवारीहरू :

- सुरक्षाकर्मी प्रमुखलाई सुरक्षा टोली व्यवस्थापनमा सहकार्य गर्ने;
- दैनिक कर्तव्यहरूको निगरानी गर्ने;
- आकस्मिक अवस्थाहरूको व्यवस्थापन र प्रतिवेदन गर्ने;
- यातायात र उपकरणहरूको व्यवस्थापन गर्ने;
- टोलीका सदस्यहरूसँग सञ्चार र प्रतिक्रिया लिने;
- सुरक्षाकर्मीको जिम्मेवारीहरू पूरा लिने ।

(इ) सुरक्षाकर्मीको काम जिम्मेवारी :

- दैनिक सुरक्षा गस्ती, सुरक्षा उपायहरू लागू गर्ने र आकस्मिक घटनाहरूको व्यवस्थापन गर्ने;
- जिम्मेवारी क्षेत्रको शान्ति व्यवस्था कायम गर्ने, दमकल, निगरानी जस्ता उपकरणहरूको निरीक्षण गर्ने;
- आगन्तुक दर्ता, सवारी साधन व्यवस्थापनजस्ता कामहरूमा सहयोग गर्ने;
- माथिल्लो तहबाट दिइएका अन्य सुरक्षा सम्बन्धी कामहरू पूरा गर्ने ।

२. रोजगारको शर्तहरू :

(क) आधारभूत आवश्यकताहरू :

- उमेर १८-४५ वर्ष, पुरुष (केही पदहरूको शर्तहरूमा छूट दिन सकिनेछ), स्वास्थ्य राम्रो भएको, कुनै आपराधिक रेकर्ड नभएको;
- उचाई १७० सेमी वा माथि (वास्तविक आवश्यकता अनुसार समायोजन गर्न सकिन्छ), खराब बानी नभएको
- जिम्मेवारीपूर्ण, राम्रो संवाद कौशल र आकस्मिक परिस्थितिहरू सम्हाल्ने क्षमता भएको ।

(ख) प्राथमिकता दिइने शर्तहरू :

- पूर्व सैनिक, प्रहरी प्रशिक्षण विद्यालयबाट स्नातक, वा सुरक्षा कार्य अनुभव भएका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ;
- सुरक्षा कर्मचारी प्रमाणपत्र, दमकल तालिम प्रमाणपत्र वा अन्य सम्बन्धित योग्यताका प्रमाणपत्रहरू भएका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।

३. तलब तथा सुविधा :

(क) मासिक तलब (नेट तलब) (आधारभूत तलब + प्रदर्शन भत्ता + भत्ता समावेश):

१. सुरक्षा प्रमुख : रू. ५०,०००-५५,०००
२. सुरक्षा उपप्रमुख : रू. ४०,०००-४५,०००
३. सुरक्षा गार्ड : रू. ३०,०००-३३,०००

(ख) सुविधाहरू :

१. कम्पनीले सामाजिक सुरक्षा कर र तलब कर व्यहोर्नेछ;
२. हरेक महिनामा रू. ५,००० को खाजा भत्ता दिइनेछ (खाजा भत्ता बाहेक अरु खाजा व्यवस्था दिइने छैन);
३. सुरक्षाकर्मीलाई विशेष पोशाक उपलब्ध गराइनेछ;
४. एक वर्षपछि मूल्यांकनमा उत्कृष्ट ठहरिएकालाई नेपाली नियमअनुसार तलब बढाउने छ ।

४. कार्यस्थल र कार्य समय :

- स्थान: नेपालका रसुवा क्षेत्रमा अवस्थित सालासुङ्गी जलविद्युत आयोजनाको पावरहाउस (जसमा बाँध ड्युटी पोइन्ट, पावरहाउस ड्युटी पोइन्ट र स्थायी क्याम्प ड्युटी पोइन्ट समावेश छन्);
- समय: पालो अनुसारको काम, हरेक हप्ता १ दिन बिदा ।

५. आवेदन दिने तरिका :

(क) **साइट आवेदन:** नागरिकता प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र, सम्बन्धित प्रमाणपत्रहरूको सक्कल र फोटोकपी लिएर निम्न स्थानहरूमा उपस्थित हुनुहोस्, काठमाडौं कार्यालय: Hepali Height, Budanilkantha, Kathmandu, जलविद्युत आयोजनाको साइट कार्यालय: Aamochodingmo गाउँपालिका, वडा नं. ५, तातोपानी, रसुवा

(ख) **अनलाइन आवेदन:** आफ्नो बायोडाटा (CV) ईमेल ठेगाना info.salasungi@gmail.com मा पठाउनुहोस् । इमेलको विषय (subject) मा सुरक्षाकर्मी पदका लागि आवेदन + आफ्नो नाम" उल्लेख गर्नुहोस् ।

(ग) **आवेदनको अन्तिम मिति:** २०२५ अगस्ट ५ गते (श्रावण २०, २०८२)

(घ) **सम्पर्क नम्बर :** ९८४०९०६०३१ (कर्रिश्मा महर्जन)

६. अन्य जानकारी

(क) अन्तर्वार्ता पास गरेपछि आवेदकले तालिममा सहभागी हुनुपर्नेछ र मूल्यांकनमा उत्तीर्ण हुनुपर्नेछ;

(ख) परीक्षकीय अवधि ३ महिना हुनेछ । उत्कृष्ट प्रदर्शन गर्ने उम्मेदवारलाई स्थायी रूपमा नियुक्त गरिनेछ ।

सालासुङ्गी पावर प्राइभेट लिमिटेड

एमआरआई मेसिनले तानेर एकको मृत्यु

वासिंटन डिसी/ न्युयोर्कको एक मेडिकल सेन्टरमा एमआरआई मेसिनमा तानिएर ६१ वर्षीय एक पुरुषको मृत्यु भएको छ । सो व्यक्ति ठुलो धातुको चेन लगाएर मेसिनको नजिक गएपछि उक्त घटना भएको प्रहरीले बताएको छ । नासाउ ओपन एमआरआई सेन्टरमा भएको दुर्घटनामा पीडित व्यक्ति अनुमतिविना एमआरआई चलिरहेको कोठामा प्रवेश गरेको प्रहरीले बताएको छ ।

मृतककी श्रीमतीले स्थानीय मिडियालाई बताएअनुसार त्यस दिन उनी एमआरआई स्क्यान गर्न गएकी थिइन् । स्क्यान सकिएपछि उनले आफ्ना पतिलाई भित्र बोलाएकी थिइन् । आफ्नो घुँडाको समस्याले उठ्न अप्ठ्यारो भएका कारण मद्दतका लागि पतिलाई भित्र बोलाएको श्रीमतीले बताइन् । तर, उनी कोठामा प्रवेश गर्नेबित्तिकै घाँटीमा लगाएको धातुको चेन मेसिनतिर तानियो, लगत्तै उनी जोडले मेसिनभित्र हुत्तिए । उनी लगभग नौ किलो तौलको जिम गर्दा प्रयोग हुने भारी चेन लगाएर हिँडेका थिए ।

शरीरको भित्री भागको विस्तृत तस्बिर सिर्जना गर्ने एमआरआई मेसिनले यसका लागि शक्तिशाली चुम्बकीय क्षेत्र निर्माण गर्ने गर्छ । त्यसैले बिरामीलाई समेत स्क्यानअघि सबै धातुका वस्तु हटाउन र लुगा फेर्न भनिन्छ । अमेरिकी फुड एन्ड ड्रग्स एड्मिनिस्ट्रेसन (एफडिआई)का अनुसार एमआरआई मेसिनले बलियो चुम्बकीय क्षेत्र सिर्जना गर्ने भएकाले त्यसले धातुका वस्तुलाई आकर्षित गर्न सक्छ । रेडियोलोजिस्टहरू एमआरआई हुने कोठामा प्रवेश गर्दा घडी, झुम्काजस्ता धातुका गहना, धातु प्रयोग गरिएका नक्कली दाँत, सुन्न सघाउने यन्त्र आदि नलगाउन सुझाव दिन्छन् ।

फिलिपिन्सको बाढीपहिरोमा ३० जनाको गयो ज्यान

मनिला/ फिलिपिन्समा आएको लगातको वर्षा, बाढी र त्यसपछि गएको पहिरोका कारण हालसम्म कम्तीमा ३० जनाको मृत्यु भएको छ । वर्षापछिको बाढीपहिरोमा सातजना हराइरहेको देशको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्ले जनाएको छ । मृत्यु भएकामध्ये कतिपयको पहिचान हुन बाँकी छ । आकस्मिक रूपमा आएको बाढीले अझै केही मानिसलाई बगाएको र केही पहिरोमा पुरिएको आशंका गरिएको छ । बाढीपहिरोमा १० जना घाइते भएका छन् ।



यस वर्षको बाढीजन्य प्रकोपले करिब साढे १४ लाख परिवार प्रभावित छन् । नागरिक सुरक्षा कार्यालयका अनुसार देशभरका ८८ सहर तथा नगरपालिकाले विपत् व्यवस्थापनलाई सहज बनाउने उद्देश्यले प्रकोपको अवस्था घोषणा गरिसकेका छन् ।

हाल टाइफुन विपा, फ्रान्सिस्को र को-मे नामक आँधी देशको भूभागबाट बाहिरिइसकेका छन् । तर, मौसम विज्ञान विभागले लुजोन टापुको केही भागमा अझै केही दिन भारी वर्षा हुने पूर्वानुमान छ । फिलिपिन्समा प्रत्येक वर्ष झन्डै २० वटा आँधीबेहरी आउने गर्छन्, जसले व्यापक जनधनको क्षति पुऱ्याउने गरेको छ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ११ साउन ०८२

साढे दुई करोड नाघे फोरजीका ग्राहक

एक वर्षमै थपिए ३० लाख फोरजी प्रयोगकर्ता

नयाँ पत्रिका

नेपालमा चौथो पुस्ताको मोबाइल सेवा (फोरजी)का ग्राहक संख्या साढे दुई करोड नाघेको छ। दूरसञ्चार प्राधिकरणका अनुसार सिमकार्ड बिक्रीका आधारमा फोरजीका ग्राहक (प्रयोगकर्ता) दुई करोड ५४ लाख ८२ हजार ६ सय ४७ पुगेका हुन्।

प्राधिकरणको गत जेठ मसान्तसम्मको प्रतिवेदनअनुसार फोरजी सेवा खरिद गर्ने नेपाल टेलिकमका ग्राहक संख्या एक करोड ३८ लाख ९५ हजार दुई सय २२ पुगेका छन्। त्यसैगरी, एनसेलका फोरजी ग्राहक एक करोड १५ लाख ८७ हजार चार सय २५ पुगेका हुन्। एकै व्यक्तिले एकभन्दा बढी सिम लिने भएकाले नेपालको कुल जनसंख्याभन्दा बढी फोरजीका ग्राहक-प्रयोगकर्ता देखिन्छन्।

नेपालमा १७ पुस ०७३ देखि फोरजी सेवा सुरु भएको हो। त्यसयता सेवाप्रदायक एनसेल र नेपाल टेलिकमले फोरजीको नेटवर्क विस्तार र ग्राहक वृद्धिलाई तीव्रता दिए। पछिल्लो एक वर्षमै फोरजीका ग्राहक ३० लाखले बढेको प्राधिकरणको तथ्यांक छ। सिम-सेवा बिक्रीका आधारमा गत वर्षको जेठसम्ममा फोरजी प्रयोगकर्ता दुई करोड २४ लाख ७२ हजार थिए।



चौथो पुस्तको मोबाइल सेवा (फोरजी-एलटिई) तीव्र गतिको वायरलेस प्रविधि हो। यस प्रविधिमा आधारित भएर एलटिई, वाइम्याक्सलगायत सेवा सञ्चालन गर्न सकिन्छ। खासगरी फोरजीको प्रयोगबाट प्रत्यक्ष भिडियो कल गर्न, द्रुत गतिमा इन्टरनेट चलाउन, ठुला-ठुला फाइल डाउनलोड तथा अपलोड गर्न सहज बनाउँछ। विश्व बजारमा फोरजी सन् २००९ देखि नै सुरु भएको हो। नेपालमा भने १७ पुस ०७३ देखि सुरु भएको हो।

प्राधिकरणका अनुसार गत जेठ मसान्तसम्ममा कुल इन्टरनेट प्रयोगकर्ता तीन करोड ४२ लाख १७ हजार पुगिसकेका छन्। यसमध्ये दुई करोड ६३ लाख ५२ हजारले मोबाइल ब्रोडब्यान्ड चलाउने गरेका छन्। कुल इन्टरनेटमा मोबाइल ब्रोडब्यान्डको हिस्सा ८९.१ प्रतिशत, फिक्स्ड ब्रोडब्यान्डको १०.७५ प्रतिशत र फिक्स्ड वायरलेसको ०.१० प्रतिशत प्रयोगकर्ता रहेका छन्।

प्राधिकरणका अनुसार समीक्षा अवधिसम्ममा भ्वाइसतर्फ (टेलिफोन तथा मोबाइल)का ग्राहक दुई करोड ९६ लाख ६९ हजार पुगिसकेका छन्। यसमध्ये नेपाल टेलिकमका एक करोड ५६ लाख र एनसेलका एक करोड ४० लाख ग्राहक रहेका छन्।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७०/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरिकाले गुहार माग समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था जारी बैंकको आफ्नो लेना रकम असुल उपर गारिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गारिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गारि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गारिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गारिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म: अमर पोल्ट्री फर्म,** संचालक तथा जमानीकर्ता: सरिता महतो दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय सर्लाही, मलंगवामा उद्योग दर्ता नं.१०५९६/०७७/०७८, दर्ता मिति २०७८/०१/०९, ठेगाना: जिल्ला सर्लाही, हरिवन न.पा. वडा नं. ५
२)	**ऋणी फर्म: आनन्द कृषि फार्म,** संचालक तथा जमानीकर्ता: अनुठा बैठा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं. १००२५/७०५/२६७/६९ गढीमाई, दर्ता मिति २०७८/०६/०८, ठेगाना: जिल्ला रौतहट, गढीमाई न.पा. वडा नं. ३
३)	**ऋणी फर्म: अनिल अर्जुन कृषि फर्म,** संचालक तथा जमानीकर्ता: आरती प्रसाद यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय वीरगंज, पर्सामा उद्योग दर्ता नं. १५८३७/०७९/८०, दर्ता मिति २०८०/०३/१९, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. २७
४)	**ऋणी: अनिल भण्डारी** स्थायी ठेगाना: धादिङ जिल्ला, गाजुरी गा.वि.स. वडा नं. १, हालको ठेगाना: धादिङ जिल्ला, गाजुरी गा.पा. वडा नं. १, बाबु: गोकर्ण भण्डारी, बाजे: कुल बहादुर भण्डारी **तथा** **ऋणी: अजय कुमार भण्डारी** स्थायी ठेगाना: धादिङ जिल्ला, गाजुरी गा.वि.स. वडा नं. १, हालको ठेगाना: धादिङ जिल्ला, गाजुरी गा.पा. वडा नं. १, बाबु: गोकर्ण बहादुर भण्डारी, बाजे: कुल बहादुर भण्डारी
५)	**ऋणी फर्म: अनमोल ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: छोटे कुमार साह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा, प्रा.फ.नं. २०५/०६४/०६५, दर्ता मिति: २०६४/०९/२७, ठेगाना: जिल्ला सर्लाही, लालबन्दी गा.वि.स. वडा नं. १, (हाल लालबन्दी न.पा. वडा नं. ७)
६)	**ऋणी: अप्सरा अधिकारी (कार्की)** स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २४, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५, बाबु: बलराम अधिकारी, ससुरा: दुर्गा बहादुर कार्की, पति: ज्ञानेन्द्र कार्की
७)	**ऋणी फर्म: अरमान ग्राल्ला भण्डार एण्ड जेनरल स्टोर,** प्रोप्राईटर तथा जमानीकर्ता: जुवैर अंसारी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा उद्योग प्रा.फ.र.नं. १०४१२/११२२, दर्ता मिति: २०७७/०९/२९, ठेगाना: जिल्ला, रौतहट, गढीमाई न.पा. वडा नं. ७
८)	**ऋणी फर्म: आदित्य ग्राल्ला भण्डार,** प्रोप्राईटर तथा जमानीकर्ता: सुरेन्द्र प्रसाद महतो दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं.: १००६०/८८०, दर्ता मिति २०७७/०८/२२, ठेगाना: जिल्ला रौतहट, माधव नारायण न.पा. वडा नं. ६
९)	**ऋणी कम्पनी: आर्यन एण्ड सावन एग्रो फार्म प्रा.लि.,** संचालक तथा जमानीकर्ता: निराजन राय यादव दर्ता नं.: वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २७०७२८/०७८/०७९, दर्ता मिति २०७८/०५/२१, ठेगाना: जिल्ला रौतहट, बृन्दावन न.पा. वडा नं. ८
१०)	**ऋणी: अजित पजियार** स्थायी ठेगाना: जिल्ला धनुषा, जनकपुर न.पा. वडा नं. १६, हालको ठेगाना: जिल्ला धनुषा, जनकपुर उ.म.न.पा. वडा नं. १६ बाबु: विक्रम पजियार, बाजे: राम जुलुम पजियार **तथा** **सुजित पजीयार** स्थायी ठेगाना: जिल्ला धनुषा, जनकपुर न.पा. वडा नं. १६, हालको ठेगाना: जिल्ला धनुषा, जनकपुर उ.म.न.पा. वडा नं. १६ बाबु: विक्रम पजियार, बाजे: राम जुलुम पजियार
११)	**ऋणी फर्म: आलम पशु कृषि फार्म,** संचालक तथा जमानीकर्ता: सदरे आलम दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा उद्योग दर्ता नं. ८५११/७८९/१०१/३१ (ईशनाथ) दर्ता मिति २०७७/०९/२६, ठेगाना: जिल्ला रौतहट, ईशनाथ न.पा. वडा नं. ७
१२)	**ऋणी फर्म: आसिक ग्राल्ला भण्डार,** प्रोप्राईटर तथा जमानीकर्ता: महम्मद इस्लाम अंसारी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.र.नं. ३८७६/०७२/७३, दर्ता मिति २०७२/०४/१३, ठेगाना: जिल्ला बारा, आदर्श कोतवाल गा.पा. वडा नं. ४
१३)	**१) ऋणी फर्म: दास जेनरल सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: फेकु दास दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा आपुर्ति तथा प्रा.फ.र.नं. १०२५/२४६, दर्ता मिति २०६८/१२/०९, ठेगाना: जिल्ला रौतहट, वृन्दावन न.पा. वडा नं. ५ **२) ऋणी फर्म: रचना फर्निचर उद्योग,** प्रोप्राईटर तथा जमानीकर्ता: फेकु दास दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.नं. ६५२९/३५२/६१/३१ वृन्दावन, दर्ता मिति २०७५/०८/२३, ठेगाना: जिल्ला रौतहट, वृन्दावन न.पा. वडा नं. ५
१४)	**१) ऋणी फर्म: बहुउद्धेश्य गाई पालन,** प्रोप्राईटर तथा जमानीकर्ता: ढाल बहादुर कार्की दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय सिन्धुलीमा प्रा.फ.नं. २३०५/०७२/०७३, दर्ता मिति २०७२/१०/१२, ठेगाना: सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६ **२) ऋणी: ढाल बहादुर कार्की** ठेगाना: सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६, बाबु: उदय बहादुर कार्की, बाजे: ठेक बहादुर कार्की
१५)	**ऋणी: भिम बहादुर कार्की** स्थायी ठेगाना: मोरङ जिल्ला, इटहरा गा.वि.स. वडा. नं. १, हालको ठेगाना: मोरङ जिल्ला, रतूवामाई न.पा. वडा. नं. १० बाबु: इश्वरी बहादुर कार्की , बाजे: छत्र बहादूर कार्की
१६)	**ऋणी फर्म: ब्युठी पशुपन्छी तथा कृषी फर्म,** संचालक तथा जमानीकर्ता: आसिया वेगम दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा उद्योग दर्ता नं. १४४६९/०७९/०८०, दर्ता मिति २०७९/११/०८ ठेगाना: जिल्ला सर्लाही, ब्रहमपुरी गा.पा. वडा नं. ४
१७)	**ऋणी: चुन माया गुरुङ** स्थायी ठेगाना: स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ३, हालको ठेगाना: स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. १ बाबु: मोहन बहादुर गुरुङ, ससुरा: अम्बर ध्वज गुरुङ, पति: दुक बहादुर गुरुङ
१८)	**ऋणी: छविलाल कुमर** स्थायी ठेगाना: सिन्धुली जिल्ला, सिर्थौली गा.वि.स./न.पा. वडा नं. ५, हालको ठेगाना: सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ४ बाबु: बेचुवा कुमर, बाजे: पल्टा कुमर
१९)	**ऋणी: तनुकलाल चौधरी** स्थायी ठेगाना: सुनसरी जिल्ला, भा.सी. गाउँ पंचायत. वडा नं. ८, हालको ठेगाना: सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. २, बाबु: गुली राम चौधरी, बाजे: कानुन लाल चौधरी

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/संचालक को परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

■ तेस्रो देशबाट ल्याएर भारत निकासी हुने खानेतेलले उचाल्यो निर्यात

मूल्य अभिवृद्धि बढी हुने १५ वस्तुको निर्यात ६२% सम्मले घट्यो

निर्यात ८१% ले बढेर पौने तीन खर्ब पुगेपछि सरकारको हर्षबढाइँ, तर मुख्य वस्तुकै निर्यात घटेको विषय ओझेलमा

कृष्ण रिजाल/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०८१/८२ मा नेपालको निर्यातले ऐतिहासिक रेकर्ड कायम राख्दा धेरै मूल्य अभिवृद्धि हुने नेपालका मुख्य वस्तुहरूको निर्यात भने घटेको देखिएको छ। उक्त आवमा नेपालले हालसम्मकै सबैभन्दा बढी दुई खर्ब ७७ अर्बबराबरको निर्यात गरेको छ। तर, सो निर्यातमा नेपाली कच्चा पदार्थ, कृषि, सिप र कलामा आधारित मुख्य वस्तुहरूको हिस्सा कम भएका कारण त्यसबाट नेपाललाई उल्लेखनीय लाभ नहुने देखिन्छ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार गत आवमा नेपालको निर्यात ८१.८ प्रतिशतले बढेर पौने तीन खर्ब पुगेको छ। त्यसमा ४४ प्रतिशत हिस्सा भने सोयाबिन, सूर्यमुखी र पाम आयलको छ। तेस्रो देशबाट आयात भई तुलनात्मक रूपमा कम मूल्य अभिवृद्धि भएर भारत निकासी हुने यस्ता वस्तुको निर्यात ११ हजार सात सय ३२ प्रतिशतले बढेको छ। तर, उच्च मूल्य अभिवृद्धि हुने नेपालका कृषि, हस्तकला तथा खानीजन्य वस्तुको निर्यात भने ६२ प्रतिशतसम्मले घटेको छ। यसले नेपालको निर्यात वृद्धि भए पनि त्यसबाट मनग्य लाभ भने नभएको जानकारहरू बताउँछन्।

यस अवधिमा अदुवा, अलैंची, अम्रिसो-कुचो, जुस, हस्तकला, आइरन स्टिल, सिमेन्ट क्लिंकर, रेडिमेड गार्मेन्ट, आयुर्वेदिक औषधि, प्लाइउडलगायत नेपाली कच्चा पदार्थमा आधारित र बढी मूल्य अभिवृद्धि हुने १५ वस्तुको निर्यात घटेको छ। नेपालको कुल निर्यात ८१ प्रतिशतले बढ्दा यी १५ वस्तुको निर्यात औसतमा २१.३१ प्रतिशतले घटेको छ। त्यस्तै, नेपालको प्रमुख निर्यातजन्य वस्तुहरू गलैंचा, पस्मिना, फेल्ट, तामाका उत्पादन, चाँदीका गरगहनालगायत वस्तुको निर्यात वृद्धिदर पनि १० प्रतिशतभन्दा न्यून छ। यसरी मूल्य अभिवृद्धि दर बढी हुने वस्तुको निर्यात घटेका कारण कुल निर्यात ऐतिहासिक रूपमा बढ्दासमेत त्यसबाट नेपाललाई उल्लेखनीय लाभ नभएको नेपाल उद्योग वाणिज्य महासंघका निर्यात प्रवर्द्धन समितिका सभापति नरेशलाल श्रेष्ठ बताउँछन्।

'निर्यातले ऐतिहासिक रेकर्ड बनाएको छ, यो हामी सबैका लागि खुसीको कुरा हो। तर, अहिलेको निर्यात वृद्धिले विदेशी मुद्रा आर्जनमा उल्लेखनीय योगदान बढाएको देखिन्न,' उनले भने, 'अहिलेको निर्यात वृद्धि अस्थायी देखिन्छ, खासगरी आयातमा आधारित केही वस्तुको निर्यात वृद्धि उच्च छ, जसमा मूल्य अभिवृद्धि कम हुने भएकाले जति निर्यात बढाए पनि त्यसबाट उच्च लाभ हुँदैन।' राज्य र निजी क्षेत्रले नेपाली कच्चा पदार्थ, कृषि तथा वन पैदावार र मौलिक सिप तथा कलामा आधारित वस्तुको निर्यातमा विशेष ध्यान दिन आवश्यक रहेको उनले बताए।

निर्यात ८१ प्रतिशतले बढेर पौने तीन खर्ब पुगेपछि सरकारले हर्षबढाइँ गरिरहेको छ, तर मुख्य वस्तुकै निर्यात घटेको विषय ओझेलमा परेको छ। त्यस्तै, आयात १३.३ प्रतिशतले बढेर १८ खर्ब चार अर्ब १२ करोड पुगेको तथा व्यापार घाटा ६ प्रतिशतले बढेर १५ खर्ब २७ अर्ब नौ करोड पुगेको विषय पनि छायामा परेको छ। 'निर्यात ऐतिहासिक बनेको विषय अहिले हर्षबढाइँ छ, तर मुख्य वस्तुको निर्यात घटेको, आयात र व्यापार घाटामा कमी नआएको विषय ओझेलमा परेको छ,' वाणिज्य मन्त्रालयकै एक उच्च अधिकारीले भने, 'हामी अस्थायी खुसीमा रमाइरहेका छौं, जुन ठिक होइन।'

■ निर्यात घटेका केही मुख्य वस्तु

वस्तु	आव ०८०/८१	आव ०८१/८२	कति घट्यो ?
आइरन स्टिल	१७ अर्ब ४० करोड	१६ अर्ब ३५ करोड	-६.०१%
रेडिमेड गार्मेन्ट	८ अर्ब ९७ करोड	८ अर्ब ७५ करोड	-२.३९%
जुस	८ अर्ब ७१ करोड	७ अर्ब ७१ करोड	-११.४१%
अलैंची	७ अर्ब ९४ करोड	७ अर्ब ६८ करोड	-३.२४%
प्लाइउड	७ अर्ब ४२ करोड	७ अर्ब ९ करोड	-४.२६%
हर्बल	२ अर्ब २५ करोड	२ अर्ब ४ करोड	-९.३०%
अम्रिसो-कुचो	१ अर्ब ३३ करोड	१ अर्ब १५ करोड	-१३.१७%
मन्जन	७८ करोड ५६ लाख	७६ करोड १ लाख	-३.२५%
सिमेन्ट क्लिंकर	१ अर्ब ८८ करोड	६९ करोड ७३ लाख	-६२.९४%
अदुवा	१ अर्ब १८ करोड	५८ करोड ३६ लाख	-५०.३८%
सुगन्धित तेल	६३ करोड ४५ लाख	५७ करोड २७ लाख	-९.७३%
दलहन	५६ करोड ८४ लाख	३६ करोड १३ लाख	-३६.४३%
हस्तकला	५२ करोड ४३ लाख	२६ करोड ९२ लाख	-४८.६५%
भुस	४० करोड ८४ लाख	२५ करोड २१ लाख	-३८.२६%
मोजा र झोला	३१ करोड ५८ लाख	२५ करोड १६ लाख	-२०.३२%

■ निर्यात १० प्रतिशतभन्दा कम दरमा बढेका मुख्य वस्तु

वस्तु	आव ०८०/८१	आव ०८१/८२	वृद्धिदर
गलैंचा	१० अर्ब ५७ करोड	१० अर्ब ७८ करोड	१.९३%
फेल्ट	४ अर्ब ८० करोड	५ अर्ब १४ करोड	७.१६%
पस्मिना	३ अर्ब २ करोड	३ अर्ब २२ करोड	६.६२%
तामाका सामग्री	१ अर्ब २९ करोड	१ अर्ब ३३ करोड	३.१३%
चाँदीका गहना	१६ करोड ७० लाख	१७ करोड ८७ लाख	६.९८%

अहिलेको निर्यात वृद्धिले विदेशी मुद्रा आर्जन बढाएको छैन

● **नरेशलाल श्रेष्ठ,** सभापति, निर्यात प्रवर्द्धन समिति, नेपाल उद्योग वाणिज्य महासंघ



निर्यातले ऐतिहासिक रेकर्ड बनाएको छ, यो हामी सबैका लागि खुसीको कुरा हो। तर, अहिलेको निर्यात वृद्धिले विदेशी मुद्रा आर्जनमा उल्लेखनीय योगदान बढाएको देखिन्न। खासगरी आयातमा आधारित केही वस्तुको निर्यात वृद्धि उच्च छ, जसमा मूल्य अभिवृद्धि कम हुने भएकाले जति निर्यात बढाए पनि त्यसबाट उच्च लाभ हुँदैन। अहिलेको निर्यात वृद्धि अस्थायी देखिन्छ, विगतका नजिरलाई हेर्दा पनि कुनै वेला त्यस्ता वस्तुको निर्यात घट्न-रोकिन सक्छ। जे भए पनि निर्यात बढ्नु राम्रै हो, त्यसको पनि प्रवर्द्धन गर्नुपर्छ। तर, सरकार र निजी क्षेत्रले मूल्य अभिवृद्धि बढी हुने, स्वदेशी कच्चा पदार्थ, कृषि तथा नेपाली परम्परागत कला र सिपमा आधारित वस्तुको निर्यातमा विशेष ध्यान दिन आवश्यक छ।

■ खानेतेल : डेढ खर्बको आयात, सवा एक खर्बको निर्यात

गएको आवमा नेपालले खानेतेलको निर्यातमा गरेको आम्दानी तीनै वस्तुको कच्चा तेल आयातमा भएको खर्चभन्दा न्यून छ। अर्थात्, सोयाबिन, सूर्यमुखी र पाम आयल निर्यातबाट आर्जन गरेको भन्दा ती वस्तुको कच्चा तेल आयातमा नेपालले १९ अर्ब २६ करोड दुई लाख रुपैयाँले बढी रकम खर्चिएको छ। उक्त आवमा नेपालले एक खर्ब ४० अर्ब ७९ करोड २२ लाखको कच्चा तेल आयात गर्दा एक खर्ब २१ अर्ब ५३ करोड २० लाखको तयारी खानेतेल निर्यात गरेको हो।

नेपालमा इन्डोनेसिया, मलेसिया, थाइल्यान्डलगायत देशबाट कच्चा पाम आयल आयात हुन्छ। सूर्यमुखीको कच्चा तेल अर्जेन्टिना, रोमिनिया, युक्रेन, इटाली, मलेसियालगायत देशबाट आउँछ। सोयाबिन भने ब्राजिल, अर्जेन्टिना, पाराग्वे, थाइल्यान्ड, इटालीलगायत देशबाट आउँछ। ती देशबाट आयात भएका कच्चा तेललाई रिफाइन गरेर भारतमा निर्यात गर्ने गरिएको छ।

सिमखोलामा बेलिब्रिज जडान तीव्र



मकवानपुर/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका- २, सिमखोलामा बेलिब्रिज जडान तीव्र पारिएको छ। गत असोज ११ र १२ मा आएको बाढीले क्षतिग्रस्त बनेको पुल पुनर्निर्माण नगरिएपछि अहिले नयाँ स्थानमा बेलिब्रिज राख्न लागिएको हो। यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका प्रमुख इन्जिनियर नवीनकुमार सिंहले १५ साउनभित्र ५७ मिटर लम्बाइको बेलिब्रिज जडान सक्ने गरी काम थालेको बताए। बेलिब्रिजसहित पक्की पहुँचमार्ग निर्माण र वरिपरि क्षतिग्रस्त सडक मर्मतका लागि एक करोड ७९ लाख रुपैयाँमा ठेक्का लागेको कार्यालयले जनाएको छ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भ्रमण गर्ने पर्यटक घटे

कञ्चनपुर/ अघिल्लो आर्थिक वर्षका तुलनामा गत आर्थिक वर्ष ०८१/८२ मा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भ्रमण गर्न आउने आन्तरिक तथा बाह्य पर्यटक घटेका छन्। अघिल्लो आवमा चार हजार पाँच सय ७४ जनाले निकुञ्ज भ्रमण गरेको निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए।

जसमा चार हजार दुई सय ९४ जना नेपाली, एक सय ३७ जना सार्क मुलुकका तथा एक सय ४३ जना विदेशीले निकुञ्ज भ्रमण गरेका थिए। सोही अवधिको तुलनामा गत आवमा आन्तरिक तथा बाह्य गरी जम्मा तीन हजार सात सय २२ जनाले निकुञ्ज भ्रमण गरेका छन्। जसमा तीन हजार तीन सय ७१ जना नेपाली, सार्क मुलुकका एक सय ९९ जना र एक सय ५२ जना विदेशी पर्यटकले यस निकुञ्ज भ्रमण गरेका थिए। त्यस्तै, आव ०७९/८० मा तीन हजार पाँच सय ५७ जनाले निकुञ्ज भ्रमण गरेका थिए।

अस्तव्यस्त बन्दै लिबाङ बजार

सडकको कालोपत्रे उक्किँदा, छेउछाउका नाला बिग्रिँदा र जथाभावी पार्किङ गर्दा सुन्दर लिबाङ बजार बन्यो कुरूप

रोल्पामा **नवीन लोचनमगर**

रोल्पाको सदरमुकाम लिबाङ बजार जिल्लाकै एक मात्र नगरपालिका हो। यहीं छ रोल्पा नगरपालिकाको मुख्य लिबाङ बजार पनि। तर, सडकको कालोपत्रे उक्किँदा, छेउछाउका नाला बिग्रिँदा र जथाभावी पार्किङ गर्दा लिबाङ बजार यतिवेला कुरूप र अस्तव्यस्त बनेको छ।



करिब चार वर्षअघि मर्मत गरिएको बजार क्षेत्रको एक किलोमिटर सडक अहिले पुनः जीर्ण बन्नुका साथै सडकका खाल्टाखुल्टीले दुर्घटनाको जोखिमसमेत बढाएको छ। 'सडक जीर्ण बन्दै गइरहेको छ, तर कसैले वास्ता गरेको छैन,' लिबाङ बिचबजारकी व्यवसायी नौली डाँगीले भनिन्, 'मर्मत गर्न कसैले चासो नदिँदा दुर्घटनाको जोखिम बढ्दै गएको छ।' मुख्य सडकलाई अतिक्रमण गर्ने प्रवृत्ति पनि बढेको, तर कसैले वास्ता नगरेको उनको गुनासो छ।

त्यसो त बर्खाको समय छ। यही वेला बजारका नाला बन्द भएर पनि समस्या हुने गरेको छ। नाला बन्द भएपछि लिबाङको टुँडिखेलआसपासमा ठुलो पानी पर्दा फोहोरको डुंगुर देखिन्छ। 'हरेक शनिबार बजारवासीले बजार सरसफाइ गर्दै आएका छौं,' स्थानीय व्यवसायी मनबहादुर नेपालीले भने, 'नाला बन्द भएर धेरै फोहोर सडकमा थुप्रिन्छ, त्यसको सफाइ र नाला खोल्नतिर सरकारले ध्यान दिनुपर्‍यो।' स्थानीय तिलचन्द्र आचार्यका अनुसार लिबाङले आफ्नो सुन्दरता गुमाउँदै लगेको छ। 'सडकका खाल्टाखुल्टीमा पानी जमेको छ, विद्यालय आउजाउ गर्ने बालबालिकालाई पनि अति नै सास्ती छ,' उनी सुनाउँछन्।

अब मर्मत गर्छौं : नगरप्रमुख

रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापा घर्तीले संघीय सरकारको बजेटबाट कालोपत्रे एवं मर्मत गर्दा बजार क्षेत्र र जलजला क्याम्पस रोड छुटेको बताए। 'सदरमुकामआसपासका १२ वटा सडक एकैपटक कालोपत्रे तथा मर्मत गरिएका थिए, त्यसवेला दुईवटा सडक छुटेका थिए,' नगरप्रमुख घर्तीले भने, 'पहिले सडक विभागबाट पनि मर्मत भएको थियो, अब कसैले नगरेपछि नगरपालिकाले नै गर्छ।' उनले बजार क्षेत्रको सडक र नाली सफाइका लागि सडक विभागको बजेटसँग साझेदारी गरेर काम गर्ने बताए।

सडकको जथाभावी पार्किङले पनि अस्तव्यस्तता बढाएको छ। यसअघि



जिल्ला प्रहरी कार्यालय रोल्पा र नगरपालिकाले पार्किङका लागि निश्चित क्षेत्र निर्धारण गरेको थियो। पार्किङ केही व्यवस्थित हुँदा बजार पनि सुन्दर देखिएको थियो। तर, उक्त व्यवस्थापन लामो समय टिक्न सकेन। जथाभावी पार्किङलाई व्यवस्थापन गर्नुपर्नेमा प्रशासन तथा नगरपालिका उदासीन भएको स्थानीयको आरोप छ। बजारको सुन्दरतालाई बचाइराख्न सडक मर्मत, पार्किङ व्यवस्थापन, सडकपेटीसम्म बेच्न राखिएका सामान हटाउने, नाली मर्मतलगायतका काम गर्नुपर्ने स्थानीय बताउँछन्।

रसुवागढी-केरुङ जोड्ने बेलिब्रिज निर्माणको काम आजबाट सुरु गर्दै चीन

नयाँ पत्रिका

चीनले बाढीले बगाएपछि अवरुद्ध भएको रसुवा-केरुङ नाका जोड्न ल्हेन्दे खोलामा आज (आइतबार)बाट बेलिब्रिज निर्माण थाल्ने भएको छ। २४ असारको बाढीले भोटेकोशीको सहायक नदी ल्हेन्देको मितेरी (सीमापुल) बगाएको थियो।

नेपाल सरकारले स्वीकृति दिएसँगै चीन पक्षले आइतबारबाट निर्माणको काम थाल्ने जानकारी दिएको रसुवाका प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले बताए। 'तिब्बततर्फ यसअघि नै साइट क्लियरेन्सको काम भइरहेको थियो। आइतबारबाट औपचारिक रूपमा निर्माणको काम थाल्ने जानकारी दिनुभएको छ,' पौडेलले भने, '१५ सेप्टेम्बर (३० भदौ) भित्र निर्माण सक्ने लक्ष्य छ।' बाढीले पुल बगाउँदा नाका अवरुद्ध भएपछि नेपाल सरकारले पुल निर्माण र नाका जोड्ने सडक पुनर्निर्माणका लागि चीनसँग आग्रह गरेको थियो। परराष्ट्रले अर्थ, भौतिक पूर्वाधार, कानुनलगायत मन्त्रालयको राय लिएपछि नेपाल र चीनबिच बेलिब्रिज बनाउने समझदारी भएको थियो। चीनले हाललाई बेलिब्रिज बनाउन लागेको हो।

शनिबार मात्र रसुवाका प्रमुख जिल्ला अधिकारी पौडेल नेतृत्वको टोली र चीनका समकक्षीबिच निर्माणस्थलबाटै भर्चुअल बैठकसमेत भएको छ। बैठकमा उद्धार, राहत एवं पुनर्निर्माण र पुनर्स्थापनाका विषयमा विस्तृत रूपमा द्विपक्षीय छलफल भएको उनले बताए। 'बेलिब्रिजको यथाशीघ्र निर्माण सम्पन्न गर्न स्थानीय प्रशासनबाट उपयुक्त कार्यवातावरण निर्माणका गर्न आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त भएको छ,' पौडेलले भने।

नेपाल र चीनबिच वार्षिक सवा तीन खर्बको व्यापार हुँदै आएको छ। गत आर्थिक वर्ष ०८१/८२ मा नेपालमा चीनबाट तीन खर्ब ४१ अर्ब १० करोड ४५ लाखको आयात भएको छ। यस अवधिमा निर्यात भने दुई अर्ब ६३ करोडको भएको भन्सार विभागको तथ्यांक छ। नेपाल-चीनबिच सबैभन्दा बढी आयात-निर्यात हुने प्रमुख व्यापारिक नाका रसुवागढी-केरुङ हो। गत आर्थिक वर्ष ०८१/८२ मा रसुवा नाका हुँदै ८५ अर्ब २३ करोड २३ लाखको आयात भएको छ। जुन कुल आयातको ४.७२ प्रतिशत हो। यस अवधिमा रसुवा हुँदै दुई अर्ब चार करोड ५२ लाखको निर्यात भएको छ। यो कुल निर्यातको ०.७४ प्रतिशत हो।

प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

बढी अर्थात् ११ कर्मचारी राखेका छन्। त्यस्तै, गृहमन्त्री रमेश लेखक, खानेपानीमन्त्री प्रदीप यादव र पर्यटनमन्त्री बद्री पाण्डेको सचिवालयमा ९-९ कर्मचारी छन्। उद्योगमन्त्री दामोदर भण्डारी र परराष्ट्रमन्त्री आरजु देउवा राणाको सचिवालयमा ८-८ स्वीकृत कर्मचारी छन्।

मन्त्रीको निजी तथा राजनीतिक भेटघाटलाई सहजीकरणका लागि मन्त्रीनिवासमै सीमित रहने अधिकार तोकिएका यी कर्मचारी सरकारी निर्णयमा पहुँच राख्ने, गोप्य डकुमेन्ट हेर्ने, सरुवा बढुवालगायतमा 'डिल' गर्ने अनधिकृत धन्दामा सक्रिय रहेको सरकारी अधिकारीहरूको गुनासो छ। राज्यले नदिएको सेवासुविधाको समेत दोहन गरेका छन्। गाडी, भत्ता, मोबाइल खर्चदेखि विदेश भ्रमणसमेत गरेका छन्। सबैको सुविधामा एकरूपता पनि छैन, मनपरी छ।

लोकसेवा आयोगका पूर्वअध्यक्ष एवं पूर्वप्रशासन उमेश मैनाली मन्त्रीका स्वकीय कर्मचारीले मन्त्रालयमा कार्यकक्ष लिएर बस्नु र सरकारी कामकाजमा रुचि देखाउनु सैद्धान्तिक रूपमा गलत अभ्यास रहेको बताउँछन्। 'स्वकीय कर्मचारीहरू मन्त्रालयमा कार्यकक्ष बनाएर बस्नु नै सैद्धान्तिक रूपमा गलत अभ्यास हो। मन्त्रीको भेटघाट मिलाउनेबाहेक सरकारी कामकाजमा चासो राख्ने अधिकार उनीहरूलाई छैन। तोकिएभन्दा बढी तलब वा सेवासुविधा पनि दिन मिल्दैन,' उनले भने, 'यहाँ त स्वकीय कर्मचारीहरू मन्त्रालयका निर्णय प्रक्रिया, अनुगमनदेखि कर्मचारी सरुवा बढुवामा समेत हस्तक्षेप गर्दै आइरहेका छन्, यो गलत हो।'

प्रधानमन्त्री र मन्त्रीका दुई सय स्वकीय कर्मचारीका लागि मासिक ६३ लाख खर्च हुने गरेको छ। जुन वार्षिक रूपमा सात करोड ५६ लाख हुन आउँछ।

निजी सचिवालयमा पनि नियमविनै कर्मचारी नियुक्ति र सुविधा

मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, ०४९ ले उनीहरूलाई कार्यकालभरका लागि निजी सचिवालयका लागि आवश्यक पर्ने कर्मचारी, कार्यालयका सामान, फर्निचर तोकिएबमोजिम हुने व्यवस्था गरेको छ। तर, यी सबैको व्यवस्था नियमावलीले तोक्नुपर्ने भए पनि हालसम्म सरकारले नियमावली नै बनाउन सकेको छैन। जसकारण निजामतीतर्फबाट उपलब्ध हुने निजी सचिवालयका कर्मचारी र उनीहरूको सेवासुविधामा मनपरी भइरहेको छ। निजी सचिवालयमा कार्यरत कर्मचारीलाई दिइने सवारीसाधन र इन्धनको सुविधामा पनि एकरूपता छैन।

गृहमन्त्री रमेश लेखकको निजी सचिवालयमा पाँच स्थायी र दुई करारका गरी सात कर्मचारी छन्। उपसचिव बद्रीप्रसाद तिवारी, शाखा अधिकृत (प्राविधिक) लक्ष्मी ऐर भण्डारी, नासु ओमकारप्रसाद विष्ट, कम्प्युटर अपरेटर मनोजबहादुर चन्द, कार्यालय सहयोगी बुद्धिबहादुर गुरुङ तथा करारका कार्यालय सहयोगी जयबहादुर क्षेत्री र सल्मा कपाली छन्। भण्डारी, चन्द र क्षेत्रीलाई दुईपांग्रे सवारीसाधन र जनही ८ लिटर इन्धनको व्यवस्था गरिएको छ।

त्यस्तै, सहरी विकासमन्त्री प्रकाशमान सिंहको निजी सचिवालयमा उपसचिव इन्दिरा थापा, शाखा अधिकृत वासुदेव खनाल र कम्प्युटर अपरेटर दावा शेर्पा कार्यरत छन्। थापा र खनाल स्थायी र शेर्पा करारका कर्मचारी हुन्। शेर्पालाई मासिक ३४ हजार ७३० रुपैयाँ पारिश्रमिक दिइएको छ भने सबैलाई सवारी सुविधाअन्तर्गत गाडी प्रयोग गर्ने व्यवस्था गरिएको छ।

सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङको निजी सचिवालयमा ९ कर्मचारी कार्यरत छन्। नेपाल टेलिकमबाट काजमा आएका सूचना प्रविधिविज्ञ इन्जिनियर (१०औँ तह) शालिग्राम पराजुली स्थायी कर्मचारी हुन्। उनलाई गाडी सुविधा छ। त्यस्तै, उपसचिव सुरथ पोखेल र शाखा अधिकृत राजकुमार दुलाल पनि सरकारका स्थायी कर्मचारी हुन् र दुवैलाई गाडी सुविधा छ। नेपाल टेलिकमबाटै काजमा आएका इन्जिनियर (सातौँ तह) प्रमोद घिमिरे, मुद्रण विभागबाट काजमा ल्याइएका नासु बालकृष्ण भण्डारी र लीला भण्डारी तथा कम्प्युटर अपरेटर सन्तबहादुर स्याङ्तान स्थायी कर्मचारी हुन्। उनीहरूलाई गाडी सुविधा छैन। त्यस्तै, करारमा नियुक्त कार्यालय सहयोगी भगवती भण्डारी र अर्जुन कुँवरलाई पनि गाडी सुविधा छैन।

सिमेन्ट उद्योग बन्द गरेर कर्मचारी मन्त्रीको निजी सचिवालयमा भर्ती

सबैभन्दा ठुलो निजी सचिवालय उद्योगमन्त्री दामोदर भण्डारीको छ। उनको निजी सचिवालयमा उपसचिव सुमन धिताल स्थायी पदमा कार्यरत छन्। उनीसँग बा२भ २३०५ नम्बरको गाडी सुविधा छ। सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योग अहिले बन्द छ। त्यहाँबाट काजमा ल्याइएका सहायक प्रबन्धक (आठौँ) सबला सिग्द्याल, सहायक प्रबन्धक (छैटौँ) दीपा अधिकारी, सहायक प्रबन्धक (छैटौँ) सूचना आचार्य र जनस्वास्थ्य निरीक्षक रूपेश चापागाईं कार्यरत छन्। त्यसबाहेक मन्त्रालयबाट स्थायी रूपमा नासु हरिकृष्ण फुँयाल र मञ्जुकुमारी शर्मा कार्यरत छन्। त्यस्तै, राजेश धिमाल अस्थायी तथा बिरा महतो र श्यामकुमार देउजा करारमा कार्यालय सहयोगीमा कार्यरत छन्।

सहयोगीहरूको गाडी मोह

पर्यटनमन्त्री बद्री पाण्डे र पर्यटन राज्यमन्त्री अरुणकुमार चौधरीका सचिवालयमा ६ वटा गाडी प्रयोगमा छन्। गाडी प्रयोगको विवरणमा पर्यटनमन्त्रीले २०१२ मोडेलको सोनाटा जिएलएस कार प्रयोग गर्छन्। मन्त्रीको स्वकीय सचिवालयका लागि स्कर्पियो र २००६ मोडेलको कार व्यवस्था गरिएको छ। राज्यमन्त्री चौधरीका लागि स्कर्पियो २०१३ मोडेलको जिप र स्पोर्टेज २०११ मोडेलको जिप उपलब्ध छन्। त्यस्तै, राज्यमन्त्रीको उपस्वकीय सचिवका लागि फोनिक्स २०१६ मोडेलको मोटरसाइकल व्यवस्था गरिएको छ।

पर्यटनमन्त्रीको स्वकीय सचिवालयतर्फ उपस्वकीय सचिव तालबहादुर रावत (पारिश्रमिक ४८ हजार ७३७ रुपैयाँ) र स्वकीय अधिकृत दिनेशकुमार शाही (पारिश्रमिक ४३ हजार ६८९ रुपैयाँ) कार्यरत छन्। त्यस्तै, प्रशासन सहायक खडकप्रसाद पाण्डे (३४ हजार ७३० रुपैयाँ), कार्यालय सहयोगी मदनकुमार सुनार र रोशनी रावल (जनही २७ हजार ६१२ रुपैयाँ) छन्। दैनिक भ्रमण भत्ताका रूपमा उपस्वकीय सचिव र स्वकीय अधिकृतलाई १६००, प्रशासन सहायकलाई १२०० र अन्यलाई १००० उपलब्ध गराइएको छ। त्यस्तै, प्रेस संयोजकको जिम्मेवारीमा अंगराज न्यौपाने र भूपेन्द्र शाह ठकुरी छन्, तर उनीहरूको नियुक्ति मिति, पारिश्रमिक र भ्रमण भत्ताबारे विवरण खुलाइएको छैन।

निजी सचिवालयतर्फ उपसचिव (निजी सचिव) पद १० वैशाख ०८२ देखि रिक्त छ। शाखा अधिकृत सरोज अर्याल २१ असार ०८१ देखि, नायब सुब्बा मिमराज जैशी १३ जेठ ०८२ देखि काजमा र कम्प्युटर अपरेटर लोहसप्रसाद सिग्देल ६ साउन ०८१ देखि काजमा कार्यरत छन्। त्यस्तै, कार्यालय सहयोगी लालबहादुर खड्का स्थायी रूपमा र कल्पना शाही करारमा कार्यरत छन्।

कृषिमन्त्री रामनाथ अधिकारीको निजी र स्वकीय सचिवालयका अधिकांश कर्मचारीलाई गाडी र मोटरसाइकलको सुविधा छ। निजी सचिवालयतर्फ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, लमजुङबाट आएका वरिष्ठ बाली संरक्षण अधिकृत रोशन अधिकारीसँग गाडी सुविधा छ र मासिक ६४ लिटर डिजेल उपलब्ध गराइएको छ। राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरबाट आएका बागवानी विकास अधिकृत संयम पण्डितलाई गाडी र मासिक १० लिटर पेट्रोलको सुविधा छ। कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिबाट आएका प्रशासनिक अधिकृत दयानिधि दवाडी, राष्ट्रिय पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन प्रयोगशालाबाट आएका पशु सेवा प्राविधिक पुष्कर नेपाल र रेडियो नेपालबाट आएका (छैटौँ) संवाददाता प्रवीण पोखरेललाई मोटरसाइकल र १० लिटर पेट्रोल सुविधा छ।

स्वकीय सचिवालयतर्फ उपस्वकीय सचिव नवराज तिमिल्सिनालाई मासिक ४८ हजार ७३७ रुपैयाँ पारिश्रमिकसहित गाडी सुविधा र मासिक ६४ लिटर डिजेल दिइएको छ। स्वकीय अधिकृत होमबहादुर गुरुङलाई ४३ हजार ६८९ रुपैयाँ पारिश्रमिकसहित मोटरसाइकल सुविधा र मासिक १० लिटर पेट्रोल, प्रशासन सहायक लक्ष्मी सिलवाललाई ३४ हजार ७३० रुपैयाँ पारिश्रमिकसहित मोटरसाइकल सुविधा र मासिक १० लिटर पेट्रोल दिइएको छ। कार्यालय सहयोगी अंगीता जोगी र जुन भुजेललाई जनही २४ हजार ७०२ रुपैयाँ पारिश्रमिक दिइएको छ। दुवैलाई मोटरसाइकल सुविधा तथा १० लिटर पेट्रोल उपलब्ध गराइएको छ।

ऊर्जामन्त्री दीपक खड्का र उनका सचिवालयका कर्मचारीहरूले हाल नेपाल विद्युत् प्राधिकरणबाट १० वटा गाडी प्रयोग गरिरहेका छन्। प्राधिकरणको सामान्य सेवा विभागको तथ्यांकअनुसार मन्त्रीको सचिवालयले तीन बिवाइडी इभी, टोयोटा कार, महिन्द्रा जिप, दुई टाटा इभी, तीन टोयोटा जिप लिएका छन्।

मन्त्रीको स्वकीय सचिवालयतर्फ स्वकीय उपसचिव भुपालमान बस्नेत छन्। उनलाई मासिक ४८ हजार ७३७ पारिश्रमिकसहित गाडी सुविधा उपलब्ध छ। स्वकीय अधिकृत उज्वल कोइरालालाई मासिक ४३ हजार ६८९, प्रशासन सहायक राजेन्द्र बस्नेतलाई ३४ हजार ७३०, कार्यालय सहयोगी देवी पाण्डे र करुणा लामालाई २४ हजार ७०२ रुपैयाँका दरले पारिश्रमिक दिइएको छ।

साथै, आर्थिक सल्लाहकार अमित श्रेष्ठ, कानुनी सल्लाहकार सेवक पोखरेल, प्रेस संयोजक अच्युत रेग्मी र प्रेस सल्लाहकार सन्तोष मिश्र अवैतनिक रूपमा कार्यरत छन्। निजी सचिवालयतर्फ निजीसचिव संजीव राय स्थायी पदमा कार्यरत छन्। उनलाई ४८ हजार ७३७ पारिश्रमिकसहित इभी गाडी सुविधा उपलब्ध छ। नायब सुब्बा पूर्ण गुरुङ स्थायी पदमा कार्यरत छन् र उनको पारिश्रमिक ३४ हजार ७३० छ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलका लागि बा.प्र.०१-००२ झ-६५१७ नम्बरको गाडी प्रयोगमा छ। जसका लागि मासिक २०५ लिटर इन्धन उपलब्ध हुन्छ। त्यस्तै, क्वार्टर प्रयोजनका लागि बा१०च ८५९० नम्बरको गाडी प्रयोगमा छ। जसका लागि ५० लिटर इन्धन उपलब्ध छ। उनका स्वकीय उपसचिव दुर्गाप्रसाद घिमिरेलाई पनि गाडी सुविधा दिइएको छ। उनले मासिक ५० लिटर इन्धन पाउँछन्। त्यस्तै, प्रशासन सहायक मनोज आचार्यका लागि गाडीसहित ५० लिटर इन्धन उपलब्ध गराइएको छ। बा२झ-१०८६ नम्बरको गाडीको प्रयोगकर्ता र इन्धनबारे विवरण खुलाइएको छैन। प्रेस संयोजकको रूपमा पवन पौडेललाई नियुक्ति दिइए पनि उनीबारे नियुक्ति, पद, पारिश्रमिक तथा गाडी-इन्धन सुविधाको विवरण खुलाइएको छैन।

एकपछि अर्को...

पृष्ठ १ बाट क्रमशः

सत्तामा निरन्तर थियो। उक्त घटनापछि मात्रै उसले सरकार छाडेको हो।

सुरुमा घुस अडियो सार्वजनिक भएपछि प्रदेश सरकारमा उद्योग तथा वनमन्त्री रहेका लक्ष्मणकिशोर चौधरीले गत १७ चैतमा राजीनामा दिनुपरेको थियो। उनले दिगो वन व्यवस्थापनसम्बन्धी कार्यविधि पास गर्न काठ व्यवसायीसँग आर्थिक मोलमोलाइ गरेका थिए। नागरिक उन्मुक्तिका 'सिनियर' नेता उनी पार्टी गठन हुँदाको २१ सदस्यीय कार्यसमितिका सदस्य हुन्। उक्त अडियोमा लक्ष्मणकिशोरसँगै एमाले नेता नारदमुनि रानाले समेत काठ व्यवसायीसँग आर्थिक लेनदेनको संवाद गरेको सुनिन्छ।

गत १९ असारमा नाउपा सुदूरपश्चिमका अर्का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री भ्रष्टाचार काण्डमै बर्खास्तीमा परे। उनको भ्रष्टाचार मुद्दा भने यसअघि कृषिमन्त्री छँदाको हो। कृषिमन्त्री रहेका वेला किसानलाई ५० प्रतिशत अनुदानमा पावर टिलर ट्याक्टर दिने भन्दै सचिवालयमार्फत पैसा उठाएर आर्थिक अपचलन गरेको आरोप थियो। उक्त काण्डमा अख्तियारले छानबिन गर्दैगर्दा प्रदेश सकारको गठबन्धन फेरिएपछि नाउपा पनि सरकारबाट बाहिरिएको थियो। पछि नयाँ गठबन्धनमा नाउपा फेरि सरकारमा प्रवेश गरेपछि उनी उद्योगमन्त्री बनेका थिए। तर, अख्तियारले छानबिनमा रहेको व्यक्तिलाई किन मन्त्री नियुक्त गरेको भनेर पत्र पठाएपछि उनलाई मुख्यमन्त्रीले बर्खास्त गरेका हुन्।

प्रतिकिसान ५० हजार कमिसन लिएका व्यक्तिलाई फेरि मन्त्री बनाइनु र स्वकीय सचिवमा नवीन थापालाई नै राखिएकामा अख्तियारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग प्रस्टीकरण मागेको थियो भने तत्कालीन मन्त्री चौधरी, स्वकीय सचिव नवीन थापा र नाउपा नेतृ सुनिता चौधरीमाथि छानबिन गर्न निर्देशन दिएको थियो। लगत्तै, मुख्यमन्त्री कमलबहादुर शाहले राजीनामा दिन सुझाएका थिए। तर, नमानेपछि बर्खास्त गरेका थिए।

हुन् त रामेश्वर पार्टी संरक्षक रेशम चौधरीको चाहनाअनुसार मन्त्री बनेका थिए, अध्यक्ष श्रेष्ठले भने घनश्याम चौधरीलाई मन्त्री बनाउन सिफारिस गरेकी थिइन्। उद्योगमन्त्री छँदा रामेश्वरले खप्तड क्षेत्र विकास समितिको कार्यकारी निर्देशक नियुक्तिमा एकलौटी गरेको, मन्त्रालयको बजेट निर्माणमा आर्थिक चलखेल गरेको आरोप पनि मुख्यमन्त्रीले लगाएका थिए।

भ्रष्टाचार काण्ड र सत्तामा हुँदा प्रभावकारी काम गर्न नसक्दा नागरिक उन्मुक्ति गम्भीर प्रश्नको घेरामा परेको छ भने आन्तरिक विवादले संगठनमा क्षति व्यहोर्दै छ। पार्टीका नेता विभिन्न काण्डमा मुछिएपछि नाउपाले जनमत गुमाएको वरिष्ठ उपाध्यक्ष दामोदर पण्डितले स्वीकार गरे। 'अहिले नेताहरू नै भ्रष्टाचार काण्डमा मुछिन थालेपछि जनविश्वास झन् खस्किएको छ,' उनले भने।

रेशम-रञ्जिता अन्तर्संघर्षले पार्टी छिन्नभिन्न

अध्यक्ष रञ्जिता श्रेष्ठ र उनका श्रीमान् एवं पार्टीका संरक्षक रेशमलाल चौधरीबिचको संघर्षले पार्टी छिन्नभिन्न छ। कतिपय नेता-कार्यकर्ताले पार्टी छोडिसकेका छन् भने केही निष्क्रिय बनेका छन्। पार्टीका गतिविधि ठप्प छन्। वरिष्ठ उपाध्यक्ष दामोदर पण्डितले आन्तरिक किचलोले पार्टी संगठन अस्तव्यस्त रहेको बताए। 'जुन समुदायले विश्वास गरेको थियो, त्यो समुदायको मुद्दा पार्टीले बोक्न सकेन। हाम्रा जनप्रतिनिधिले पनि जनचाहनाअनुसार काम गर्न सकेनन्,' पण्डितले भने। थारू, आदिवासीका मुद्दा उठाएर उदय भएको पार्टीले पछि ती समुदायका मुद्दा बोक्न नसक्दा जनविश्वास गुमेको उनको बुझाइ छ।

आन्तरिक विवाद र पार्टीलाई नेतृत्वले व्यक्तिगत कम्पनी जसरी सञ्चालन गर्न खोजेको भन्दै जिम्मेवार पदमा रहेका व्यक्तिहरू पनि पार्टी छोडेर जान थालेका छन्। पार्टीका कञ्चनपुर जिल्ला अध्यक्ष नन्दकुमार राना, बाँके अध्यक्ष सन्तराम चौधरी, पहिलो महाधिवेशन (जसलाई निर्वाचन आयोगले पछि अवैध भनेको) बाट सचिव चयन भएका ललित ताम्राकार, सहसचिव करिस्मा कडरिया, केन्द्रीय सदस्य एवं रञ्जिताका स्वकीय सचिव रहेका रमेश विकलगायतले पार्टी छोडेका छन्।

टीकापुर बहुमुखी क्याम्पसका उपप्राध्यापक शिवचरण चौधरी नागरिक उन्मुक्तिप्रति खासगरी थारू समुदायको आशा रहे पनि पारिवारिक किचलोका कारण निकै घटेको बताए। 'काम गर्न सकेन, पार्टी पारिवारिक भयो भन्ने समाजमा बुझाइ देखिन्छ,' उनले भने, 'विगतको चुनावमा नागरिक उन्मुक्तिप्रति उत्साहित जनमत अहिले निराश छ।'

आन्तरिक विवाद, भ्रष्टाचार काण्डले जनमत खस्किएको सहजै अनुमान गर्न सकिने उनले बताए। 'खासगरी थारू समुदायले जसरी आशा गरेका थिए, त्यसरी नागरिक उन्मुक्तिले मुद्दा उठाउन सकेन। आन्तरिक विवादमै रुमल्लियो,' उनले भने। नाउपा गठनको पहिलो निर्वाचनमै कैलाली, बर्दियालगायत तराईका केही जिल्लामा राम्रो जमाएको थियो।

टीकापुर घटनामा दोषी ठहर भई जेल सजाय भोगिरहेका रेशम चौधरीले कारागारबाटै पत्नी रञ्जिताको नाममा स्थानीय तह निर्वाचनको मुखमा पार्टी गठन गरेका थिए। कैद मिनाहा भएर कारागारमुक्त भएपछि पार्टी काममा लागेका रेशम र रञ्जिताको विवाद पछिल्लो समय केन्द्रीय समिति बैठक बोलाउने विषयमा झन् बल्झिएको छ। रञ्जिता पोखरा लिचीघारीको जग्गा विवादमा मुछिएपछि पार्टीका १२ केन्द्रीय सदस्यले २४ घण्टाको अल्टिमेटम दिएर बैठक राख्न माग गरेका थिए। शनिबारसम्मको अल्टिमेटममा रञ्जिताले बैठक नराखेपछि अब आइतबार बहुमत केन्द्रीय सदस्य बैठक बसेर निर्णय लिने तयारीमा छन्।

सबैले दिए...

पृष्ठ १ बाट क्रमशः

भीमदत्त नगरपालिका- १९ बागफाँटाका दिलीप विष्टलाई अभियुक्त देखाइएको थियो। प्रहरीले किटानका साथ निर्मलाका हत्यारा दिलीप नै हुन् भनेर ४ भदौ ०७५ मा सार्वजनिक नै गरेको थियो।

तर, दिलीप हत्याका अभियुक्त हुनै सक्दैन भनेर केही अधिकारकर्मीसहित कांग्रेस नेता-कार्यकर्ताले महेन्द्रनगरमा आन्दोलन चर्काए। निर्मलाको न्यायका लागि भन्दै भएको आन्दोलनमा बालक सन्नी खुनाले ज्यान गुमाए। दर्जनौँ घाइते भए।

घटना हुँदा गृहमन्त्री रामबहादुर थापा 'बादल' थिए। त्यसपछि क्रमशः बालकृष्ण खाण, रवि लामिछाने, नारायणकाजी श्रेष्ठ र हाल रमेश लेखक गृहमन्त्री छन्। सरकारबाहिर हुँदा 'न्यायका लागि संघर्ष' भन्ने निर्मलाकै गृहनगरका कांग्रेस नेता रमेश लेखक अहिले गृहमन्त्री छन्। निर्मलाको आमा 'कहिले आउला न्याय ?' भनेर बाटो कुर्दै छिन्। सरकारबाहिर हुँदा न्यायको कुरा गर्ने लेखकले अहिले गृहमन्त्री हुँदा केही नगरेको स्थानीयको गुनासो छ।

यसबिचमा निर्मला हत्याकाण्ड हुँदा उतिवेला तत्कालीन प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल थिए। त्यसपछि क्रमशः ठाकुरप्रसाद ज्ञवाली, शैलेश थापा (क्षेत्री), धीरजप्रताप सिंह, वसन्तबहादुर कुँवर हुँदै हाल दीपक थापा आइजिपी छन्।

सुदूरपश्चिम प्रदेश प्रहरीको तथ्यांकअनुसार निर्मला हत्याकाण्ड हुँदा तत्कालीन प्रदेशको प्रहरी प्रमुखमा प्रहरी नायब महानिरीक्षक (डिआइजी) सुरज केसी थिए। त्यसपछि क्रमशः तारणीप्रसाद लम्साल, उत्तम सुवेदी, पुरुषोत्तम कँडेल, मोहनकुमार आचार्य, अशोक सिंह, निमित्त प्रदेश प्रहरी प्रमुख एसएसपी जनकराज पाण्डेय, निमित्त तथा प्रदेश प्रहरी प्रमुख भरतबहादुर बोहरा, रवीन्द्र केसी, गणेश चन्द, हाल डम्बर विश्वकर्मा डिआइजी छन्।

निर्मला हत्याकाण्ड हुँदा जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको प्रमुखमा तत्कालीन एसपी दिल्लीराज विष्ट, त्यसपछि क्रमशः तत्कालीन एसपीहरू कुँवेर खडायत, दिनेश आचार्य, मुकुन्द मरासिनी, उमाप्रसाद चतुर्वेदी, श्यामसिंह चौधरी, कमल थापा, चक्रराज जोशी र हाल जिल्लाका प्रहरी प्रमुख (एसपी) खडकबहादुर खत्री रहेका छन्।

महिला अधिकारकर्मी एवं उतिवेला निर्मलाको न्यायका लागि सशक्त आन्दोलनमा होमिएकी शारदा चन्दले सात वर्षसम्म पनि निर्मलाका हत्यारा पक्राउ नपर्नु दुःखद भएको बताइन्। 'अहिले हाम्रो जिल्लाले गृहमन्त्री पाएको छ, त्यसैले निर्मलाले न्याय पाउने आस लिएको छु,' चन्दले भनिन्।

अधिकारकर्मी माया नेगीले निर्मलाले न्याय पाउनुपर्ने बताइन्। 'गृहनगरबाटै गृहमन्त्री भएको एक वर्ष भयो। उहाँबाट न्यायको अपेक्षा छ, तर एक वर्षसम्म पनि केही भएको छैन,' उनले भनिन्। वास्तविक हत्यारा पक्राउ गरेर कारबाही हुनुपर्ने उनको माग छ।

महिला अगुवा भुवन कुँवरले निर्मलाको बलात्कारपछि हत्या भएको सात वर्ष पूरा हुँदासम्म बलात्कारी पत्ता नलाग्नुमा सरकारको कमजोरी भएको बताइन्। 'आजसम्म हत्यारा पत्ता लागेन, अब त गृहनगरकै गृहमन्त्री भएका छन्, अब पत्ता लाग्ने आशा छ,' उनले भनिन्।

निर्मला हत्याकाण्डका दोषी सार्वजनिकको माग अघि सारेर संघर्ष गर्दै आएको दबाबमूलक संघर्ष समितिका संयोजक हेलेन श्रेष्ठले हत्यारा थाहा हुँदाहुँदै पनि सरकारले सार्वजनिक नगरेको बताइन्। 'अहिले आफ्नै जिल्लाका गृहमन्त्री छन्। निर्मलाले न्याय पाउने आशा छ। अहिले न्याय नपाए कहिल्यै नपाउने हुन सक्छ,' उनले भनिन्।

निर्मलाको न्यायका लागि भन्दै आन्दोलनमा होमिएका घाइते सुरेन्द्र देउवाले आफूले अहिलेसम्म राहत नपाएको दुःखेसो पोखे। 'निर्मलाको न्यायका लागि आन्दोलनमा होमिएँ, घाइते छु, तर उपचार खर्च पनि पाइनँ,' उनले भने।

नागरिक संघर्ष समितिकी संयोजक मीना भण्डारीले सात वर्ष बितिसक्दा पनि निर्मलाका बलात्कारी हत्यारा सार्वजनिक नहुनु दुःखद विषय भएको बताइन्। उनले अहिलेका गृहमन्त्री रमेश लेखक निर्मलाकै निर्वाचन क्षेत्रका भएकाले अन्य गृहमन्त्रीभन्दा लेखकप्रति ठुलो अपेक्षा रहेको बताइन्। 'अहिलेका गृहमन्त्रीज्यूलाई हत्याकाण्डबारे पूरै थाहा छ। अब उहाँले निर्मलाको हत्यारा सार्वजनिक गर्ने आशा छ,' उनले भनिन्। उनले निर्मलाको स्मृतिमा दीप प्रज्वलन र प्रशासनमार्फत पुनः सरकारको ध्यानाकर्षण गराउने बताइन्।

निर्मलाका आमा दुर्गादेवीका तीन छोरीमध्ये निर्मला माइली हुन्। जेठीको एक वर्षअघि विवाह भयो। कान्छी दुर्गादेवीसँगै छिन्। निर्मलाकी आमा भीमदत्त- २, उल्टाखाममा बस्दै आएकी छिन्। उनी हाल भीमदत्त नगरपालिका- २ वडा कार्यालयमा सहयोगीका रूपमा कार्यरत छिन्। दोस्रो विवाह गरेपछि निर्मलाका बाबु यज्ञराज पन्त कान्छी श्रीमतीसँगै भीमदत्त- १, भाँसीमा बस्दै आएका छन्।

आगन्तुक रिसोर्ट प्रा. लि. बनेपा वडा नं ६, काभ्रेपलान्चोकको शेयरधनीहरूलाई हकप्रद शेयर वापत रकम भुक्तान गर्ने सम्बन्धी सार्वजनिक सूचना

यस आगन्तुक रिसोर्ट प्रा. लि. को मिति २०८१/१२/१२ मा बसेको संचालक समितिको निर्णय अनुसार प्रति चुक्ता भएको १ शेयर वापत ०.७४३८६ को अनुपातमा प्रत्येक शेयरधनीलाई प्राप्त हुन आउने जम्मा हकप्रद शेयर कित्ता (थान) मध्ये आफूले लिन इच्छा गरेको प्रति शेयर कित्ता (थान) को रु. १००/- का दरले ३५ दिन भित्र कम्पनीको तल उल्लेखित बैंक खातामा रकम जम्मा गरी त्यसको भौचर समेत संलग्न गरी कम्पनीमा निवेदन दिन सबै शेयरधनीहरूलाई पत्र तथा इमेलद्वारा सूचित गरिएको छ। कुनै कारणवश त्यस्तो पत्र वा इमेल प्राप्त नगर्नुभएको भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो चुक्ता प्रति एक कित्ता बराबर ०.७४३८६ को अनुपातमा आफूले लिन पाउने हकप्रद शेयर मध्ये सबै वा सबै लिन इच्छा नभए आफूले लिन चाहेको हद सम्मको प्रति कित्ता रु. १००/- को दरले हुन आउने जम्मा रकम यस कम्पनीको नेपाल बैंकको न्यूरोड शाखामा रहेको चल्ती खाता नं ००२००१०६४४१९१५००००१ मा जम्मा गरेको भौचर सहित निवेदन दिन हुन सबै शेयरधनीलाई संचालक समितिको मिति २०८२/४/९ को निर्णय अनुसार अन्तिम पटक हकप्रद शेयर खरिद गर्ने यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको ३५ दिन भित्र हालका शेयरधनीहरूले आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण (Renounce) गरी हकप्रद शेयर खरिद गरी लिन दिन चाहेमा माथी उल्लेखित भए बमोजिम शेयर वापतको सम्पूर्ण रकम बैंकमा जम्मा गरेको भौचर सहित कम्पनीमा निवेदन दिन सकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। यदी उक्त ३५ दिन भित्र हालका शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर खरिद गरी नलिई वा Renounce नगरी बाँकी रहन आएमा कम्पनीले प्रचलित ऐन, कानून बमोजिम त्यस्तो बाँकी शेयर लिलाम बढाबढ गरी तेस्रो पक्षलाई बिक्री गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

आज्ञाले
कम्पनी सचिव

पश्चिम चितवनका...

पृष्ठ १ बाट क्रमशः

क्षेत्रमा दिउँसो १२ देखि ३ बजेसम्म र राति ९ देखि १२ बजेसम्म विद्युत् कटौती गर्ने तालिका छ। लोडसेडिङ सुरु भएको भन्दै चौतर्फी विरोध भएपछि केन्द्रले केहीबेरमै उक्त सूचना भने हटाएको छ।

दिनमै ६ घण्टासम्म विद्युत् कटौती गर्नुपर्ने कारण भने विद्युत् उत्पादन कम भएर होइन। प्राधिकरणका अनुसार पूर्वाधार अभावले यस्तो अवस्था निम्तिएको हो। भरतपुर १३२/३३ केभी सबस्टेसनबाट आउने ३३ केभी डग कन्डक्टर तारको विद्युत् प्रवाह क्षमता ३०० एम्पियरसम्म मात्रै रहेकोमा अत्यधिक गर्मी र रोपाइँका लागि डिप बोरिङका कारण ४०० एम्पियरसम्म लोड बढ्दा धान्न नसक्ने अवस्था आएको चनौली वितरण केन्द्रले जनाएको छ। यो समस्या समाधानका लागि बसेन सब स्टेसनबाट विद्युत् आपूर्ति गर्ने गरी अघिल्लो आर्थिक वर्षदेखि नै अर्को ३३ केभी प्रसारणलाइन निर्माणमा रहेको पनि केन्द्रले जनाएको छ। तर, यसको काम ८० प्रतिशत मात्रै सकिएकाले तत्कालका लागि वर्षा भएर उपभोक्ताले विद्युत्को उपभोग नै नघटाएसम्म समस्या कायम रहने निश्चित छ।

चनौली वितरण केन्द्रका इन्जिनियर दिनेशकुमार कुसवाहले आइतबारका लागि तालिका सार्वजनिक गरिएको र तत्काल पानी परे कटौती गर्नु नपर्ने अवस्था पनि आउन सक्ने बताए। 'विद्युत्को माग बढेअनुसार आपूर्ति गर्न वितरण लाइनको क्षमताले नपुगेपछि स्थानीयले अघोषित रूपमा कटौती गर्नुभन्दा तालिका नै दिन आग्रह गर्नुभएको थियो। त्यसैअनुसार नै तालिका सार्वजनिक गरेका हौँ,' उनले भने, 'पूर्वाधारको क्षमताले पुगेको अवस्थामा सकेसम्म विद्युत् आपूर्ति हुन्छ, तत्काल पानी पर्‍यो भने कटौती गर्नुपर्दैन।' फेसबुकबाट सार्वजनिक तालिका हटाएको विषयमा भने आफू जानकार नरहेको कुसवाहले बताए।

अघोषित रूपमा यसअघि पनि पश्चिम चितवन क्षेत्रमा पटक-पटक विद्युत् कटौती गरिँदै आएको थियो। देशका अन्य ठाउँमा पनि विद्युत् अवरुद्ध हुने गरेका गुनासा आउने गरेका छन्। वर्षा हुनुपर्ने यो अवधिमा खडेरी पर्दा किसानहरूले डिप बोरिङको प्रयोग गरेर रोपाइँ तथा सिँचाइ गरेकाले विद्युत्को माग अत्यधिक छ। त्यस्तै, गर्मी बढ्दा घरायसी प्रयोगमा पनि विद्युत्को माग बढेको छ। उक्त मागलाई प्रसारणलाइनको क्षमताले नधान्दा समस्या निम्तिएको प्राधिकरणको भनाइ छ।

नेपालीबारे...

पृष्ठ १ बाट क्रमशः

नेपाली अधिकारीका अनुसार थाइल्यान्डमा करिब ८० हजारको संख्यामा नेपाली छन्। कम्बोडियामा बस्ने नेपालीको संख्या तीन हजारजति छ। सीमाक्षेत्रमा नेपाली नरहेको र अन्य भूभागमा रहेका नेपाली सुरक्षित रहेको अधिकारीहरू बताउँछन्।

शताब्दीऔँ पुराना प्रेअह विहेर र पौसात टामुएन थोम मन्दिरनजिकै झडप भएको छ। उनीहरूबिच लगातार रकेट तथा तोपगोलाको हमला भइरहेको छ। 'खमेर साम्राज्यसँग सम्बन्धित यी प्राचीन मन्दिरहरू दुवै देशबिच लामो समयदेखि चलिरहेको सीमाविवादका संवेदनशील विन्दु हुन्,' समाचार संस्था एएफपीले लेखेको छ।

बिहीबार सीमाक्षेत्रबाट थाइल्यान्डका करिब एक लाख ३० हजार तथा कम्बोडियाका ३० हजारभन्दा बढी नागरिक विस्थापित भएका छन्। समाचार संस्था एपीका अनुसार थाइल्यान्डमा २० र कम्बोडियामा १३ जनाको मृत्यु भएको छ। दुई महिनाअघि सीमाक्षेत्रमा मनमुटाव सुरु भएर भिडन्तको अवस्थामा पुगेको छ। त्यसवेला कम्बोडियाका एक सैनिक मारिएपछि भिडन्तको अवस्था उत्पन्न भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

दुई देशबिच पछिल्लो दशकको सबैभन्दा ठुलो सीमा समस्या हो। रोयटर्सका अनुसार दुवै पक्षले आत्मरक्षाका लागि गोली चलाएको प्रतिक्रिया दिएका छन्। कम्बोडियाले शनिबार युद्धविरामका लागि प्रस्ताव गरेको छ। संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले दुवै पक्षलाई भिडन्त रोक्न र संयमता अपनाउन अनुरोध गरेको छ।

शनिबार दुवै पक्षले पुष्टि गरेअनुसार थाइल्यान्डको तटीय ट्राट प्रान्त र कम्बोडियाको पुर्सात प्रान्तमा पछिल्लो झडप भएको छ। दुई देशबिच लामो समयदेखिको सीमा विवादबाट उत्पन्न भिडन्तको नयाँ मोर्चा बन्न पुगेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरु
१)	१) ऋणी फर्म: अनुस्का गल्ला भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता: विभा कुमारी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ९८१७/६३७, दर्ता मिति २०७७/०७/१६, ठेगाना: जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. ५	१) विभा कुमारी २) पारवती देवी ३) सुनिता देवी ४) जय प्रकाश पंडित ५) ओम प्रकाश पंडित
	२) ऋणी: जय प्रकाश पंडित स्थायी ठेगाना : रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ५, बाबु : शंकर पंडित, बाजे : नन्दलाल पंडित	१) विभा कुमारी २) पारवती देवी ३) सुनिता देवी ४) ओम प्रकाश पंडित

नोट: ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा प्रोप्राइटर/संचालकको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७७

■ महिला युरो- २०२५

उपाधिका लागि इंग्ल्यान्ड र स्पेन भिड्दै


सनसनीपूर्ण नतिजा निकाल्दै इंग्ल्यान्ड लगातार दोस्रो तथा स्पेन पहिलोपटक च्याम्पियन बन्ने दौडमा

फाइनल यात्रा

इंग्ल्यान्ड	स्पेन
१-२ फ्रान्स	५-० पोर्चुगल
४-० नेदरल्यान्ड्स	६-२ बेल्जियम
६-१ वेल्स	३-१ इटाली
क्वार्टरफाइनल	
२-२ (२-३) स्विडेन	२-० स्विट्जरल्यान्ड
सेमिफाइनल	
२-१ इटाली	१-० जर्मनी

हालसम्मका उपाधि विजेता

वर्ष	विजेता	उपविजेता
१९८४	स्विडेन	इंग्ल्यान्ड
१९८७	नर्वे	स्विडेन
१९८९	वेस्ट जर्मनी	नर्वे
१९९१	जर्मनी	नर्वे
१९९३	नर्वे	इटाली
१९९५	जर्मनी	स्विडेन
१९९७	जर्मनी	इटाली
२००१	जर्मनी	स्विडेन
२००५	जर्मनी	नर्वे
२००९	जर्मनी	इंग्ल्यान्ड
२०१३	जर्मनी	नर्वे
२०१७	नेदरल्यान्ड	डेनमार्क
२०२२	इंग्ल्यान्ड	जर्मनी



एजेन्सी

युरोपियन महिला युरो २०२५ को उपाधिका लागि आइतबार स्पेन र इंग्ल्यान्ड प्रतिस्पर्धा गर्दै छन् । स्विट्जरल्यान्डको बसेलस्थित सेन्ट जाकोप पार्कमा हुने फाइनलमा स्पेन ऐतिहासिक उपलब्धि हासिल गर्ने योजनामा छ । स्पेन पहिलोपटक फाइनलमा स्थान बनाएको हो । उसले सेमिफाइनलमा सर्वाधिक आठपटकको च्याम्पियन जर्मनीलाई हराएको थियो ।

सन् २०२३ मा विश्व च्याम्पियन भएको स्पेन लगातार दोस्रो ठुलो उपाधि उचाल्ने रणनीतिको साथ मैदान उत्रनेछ । स्पेनको लगातार उत्कृष्ट प्रदर्शनमा ऐटना बोनमती, एलेक्सिया पुटेलास, एस्थल गोन्जालेजजस्ता खेलाडीको साथ छ । गोन्जालेज चार गोल गर्दै उच्च गोलकर्ताको दौडमा अग्रभागमा छिन् ।

दुईपटक बालोन डी ओर जितेकी बोनमती युरोमा पनि दुईपटक प्लेयर अफ दी म्याच घोषित भएन । त्यसैले पनि स्पेनको मनोबल निकै उच्च छ । प्रतियोगितामा स्पेनको प्रदर्शन सुरुबाटै सानदार रह्यो । समूह 'बी'मा रहेको स्पेनले तीनमध्ये तीनै खेल जितेको थियो । जम्मा १४ गोल गर्न सफल हुँदा तीन गोल मात्रै व्यहोरेको हो ।

यता, इंग्ल्यान्ड लगातार दोस्रोपटक उपाधि उचाल्ने दाउमा छ । पछिल्लोपटक उसले सर्वाधिक सफल टोली जर्मनीलाई हराउँदै पहिलोपटक उपाधि जितेको थियो । टोली चौथोपटक फाइनलमा स्थान बनाएको हो । सेरिना विगम्यानको प्रशिक्षणमा इंग्ल्यान्डले पछिल्लो समय उत्कृष्ट प्रदर्शन गरिहेको छ ।

टोली क्वार्टरफाइनलमा स्विडेन र सेमिफाइनलमा इटालीविरुद्ध अविश्वसनीय जित निकाल्न सफल भएको थियो । टोलीका लागि मिचेल अग्येमाङ, क्लो केली, हान्ना ह्याम्प्टनलगायत खेलाडीले उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । समूह 'डी'मा रहेको इंग्ल्यान्ड भने उपविजेताको रूपमा नकआउट चरणमा स्थान बनाएको हो । टोलीले तीनमध्ये दुई खेल जितेको थियो ।

इंग्ल्यान्डकी प्रशिक्षक सेरिनाले विपक्षीलाई सम्मान गरेर खेल्ने बताइन् । उनले लगातार उपाधि जित्न तयार रहेको पनि सुनाइन् । 'हाम्रो फाइनल प्रतिद्वन्द्वी पनि निकै बलियो छ । हामीले उसलाई सम्मान गर्नुपर्छ,' सेरिनाले भनिन्, 'स्पेनिस खेलाडी अत्याधिक बल नियन्त्रणमा राख्छन् । हामीले त्यसलाई बुझेका छौं । हामी राम्रो प्रदर्शन गर्नेमा विश्वस्त छौं ।'

स्पेनका प्रशिक्षक मोन्टसे टोमले यात्रा निकै अविश्वसनीय रहेको बताउँदै इंग्ल्यान्डलाई नजिकबाट नियालेको बताएका छन् । 'यो यात्रा निकै अविश्वसनीय रहेको छ । खेलाडीको प्रदर्शनबाट निकै खुसी छु,' उनले भने, 'हामीले इंग्ल्यान्डको खेलनजिकैबाट हेरेका छौं । अध्ययन पनि गरेका छौं । उत्कृष्ट प्रदर्शन गर्नेमा आशावादी छु ।'

गोन्जालेजलाई मौका



सर्वाधिक गोलकर्ताको दौडमा स्पेनकी एस्थर गोन्जालेज रहेकी छिन् । अमेरिकी लिग खेलिरहेकी ३२ वर्षीया गोन्जालेजले चार गोल गरेकी छिन् । तीन गोल गर्ने खेलाडीमा इटालीकी क्रिस्टिएना गिरेली र स्विडेनकी स्टिना ब्याकस्टेनिअस छन् । यता, दुई गोल गर्नेमा इंग्ल्यान्डका चार, फ्रान्स र जर्मनीका तीन-तीन, स्पेनका समान दुई खेलाडी रहेका छन् ।

प्लेयर्स टु वाच

■ **ऐटना बोनमती (स्पेन)**

बार्सिलोनाकी स्ट्राइकर ऐटना बोनमतीले युरो २०२५ मा दुईपटक प्लेयर अफ दी म्याच अवार्ड पाइसकेकी छिन् । उनी नै फाइनल खेलमा सबैको नजरमा पर्नेछिन् । स्पेन र बार्सिलोनाबाट उत्कृष्ट प्रदर्शन गरिरहेकी बोनमतीले दुईपटक बालोन डी ओर अवार्ड जितिसकेकी छिन् । टोलीलाई सन् २०२३ मा विश्व च्याम्पियन बनाएकी बोनमती युरोको उपाधि पनि जिताउने अभियानमा छिन् । जर्मनीविरुद्धको महत्त्वपूर्ण सेमिफाइनलमा निर्णायक गोल गरेकी बोनमतीबाट स्पेनले ठुलो आशा गरेको छ ।

■ **क्लो केली (इंग्ल्यान्ड)**

१५ वर्षदेखि इंग्ल्यान्डको विभिन्न उमेर समूहबाट खेल्दै आएकी क्लो केलीले सिनियर टिमबाट मात्रै ५८ खेल खेलिसकेकी छिन् । लन्डनकी २७ वर्षीय फरवार्डका लागि यो सुनौलो अवसर रहेको छ । इंग्ल्यान्डलाई लगातार दोस्रोपटक युरोको फाइनलमा पुऱ्याउन सफल भइन् । अब, उनको एउटै सपना दोस्रोपटक उपाधि जित्ने हो । त्यसैले पनि केलीमाथि प्रशिक्षक सेरिनासहित पूरा इंग्ल्यान्डले आशा र भरोसा गरेको छ । क्लो केलीकै उत्कृष्ट प्रदर्शनमा इंग्ल्यान्डले सेमिफाइनलमा इटालीसँग अविश्वसनीय कमब्याक गरेको थियो ।



■ दोस्रो एनपिएल

मिनी अक्सनमा ४ सय ५८ खेलाडी



नयाँ पत्रिका

नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो सिजनको मिनी अक्सनका लागि चार सय ५८ जना नेपाली क्रिकेट खेलाडीले नाम दर्ता गराएका छन् । नेपाल क्रिकेट संघ (क्यानले पहिलोपटक मिनी अक्सन २४ साउनमा आयोजना गर्ने घोषणा गरेको हो । पहिलो एनपिएलमा सबै टिमले ११ जनासम्म खेलाडी सीधै खरिद गरेका थिए ।

यसपटक क्यानले एक अनिवार्य मार्कीसहित ६ खेलाडी रिटेन गर्न पाउने मापदण्ड बनाएको थियो । सोहीअनुसार आठ टिमले ५६ खेलाडी रिटेन गरेका छन् । अब, सहभागी टिमले रिटेन नगरेका खेलाडीको मूल्यबराबर अरू खेलाडी किन्न पाउनेछन् ।



मल्ल देसाई

कर्णाली याक्सले नेपाली प्रशिक्षक ज्ञानेन्द्र मल्ललाई निरन्तरता दिँदा काठमाडौंले नयाँ प्रशिक्षक मोन्टी देसाईलाई अनुबन्ध गरेको छ । अन्य ६ टिमले प्रशिक्षक सार्वजनिक गर्न बाँकी नै छ ।

यसअघि अक्सनका लागि क्यानले जुलाई १२ देखि २२ खेलाडी दर्ता खुलाएको थियो । अब, यो सिजनको मिनी अक्सनमा सहभागी आठ टोलीले ५ देखि ६ खेलाडी टोलीमा आबद्ध गर्नेछन् ।

दर्ता भएका सम्पूर्ण खेलाडीहरूको विवरण एनपिएलमा सहभागी ८ फ्रेन्चाइज टोलीहरूलाई उपलब्ध गराई प्राविधिक समितिले तयार गरेको मापदण्ड र फ्रेन्चाइज टोलीले इच्छ्याएका खेलाडीको सूचीबाट अक्सनमा सहभागी हुने खेलाडीहरूको अन्तिम नामावली प्रकाशन गरिने क्यानका प्रवक्ता छुम्बी लामाले जनाएका छन् ।

क्यानले दोस्रो सिजनको एनपिएल आगामी नोभेम्बरमा गर्ने तयारी गरिरहेको छ । त्यसका लागि सहभागी टोलीले तयारी तीव्र बनाएका छन् । कर्णाली याक्सले नेपाली प्रशिक्षक ज्ञानेन्द्र मल्ललाई निरन्तरता दिँदा काठमाडौंले नयाँ प्रशिक्षक मोन्टी देसाईलाई अनुबन्ध गरेको छ । अन्य ६ टिमले प्रशिक्षक सार्वजनिक गर्न बाँकी नै छ । यसपटक एनपिएल कीर्तिपुरस्थित पुनर्निर्माण भएको मैदानमा हुनेछ । क्यानले रातको समय फ्लडलाइटमा प्रतियोगिता गर्ने तयारी थालेको छ ।

खेल संक्षेप

टेनिस संघमा मनोहर दास निर्विरोध



काठमाडौं/ मनोहर दास मूल नेपाल टेनिस संघको ११औं विशेष साधारणसभा तथा निर्वाचनबाट आगामी चार वर्षका लागि अध्यक्षमा निर्विरोध चयन भएका छन् । शनिबार मूलको अध्यक्षतामा १७ सदस्यीय केन्द्रीय कार्यसमिति पनि निर्विरोध नै चयन भए । मूल यसअघि नेपाल टेनिस संघ, तदर्थ समितिका संयोजक थिए । संयोजकअघि महासचिवको जिम्मेवारीमा पनि थिए । तर, यो निर्वाचनसँगै टेनिस संघ पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय विवादमा प्रवेश गरेको छ । सरकारलले मूललाई मान्यता दिँदा ओलम्पिकले ज्योति रानालाई मान्यता दिएको छ । यसअघिका पौडी, कुस्ती, उसु, ब्याडमिन्डन, टेबल टेनिस संघ यही विवादले अझै समाधान पाएको छैन । कुपन्डोलस्थित होटेल हिमालयमा भएको साधारणसभाको युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले उद्घाटन गरेका थिए । यता, उपाध्यक्षमा दिनेश तुलाधर, विनोद कायस्थ र राजु श्रेष्ठ चुनिए । महासचिवमा निरेशबहादुर श्रेष्ठ, सचिवमा अजय विष्ट र कोषाध्यक्षमा जयजीव हाडा रहेका छन् । सदस्यमा विष्णुबहादुर थापा, प्रीति बराल, गोपालप्रसाद ज्ञवाली, अशोक गुरुङ, प्रवीण वैद्य, रविन प्रधान, गोकुल श्रेष्ठ, कवीन्द्र पन्त, निशान्तकुमार लामिछाने र सुन्दरबहादुर केसी छन् ।

अन्तरविद्यालय पौडी सुरु

काठमाडौं/ नेपाल पौडी संघको आयोजनामा उमेर समूहको प्रथम अन्तरविद्यालय पौडी प्रतियोगिता शनिबारदेखि सुरु भएको छ । सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसद्को परिसरमा दुईदिने प्रतियोगितामा दुई सय ५० खेलाडीको सहभागिता रहेको छ । प्रतियोगिताले विद्यालय तहमा पौडी खेलको विकासमा सहयोग पुग्ने विश्वास रहेको संघका सदस्य एवं प्रतियोगिता संयोजक मुखिया लामाले बताए । पहिलो दिन २६ स्पर्धाको फाइनल भयो । पहिलो दिन भएका स्पर्धाका विजयी खेलाडीलाई नेपाल पौडी संघका अध्यक्ष जगतमान श्रेष्ठ, प्रतियोगिता संयोजक मुखिया लामा र मातृका अस्पतालका प्रबन्ध निर्देशक सोना प्रधानलगायतले पुरस्कार प्रदान गरे । प्रमुख अतिथि राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले उद्घाटन गरे । घिसिङले पौडीको विकास-विस्तारमा विद्यालय र अभिभावकको महत्त्वपूर्ण भूमिका रहेको बताए ।

नेपाली टोलीलाई डाना कप

काठमाडौं/ नेपाली टोलीले डाना कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । डेनमार्कमा भएको प्रतियोगितामा एजी १० फुटबल एकेडेमी, गोल्स फुटबल एकेडेमी र नेपाल फुटबल एकेडेमीको संयुक्त यू-१४ टोलीले उपाधि जितेको हो । उक्त टोलीले फाइनलमा केन्याको इलाइट सकर एकेडेमीलाई ३-० गोलले पराजित गऱ्यो । विजयी टिमका लागि रिहान बुढामगर, नोआ राई र अरणिस गुप्ताले समान १ गोल गरेका थिए ।

रोड्रिगो मियामीमा

एजेन्सी/ अमेरिकी क्लब इन्टर मियामीले अर्जेन्टिनी स्टार मिडफिल्डर रोड्रिगो डी पाउललाई अनुबन्ध गरेको छ । शनिबार मेजर लिग सकर (एमएलएस)को क्लब मियामीले डी पउललाई स्पेनिस क्बल एटलेटिको मड्रिडबाट लोनमा भित्र्याएको हो । मियामीसँग उनलाई आगामी सिजन स्थायी खेलाडी बनाउने विकल्प पनि रहनेछ । रोड्रिगो सन् २०२१ मा इटालियन क्बल युडिनेसबाट एट्लेटिको पुगेका थिए । उनले क्लबका लागि १३४ स्पेनिस ला लिगा खेलमा ११ गोल गरे । हाल मियामीमा अर्जेन्टिनी कप्तान लियोनल मेसी पनि रहेका छन् ।

एसिया कपमा भारत र पाकिस्तान भेट पक्का

एजेन्सी/ एसियाली क्रिकेट परिषद् (एसिसी)ले १७औं संस्करणको पुरुष एसिया कपको तालिका सार्वजनिक गर्दा चिरपरिचित प्रतिद्वन्द्वी भारत र पाकिस्तानको भेट पक्का भएको छ । संयुक्त अरब इमिरेट्स (युएई)मा हुने प्रतियोगिता आगामी सेप्टेम्बर ९ देखि २८ सम्म टी-२० फर्म्याटमा हुनेछ ।



यसअघि प्रतियोगिता भारतमा हुने तय भए पनि पाकिस्तान भारत जान तयार भएन । यसअघि च्याम्पियन्स ट्रफीमा भारत पनि पाकिस्तान जान तयार भएको थिएन ।

दुई प्रतिद्वन्द्वी भारत र पाकिस्तानलाई समूह 'ए'मा राखिएको छ । यी दुईबिचको खेल १४ सेप्टेम्बरमा हुनेछ । यो समूहमा ओमान र आयोजक युएई पनि छन । समूह 'बी'मा बंगलादेश, अफगानिस्तान, श्रीलंका र हङकङ छन् । सेप्टेम्बर ९ मा हुने उद्घाटन खेलमा बंगलादेश र हङकङ प्रतिस्पर्धा गर्नेछन् । समूह चरणपछि हरेक समूहका शीर्ष दुई टोली सुपर फोरमा पुग्नेछन् । फाइनल खेल सेप्टेम्बर २८ मा हुनेछ । भारत एसिया कपको डिफेन्डिङ च्याम्पियन हो, जसले २०२३ को संस्करणमा श्रीलंकालाई फाइनलमा पराजित गरेको थियो ।

■ एसियाली पारा तेक्वान्दो

पलेशासहित पाँच खेलाडीले प्रतिस्पर्धा गर्ने

नयाँ पत्रिका



पेरिस पारालम्पिक तथा चौथो एसियाली पारा खेलकुदकी ऐतिहासिक कांस्य विजेता पलेशा गोवर्धनसहित पाँचजना खेलाडीले दर्शौं एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप (जि ४) खेल्ने भएका छन् । नेपालबाट पाँचजना खेलाडीसहित सात सदस्यीय टोली सहभागी हुने भएको प्रशिक्षक कविराज नेगी लामाले नयाँ पत्रिकालाई बताएका छन् ।

चीनमा उच्च शिक्षा हासिल गरिरहेकी पलेशा उतैबाट मलेसिया पुग्ने पनि प्रशिक्षक लामाले बताए । प्रशिक्षक लामाले यसपटक पनि नेपालले पदक ल्याउने दाबी गरेका छन् । यसपटक रेणुमा धेरै सम्भावना रहेको पनि उनले खुलाए ।

टोलीलाई शनिबार काठमाडौं जिल्ला तेक्वान्दो संघले बिदाइ गरेको छ । मलेसियाको कुचिङमा हुने प्रतियोगितामा पाँचै नेपाली खेलाडीले साउन १६ गते प्रतिस्पर्धा गर्ने तालिका छ । टोली साउन १३ गते मलेसिया जानेछ ।

पाँचै खेलाडीले के-४४ क्याटेगोरीअन्तर्गत विभिन्न तौलसमूहमा नेपालको चुनौती प्रस्तुत गर्नेछन् । पुरुष ५८ केजीमुनि ओलम्पियन भरतसिंह महता तथा ६३ केजीमुनि अमिर भ्लोनले प्रतिस्पर्धा गर्नेछन् । महिला ५७ केजीमुनि पलेशा तथा ४७ केजीमुनि कामना प्रसाईं र रेणु तामाङले खेल्नेछन् ।

व्यवस्थापकमा रामचन्द्र श्रेष्ठ रहेका छन् । प्रशिक्षक लामाले वरीयता सुधार गर्न प्रतियोगता महत्त्वपूर्ण भएको बताए । नेपालले सुरुको संस्करणदेखि निरन्तर प्रतियोगितामा सहभागिता जनाउँदै आएको छ । हालसम्म नेपालले १ रजत र ५ गरी ६ पदक जितेको छ । रञ्जना धामीले रजत र कांस्य जितेकी छिन् । पलेशा, अरुण शाक्य, सीता भण्डारी र रोहित हाङ राईले कांस्य पदक प्राप्त गरेका छन् ।

टोलीलाई नेपाल च्याम्बर अफ कमर्सअन्तर्गत शिक्षा तथा खेलकुद समितिका अध्यक्ष रूपक राजवंशी र उपाध्यक्ष सुनिता सिंह, काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गीलगायतले ठमेलमा आयोजित एक कार्यक्रमबिच बिदाइ गरे । अध्यक्ष राजवंशीले टोलीलाई प्रोत्साहनस्वरूप ५० हजार नगद प्रदान गर्ने घोषणा गरे ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।


नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।


बसन्त राज कुँवर
रिहयाब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा


पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट

यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com